# शिक्षक

मूल्य रु २५/-

संयुक्ताङ्क असार २०६५



धार्मिक शिक्षालाई सहुलियत




## 'जनवादी शिक्षा'

# रहर र चुनौती

रातो बङ्गला फाउन्डेसनको सन्देश

# पढेर सुनाउँदा पुग्ने १० फाइदाहरू



गोल्मादेवी प्रा.वि., लामीडाँडा, काभ्रे

१. विद्यार्थीहरूलाई सानैदेखि पढेर सुनाउने गरियो भने उनीहरूमा पढ्ने बानी बस्नाका साथै पठनशक्तिमा निखार आउँछ ।

२. विद्यार्थीहरूको सामान्य ज्ञानको पनि अभिवृद्धि हुन्छ ।

३. विद्यार्थीहरूलाई छलफल र सिर्जनात्मक क्रियाकलापमा सहभागी हुने मौका मिल्छ ।

४. विद्यार्थीहरूमा सिर्जनात्मक लेखनशैलीको राम्रो विकास हुन्छ ।

५. विद्यार्थीहरूले कथाका बारेमा विशेष जानकारी पाउनाका साथै आफूले पनि त्यसै गरी रचना गर्ने सीप सिक्छन् ।

६. विद्यार्थीहरूले लेख्यभाषा र अभिव्यक्तिका विविध शैलीहरू सिक्छन् ।

७. विद्यार्थीहरूले स्तरीय भाषाको अनुभूत गर्न सक्छन् ।

८. विद्यार्थीहरूले वाक्यको जटिल बनोटका बारेमा थाहा पाउँछन् ।

९. विद्यार्थीहरूको शब्दभण्डार फराकिलो हुन्छ ।

१०. विद्यार्थीहरूलाई विद्यालयको समयमा खुसीको अवसर ल्याउँछ ।



रातो बङ्गला फाउन्डेसन
पो.ब.नं. २०२, पाटनढोका, ललितपुर ।
फोन नं. ५५२२६१४, ५५३४३१८, ५५४२०४५, फ्याक्स : ५५४७६१८ email: rbs@mos.com.np

RBF

शिक्षक मासिक असार २०६५ SHIKSHAK Monthly June 2008

## पाचौं अङ्क




माओवादी स्कूलमा पढाइ हुने कक्षा १ को *हाम्रो किताब* को पृष्ठ ५५ को पाठ

हिमाल एसोसिएसनका लागि
**बसन्त थापा**द्वारा सम्पादित
तथा प्रकाशित

सल्लाहकार सम्पादक
**केदार शर्मा**

सहायक सम्पादक
**सुदर्शन घिमिरे**
विशेष सम्वाददाता
**बाबुराम विश्वकर्मा**

**सम्पर्क:**
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
**पो.ब.नं. १६६, ललितपुर**
फोन: ५५४३२५२/५५४२५४४
फ्याक्स: ५५४११९६
इमेल: mail@teacher.org.np
वेब: www.teacher.org.np

पत्रिका प्राप्ति तथा
बिक्री-वितरणसम्बन्धी
सोधखोजका निम्ति
**अशु कोइराला**

**मुद्रण:**
जगदम्बा प्रेस
हात्तीवन, ललितपुर



# शिक्षामा 'जनवाद' होइन, सुधार

आफ्नो चुनावी घोषणापत्रमा 'जनवादी शिक्षा'को 'ज' पनि उल्लेख नगरेका माओवादीले यसलाई भाषणमा मात्र सीमित राखेको छ। उनीहरूकै आँखाबाट हेर्दा पनि आजको अवस्थामा 'जनवादी शिक्षा' निकै टाढाको विषय बन्न गएको देखिन्छ। शिक्षामा 'आमूल परिवर्तन'को नारा दिने गरेको भए पनि परिवर्तनको स्पष्ट खाका र कार्यक्रम प्रस्तुत गरिएको छैन। वस्तुगत यथार्थ पनि शिक्षामा क्रमशः सुधार गरेर जानुको विकल्प छैन।

**आवरण | २२**



## जनवादी शिक्षा
## कति लिने, कति दिने ?

उत्तर कोरियाले किम इल सुङ र तिनकै मतियारहरूको जयजयकार गऱ्यो। यस अर्थमा राजारानी पुज्ने पञ्चायतकालीन शिक्षा र माओ, लेनिन, मार्क्स तथा प्रचण्ड पुज्ने युद्धकालीन माओवादी शिक्षामा भिन्नता के ?

**आवरण विचार | ३५**

| | |
|---|---|
| हेराइ बुझाइ | ३ |
| प्रतिक्रिया र सुझाव | ४ |
| शिक्षकलाई समाचार | ७ |
| धार्मिक शिक्षा: **राहतको सुरूआत** | ८ |
| रिपोर्ट काज शिक्षक: **सोर्स लायो, शहर बस्यो** | १४ |
| रिपोर्ट दलितमा शिक्षा: **आसलाग्दो उपलब्धि** | २० |
| आवरण रिपोर्ट: **स्कूल 'जनवादी', पढाइ माओवादी** | ३० |
| आवरण अन्तर्वार्ता: **अग्निप्रसाद सापकोटा** | ३२ |
| आवरण विचार: **सरकारी विद्यालय: अभिभावकले...** | ३९ |
| चिन्तन: **शिक्षक नै पाठ्यपुस्तक** | ४३ |
| बहस/नि:शुल्क शिक्षा: **सकिन्छ, गर्नुपर्छ** | ४४ |
| बहस/नि:शुल्क शिक्षा: **जनताका आँखामा छारो** | ४८ |
| संस्मरण: **अध्यक्षका छोरी पढाउने प्रस्ताव** | ५२ |
| व्यक्तित्व: **आफैंलाई बिर्सिएर पढाइरहे** | ५८ |
| प्रार्थना: **एउटा राम्रो प्रार्थना** | ६० |
| कक्षा कोठा: **खेलमार्फत गणित शिक्षण** | ६२ |

# अकर्मण्यताको पराकाष्ठा

पाठ्यपुस्तक छापेर समयमै वितरण गर्न सरकार र यसका निकायहरू लज्जास्पद ढङ्गबाट असफल हुँदा शैक्षिक सत्र शुरु भएको तीन महिना बित्न लाग्दासम्म पनि सार्वजनिक विद्यालयमा पठन-पाठन सुचारु हुनसकेको छैन। परिणामत: विद्यार्थीको दशौं लाख कक्षा-घण्टा बराबरको पढाइ बर्बाद भएको छ। पुस्तक अनुपलब्धताकै कारण 'सबैका लागि शिक्षा' को सहस्राब्दी लक्ष्य हासिल गर्न विशेष अभियान सञ्चालन गरी पहिलो पटक स्कूलको ढोकासम्म पुऱ्याइएका बालबालिकाका निम्ति विद्यालय र शिक्षा भन्ने कुरा प्रारम्भमै विकर्षणका विषय बन्न पुगेका छन्। देशका लाखौं शिक्षक र शिक्षाका संयन्त्रहरूले आ-आफ्नो कर्तव्य निर्वाह गर्न नपाउँदा, तिनका निम्ति लगानी भइरहेको राष्ट्रको अर्बौं धनराशी व्यर्थमा खेर गएको छ।

यो अवस्था जे जस्तो कारण तथा जुन कुनै निकाय र पदाधिकारीको अकर्मण्यताबाट उत्पन्न भएको भए पनि यो अत्यन्त गम्भीर र अक्षम्य गल्ती वा अपराध हो भन्ने कुरामा द्विविधा छैन। तसर्थ समयमा पाठ्यपुस्तकको उपलब्धता सुनिश्चित गर्न असफल सबै निकाय तथा तिनका पदाधिकारीहरूमाथि न्यायिक छानबिन गरी दोषीलाई कठोर भन्दा पनि कठोर कानूनी दण्ड दिइनुपर्छ। देशका सबै बालबालिकामा शिक्षाको उज्यालो पुऱ्याउने र विद्यालय शिक्षाको स्तरोन्नति गर्ने राष्ट्रिय खाँचो पूर्तिका निम्ति समेत पाठ्यपुस्तकको अभावका लागि जिम्मेवार अधिकारीहरूलाई कारबाही गर्नु जरुरी छ। अन्यथा, लापर्वाही, ढिलासुस्ती, भ्रष्टाचार र गैर जिम्मेवारीपनाले निरन्तरता पाइरहने खतरा हुन्छ।

पाठ्यपुस्तक आई नपुगेकै बहानामा कक्षा खाली गरी हात बाँधेर बस्ने तथा विद्यार्थीलाई तोडफोडमा लाग्न समेत प्रेरित गर्ने कतिपय शिक्षकहरूको गैरजिम्मेवार व्यवहार पनि उत्तिकै निन्दनीय छ। पाठ्यक्रमसँग परिचित शिक्षकले अलिकति मेहनत गर्दा विद्यार्थीलाई महिनौंसम्म पढाउन सक्ने वैकल्पिक उपाय फेला पार्न कठिन हुँदैन। यथार्थमा एउटा योग्य शिक्षकले पाठ्यपुस्तक हैन पाठ्यक्रमका भरमा पढाउन आफूलाई सक्षम तुल्याउनु पर्छ। यसर्थ, बितेका तीन महिनादेखि पुस्तक अभावको निहुँमा विद्यार्थीहरूद्वारा देशका विभिन्न भागमा भएका तोडफोड, अशिष्ट व्यवहार र आफ्नै अकर्मण्यताप्रति शिक्षक समुदायले आत्मालोचना गर्नुपर्छ।

दुर्गम भेगका विद्यार्थीले विगतमा पनि पाठ्यपुस्तक अभावको



उमेश्वरकृष्ण श्रेष्ठ

समस्या भोग्दै आएका थिए। कतिपय विकट ठाउँका विद्यार्थीले पढाइ शुरु भएको ६-७ महिना पछिसम्म पनि सबै पुस्तक पाइसकेका हुँदैनथे। सुगम मात्रै हैन, राजधानीमा समेत पुस्तक आपूर्ति हुन नसकेको यस पटकको पराकाष्ठाले पाठ्यक्रम र पाठ्यपुस्तक व्यवस्थापनको राष्ट्रिय जिम्मेवारी वहन गरेर बसेका सरकारी निकायहरूको कमजोरी उदाङ्ग पारिदिएको छ। अहिलेकै पद्धति र व्यवहारलाई निरन्तरता दिनु झन् अरू गम्भीर सङ्कटको प्रार्थना गर्नु सरह हुन्छ। यसर्थ, फटाफट हिँड्न नसक्नेले अरूलाई बाटो खाली गरिदिए झैं, पाठ्यक्रम र पाठ्यपुस्तकको निर्माण तथा उत्पादनको जिम्मेवारी लिएका निकायहरूले पनि आ-आफ्नो कमजोरी स्वीकार गरी अन्य संस्था वा पक्षहरूलाई अघि बढ्ने बाटो खुला गरिदिनुपर्छ। यो सन्दर्भमा, सरकारी नोकरशाहीतन्त्रको चङ्गुलमा फसेको जनक शिक्षा सामग्री केन्द्रलाई पुस्तक उत्पादन गर्ने एकाधिकारयुक्त जिम्मेवारी दिइरहनुको औचित्य बाँकी छैन। पाठ्यपुस्तकको पाण्डुलिपि समयमा उपलब्ध गराउन नसक्ने पाठ्यक्रम विकास केन्द्रको अविलम्ब पुनर्संरचना गरी अक्षमको स्थानमा सक्षम र ऊर्जाशील विज्ञहरूलाई मौका दिइनु जरुरी छ। तर, यो सबै गर्न स्वयं शिक्षा मन्त्रालयमा जिम्मेवारी बोकेर बसेका अकर्मण्य पदाधिकारीहरूलाई दण्डित गरी सक्षम र कर्तव्य निष्ठहरूलाई स्थापित गर्नुको विकल्प छैन। ■



'विद्यालयमा विद्यार्थीलाई दिइने शारीरिक सजायलाई पुनः व्याख्या गरौं र त्यसलाई शिक्षकमा प्रयोग गरेर हेरौं ।'

| पी. जे. ओरके

'शिक्षकले चक र चुनौतीको उपयुक्त सम्मिश्रणबाट जीवन नै बदल्न सक्छ ।'

| जोयस ए मायर्स

'एउटा बच्चालाई पढाउनुको अर्थ उसलाई शिक्षक विना एक्लै हिंड्न सक्षम बनाउनु हो ।'

| अलब्रट हुब्बार्ड

'म शिक्षक होइन बरू एउटा सचेतक/ व्युँझाउने व्यक्ति हुँ ।'

| रोबर्ट फ्रोस्ट

मूल्याङ्कन भनेको निरीक्षण गर्ने, सूचना सङ्कलन गर्ने र तिनको आधारमा निर्णय गर्ने विधि हो । विद्यालय तथा कक्षाकोठामा विद्यार्थीहरूको मूल्याङ्कन बरोबर गरिरहनुपर्छ । बालबालिकाले के जान्दछन्, के के बुझ्दछन् ? के के गर्न सक्दछन् ? भन्ने विषयमा बरोबर शिक्षकले निरीक्षण गरिरहनुपर्छ । र, यो कार्य दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक आदि वर्षमा धेरै पटक गर्नुपर्छ । बरोबर मूल्याङ्कन गर्दा बाल–बालिकालाई सफल हुने अवसर प्राप्त हुन्छ । शिक्षकलाई पनि बालबालिकाको आवश्यकता अनुसार पाठयोजना बनाउन र सिकाउन सहयोग पुग्छ जसले गर्दा सबै बालबालिकालाई सफल हुने मौका मिल्दछ ।

| समाहित शिक्षा स्रोत पुस्तिका, २०६४

## नागरिक हुनुको मज्जा !

■ किरण पाण्डे



दुई पटक राजा भएर दुवै पटक गद्दी त्याग गर्न बाध्य ज्ञानेन्द्र शाह २९ जेठ २०६५ को साँझ नारायणहिटी दरबारमा पत्रकारसामु ।

# प्रतिक्रिया र सुझाव

## यात्रा अनन्त रहोस्

*शिक्षक* का चारै अङ्क समग्रमा पठनीय रहे। *शिक्षक* शैक्षिक मुद्दाको राजमार्ग ठम्याउने पारदर्शी दर्पण बन्न सक्छ। राज्यले सबैभन्दा बढी स्रोत खर्चिएको शिक्षा क्षेत्रको प्रतिफल न्यून छ। शिक्षा प्रशासन भ्रष्ट छ। हाम्रा सरकारी शिक्षकमा कर्तव्यपरायणता, दायित्वबोध, नैतिकता र स्वाभिमान अत्यन्त न्यून भेटिन्छ। सरकार केही वर्षदेखि सामुदायिकीकरणको सुगारटाइमा छ। विद्यालय हस्तान्तरणका न्यायोचित र विवेकपूर्ण आधार, प्रस्ट नीति तथा यथेष्ट कानूनको व्यवस्था अझैसम्म हुनसकेको छैन। विद्यालय निरीक्षकहरूको क्रियाशीलता इतिहास सावित भइसक्यो। शिक्षामा खै कानून? खै कार्यान्वयन? खै प्रतिबद्धता? खै दण्ड? खै प्रोत्साहन? यथार्थमा विद्यालयहरूलाई अधिकारप्राप्त र नेतृत्वदायी क्षमता भएका प्रधानाध्यापकहरूको खाँचो छ। जागरूक र सचेत अभिभावकको पनि उत्तिकै महत्त्व छ।

*शिक्षक* ले विद्यालयीय शिक्षाको अगुवा बन्नुपर्छ। खबरदारी गरिरहनुपर्छ शिक्षा क्षेत्रलाई। न्यून दरबन्दी, गए-गुज्रेको भौतिक संरचना, न्यूनतम योग्यताका शिक्षक; विद्यार्थीको सिकाइ उपलब्धि जस्ता सवालमा *शिक्षक* ले बहस चलाउनै पर्छ। *शिक्षक* को खुराकप्रति म अनुगृहीत छु। यो यात्रा अविछिन्न र अनन्त रहोस्। *शिक्षक* राजधानी मात्र हैन, देशका पचहत्तरै जिल्लाका समस्या र त्यसका समाधान लिएर कुनाकन्दरामा पुगोस्!




**तारानाथ नेपाल (प्राथमिक शिक्षक)**
**श्री क्रिर्पू उच्च मावि, सिन्धुपाल्चोक**










## उत्तर चाहियो

सरकारले सन् २००९ सम्ममा देशका सम्पूर्ण सार्वजनिक विद्यालय (शिक्षा सातौं संशोधन ऐन २०५८ अनुसार 'सामुदायिक') समुदायमा हस्तान्तरण गर्ने नीति बनाएको देखिन्छ। हामीलाई लाग्छ, यो नीति सम्पूर्ण शिक्षकहरूको विरूद्धमा छ। हामी शिक्षकहरू निम्न कुराहरूमा प्रस्ट हुन नसकेका कारण *शिक्षक* मासिकमार्फत आफ्ना जिज्ञासा सार्वजनिक गरेका छौं।

- शिक्षक, विद्यार्थी र अभिभावकको त्रिकोणात्मक सम्बन्धबाट विद्यालय सञ्चालन हुन्छ। त्यसमा शिक्षकको भूमिका अहम् हुन्छ। तर विद्यालय समुदायमा हस्तान्तरण गर्ने सम्बन्धमा हालसम्म ने.रा.शि.सं./अ.ने.शि.सं. (क्रान्तिकारी); युनियन जस्ता शिक्षकका सङ्गठनहरूसँग सरकारले किन एकपटक पनि छलफल गर्न जरुरी नठानेको?
- पैसाको थैलो देखाएर पनि जम्मा किन चार हजार चार सय विद्यालय (प्राविको सङ्ख्या बढी छ) मात्रै समुदायमा हस्तान्तरण भए?

# शैक्षिक लगानी: केही अहम् प्रश्न

*शिक्षक* चौथो अङ्कमा शिक्षा विभागका उपनिर्देशक हरि लम्साल र शिक्षाविद् डा. विद्यानाथ कोइरालाका विचार 'शैक्षिक लगानी' पढिसकेपछि त्यसै सन्दर्भमा केही लेख्न मन लाग्यो। शैक्षिक लगानीमा व्यक्ति वा सरकारमध्ये कसको कस्तो दायित्व रहन्छ भन्ने किटानी बिना लगानी यस्तो हुनुपर्छ भनिहाल्न सान्दर्भिक हुँदैन। लगानीको कुरा गर्दा आर्थिक लगानीको मात्र चर्चा हुनु पनि अपर्याप्त हुन्छ। शिक्षा पाउनु मौलिक अधिकार भइसकेपछि यसको उचित व्यवस्थापन र कार्यान्वयनमा राज्य जिम्मेवार त हुनै पर्छ। यसको अर्थ समुदायलाई भूमिकाविहीन बनाउने भन्ने होइन। स्तरीय शिक्षाको लागि उचित वातावरण बनाउन समुदायको भूमिका अति नै महत्त्वपूर्ण हुने मेरो अनुभव रहेको छ। तसर्थ अब हुने शैक्षिक लगानी किटान गर्नुअघि हालसम्मका अनुभव, सफलता अनि असफलताको मिहिन अध्ययन र विश्लेषण गर्नु आवश्यक छ। शिक्षाको कुन उद्देश्य प्राप्तिका लागि कसरी अघि बढ्ने भन्ने स्पष्ट दृष्टिकोण बिना गरिने कुनै पनि सूत्रात्मक लगानी उपलब्धिमूलक हुन्छ भनेर ठोकुवा गर्न सकिँदैन। त्यसैले, अब शैक्षिक लगानीको नीति बनाउनु अघि;

- कस्तो शिक्षा पद्धति अपनाउने?
- विद्यालय शिक्षा प्रणालीमा कसरी एकरूपता ल्याउने?
- भावी विद्यालय शिक्षालाई कस्तो बनाउने?
- हालसम्म विद्यमान दरबन्दीका अस्थायी, राहत, निजी शिक्षक र कर्मचारीहरूको भविष्य कसरी सुनिश्चित गर्ने?
- विद्यालयमा शिक्षक दरबन्दी निर्धारण विद्यार्थी सङ्ख्याको परम्परागत आधारमा गर्ने वा विद्यालय पुग्न लाग्ने समयका आधारमा?
- संविधानको आधारमा एउटै जिल्लालाई भिन्न-भिन्न रूपमा स्तरीकरण गरेर थप सुविधा दिई सबै क्षेत्रमा सबै शिक्षक पुग्ने वातावरण बनाउने वा पहुँचका आधारमा सुविधायुक्त क्षेत्रमा पुग्ने होडबाजीलाई निरन्तरता दिने?
- प्रधानाध्यापकको नियुक्ति प्रतिस्पर्धाको आधारमा गर्ने वा विगतकै पद्धतिलाई निरन्तरता दिने?
- शिक्षण पेशालाई मर्यादित र आकर्षित बनाई प्रतिभाशाली व्यक्तिहरूलाई यस पेशामा आकर्षित गर्ने र 'रोजी'को पेशा बनाउने वा हालको झैं 'कामचलाउ' मानिसहरूको रोजगारीको क्षेत्र बनाउने?
- आर्थिक लगानीलाई मात्र लगानी भन्ने वा भौतिक र बौद्धिक योगदानको पनि कदर गर्ने?

माथि उल्लिखित केही यस्ता सवालहरू हुन् जसको किटानी बिना गरिने शैक्षिक लगानी जे-जस्ता भएपनि अन्योलपूर्ण हुने देखिन्छ। त्यसैगरी नयाँ नेपालको शैक्षिक नीति तर्जुमा गर्नुअघि:

- सुविधासम्पन्न विद्यालय र त्यसमा भएको लगानीबाट राज्य; अभिभावक र समाजले के कस्तो प्रतिफल पाएका छन् भन्ने

- हस्तान्तरण भएका विद्यालयका शिक्षकहरू के भन्छन् ? कुनै सर्भे भएको छ ?
- देशभर हजारौंका सङ्ख्यामा अस्थायी शिक्षक कार्यरत हुँदाहुँदै प्रक्रियामा लगेर स्थायी गर्न वार्षिक रूपमा आयोग खोल्नुको साटो शिक्षा आयोगलाई लाइसेन्स वितरण मात्रै गर्ने संस्थामा परिवर्तन गरेर, विद्यार्थीको टाउको गनेर पैसा दिने, राहत कोटा वितरण गरेर समस्याको कसरी निराकरण हुन्छ ?
- विद्यालयलाई समुदायमा हस्तान्तरण भइसकेपछि शिक्षकको तलब, सञ्चयकोष, उपदान, पेन्सन, उपचार खर्च व्यवस्थामा सरकारको प्रत्यक्ष दायित्व रहने छैन । शिक्षण पनि एउटा पेशा (जागिर ?) हो । पेशा सुरक्षित, स्वतन्त्र र मर्यादित छैन भने शिक्षाको विकास सम्भव छ ?
- देशभरका व्यवस्थापन समिति कुनै न कुनै राष्ट्रिय पार्टीको पकडमा छन् । तिनै समितिले शिक्षक नियुक्ति, बर्खास्त गर्दा धेरै शिक्षकले पेशाबाट हात धुनुपर्ने हुन्छ । यस्तो नीतिले शिक्षा क्षेत्र सुधिन्छ ? हामीले विज्ञ र सम्बन्धित अधिकारीहरूबाट ठोस उत्तरको अपेक्षा गरेका छौं । हाम्रा यी जिज्ञासा शान्त भइदिए हामी शिक्षकहरूले शिक्षण पेशा त्यागेर अन्यत्र नै लाग्नुपर्ने अवस्था आएको हो या हैन, बेलैमा सोच्ने अवसर मिल्ने थियो ।

**समस्त शिक्षकहरू**
**महादेव गुप्तेश्वर मावि**
**लुङरूपा, पाँचथर**

## राणाकालीन मानसिकता बाधक

*शिक्षक* को चौथो अङ्क (वैशाख २०६५) ले संविधानसभाले शिक्षालाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएको छ । तर राणाहरूले किन विद्यालय खोल्न दिँदैनथे भन्ने राम्ररी बुझेका नेपाली राजनेतामा विद्यमान अर्को राणा बन्ने महत्त्वाकाङ्क्षाले शिक्षालाई उच्च प्राथमिकतमा राख्न नदिएको हो । त्यसैले पनि उनीहरू न टोनी ब्लेयरको सम्पूर्ण प्राथमिकता शिक्षालाई भन्ने कुराबाट सिक्न सक्छन् न त नेपाली शिक्षाविद्हरूको शिक्षालाई उच्च प्राथमिकता दिनुपर्ने सल्लाह मान्न तयार छन् ।



आफ्नो पहिलो पाठशाला (घर) मा थप्पड, गालीगलौज र छडीबीच हुर्केको बालकलाई 'व्यर्थ छ छडी' मानसिकताको शिक्षकले कसरी मार्गनिर्देश गर्ला ? यसको अर्थ कक्षाकोठामा छडी चाहिन्छ भन्ने होइन; बरू धैर्यवान, दृढनिश्चयी र अनुशासित शिक्षक हुनुपर्छ भन्ने हो ।


प्रा. कृष्ण खनाल एकातिर सरकारी विद्यालयको व्यवस्थापनमा राजनीतिक दलका कार्यकर्ता लाग्ने र विद्यालयलाई कार्यकर्ता भर्तीकेन्द्र बनाउने गरेको बताइरहनुभएको छ भने अर्कोतिर विद्यालयको व्यवस्थापन समुदायलाई नै दिनुपर्छ भनिराख्नुभएको छ । यो विरोधाभास भएन ? शिक्षक नियुक्ति, सरुवा र बढुवाको अधिकारसहित विद्यालयको व्यवस्थापन समुदायमा हस्तान्तरण गर्दा सरकारी विद्यालयको हालत के होला ?

बढ्दो सरकारी विदाले शिक्षा क्षेत्र चौपट भइसक्यो भन्ने कुरामा दुइमत नै छैन ।

**रमेश विकल, राम्जाकोट –८, तनहुँ**

कुराको लेखाजोखा हुनुपर्छ ।

- अस्थायी, राहत र कोटामा कार्यरत शिक्षक तथा कर्मचारीहरूले गरेको लगानीको प्रतिफल ती स्वयं र राज्य, विद्यार्थी तथा अभिभावकले के के पाए ? विश्लेषण हुनुपर्छ ।
- विपन्न अभिभावकले श्रम गरेर, बालबालिकालाई शैक्षिक सामग्री व्यवस्था गरेर तथा आफू आधापेट खाएर आफ्ना सन्तानलाई विद्यालय पठाएका छन् । तर के ती अभिभावकले त्यसको प्रतिफल आफ्ना सन्तानबाट पाउन सकेका छन् त ?
- शिक्षक तलब, पाठ्यपुस्तक, छात्रवृत्ति, शिक्षक तालिम, भौतिक सुधार आदिमा राष्ट्रिय बजेटको ठूलो हिस्सा खर्चिएको पाइन्छ तर त्यो लगानीले कति नागरिकले प्रतिफल पाए र राज्यले के पायो ?
- पेशाकर्मी शिक्षकमध्ये पहुँच हुनेले सदरमुकामका सुविधायुक्त विद्यालयमा अध्यापन गरी आफूले सकेको लगानी गरेका छन् । पहुँचविहीनहरू दुर्गम र विपन्न क्षेत्रमा लामो समयसम्म कार्य गरेर पनि बढुवा, वृत्ति-विकासका अवसरबाट वञ्चित र उपेक्षित छन् । यी दुवैको लगानी के हो ? परिभाषित गरिनुपर्छ ।



विद्यालयीय शिक्षामा आर्थिक लगानी पूर्ण रूपमा सरकारको हुनुपर्छ । केन्द्र, संघ र स्थानीयको के कति भन्ने बहसको विषय हुनसक्छ । शिक्षाको पहुँच बाहिर परेका क्षेत्र/वर्गलाई नि:शुल्क शिक्षा नाममात्रको सहुलियत हो । यस अवस्थामा शिक्षा कर सहज विकल्प नहुन सक्छ । यसो गर्दा अत्यावश्यकीय वस्तुमा उच्च दरमा कर लगाउन सकिन्छ । बढी क्रयशक्ति हुनेले बढी वस्तु वा सेवा उपभोग गरी बढी नै कर पनि तिर्ने हुँदा यो अव्यावहारिक नहुन सक्छ । यसैगरी; स्थानीय प्राकृतिक स्रोतहरूको सदुपयोग विद्यालयको स्वआर्जन, चन्दा, दानदातव्य र विभिन्न धार्मिक समारोहमा गरिने खर्चमा मितव्ययिता अपनाई शिक्षा क्षेत्रलाई सहयोग जुटाउन सकिन्छ ।

वास्तवमा एकीकृत विकासलाई व्यवस्थित नगरिएसम्म सीमान्तकृत वर्ग स्वयं शिक्षाको दायित्व वहन गर्न असमर्थ हुन्छ । स्थानीय सरोकारवालालाई व्यवस्थापनमा सहभागी गराउँदै सशक्तिकरण गरिनुपर्छ । शिक्षालाई रोजगार र व्यवसायमुखी बनाइनुपर्छ तब शिक्षामा गरिएको सबैखाले लगानीले सार्थकता पाउँछ ।

**कृष्णकुमार केसी**
**प्रधानाध्यापक, श्री विद्याधीश्वरी मावि आश्राङ, ललितपुर**

## सहयोग गरौं

म गुल्मी जिल्लाको हर्मिचौर गाउँबाट अध्ययनका निम्ति काठमाडौं आएको साधारण युवक हुँ। मैले गाउँको विद्यालयमा एउटा पुस्तकालय बनाउने अभियानको थालनी गरेको छु। त्यसनिम्ति विभिन्न सहयोगीहरूबाट करिब १६ सय थान पुस्तक प्राप्त भई गाउँ पनि पुगिसकेका छन्। र मैले आफ्नै खर्चमा *शिक्षक*, *हिमाल* लगायतका पत्रपत्रिका पठाउँदै आएको छु।

यदि सहकार्यको लागि तपाईंहरू उत्सुक हुनुहुन्छ भने मलाई फोन गर्नुहोस्। म तपाईं भएकै ठाउँमै आइपुग्नेछु। मलाई विश्वास छ, तपाईं र म मिलेर राम्रो शिक्षा पाउने अधिकार र अवसरबाट वञ्चित बालबालिकाहरूका लागि केही मद्दत गर्न सक्छौं।

हरि पाण्डे
हर्मिचौर, गुल्मी
हाल: काठमाडौं; फोन ९८०३२०२५१०

## कार्टुनको महत्त्व

शिक्षा र शिक्षक जस्तो संवेदनशील विषयमा मात्र सम्बन्धित रहेर पत्रिका प्रकाशन गरेकोमा हिमाल एसोसिएसन परिवारप्रति आभार प्रकट गर्न चाहन्छु। मैले पनि केही समय शिक्षा पेशासँग सम्बन्धित रहेर बिताएकी छु त्यसैले *शिक्षक* का सामग्री पढ्दा रमाइलो लाग्यो।



*शिक्षक* का अङ्कहरू पढेपछि यसका लेखहरू गहन र सकारात्मक लाग्यो। कार्टुनिष्ट रविन सायमिका कार्टुनले अरु बढी वास्तविकतालाई औंल्याउन र विषयवस्तु सही ढङ्गले प्रस्तुत गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको महसूस गरें।

पहिलो अङ्कको ‘शिक्षक र शिक्षकको भविष्य’ विषयमा राखिएको कार्टुन चित्र र ‘शिक्षक मर्यादा’ लेखमा राखिएको कार्टुन ज्यादै मार्मिक छन्।

यसैगरी तेस्रो अङ्कको ‘समुदाय भरपर्दो विकल्प’मा र ‘शिक्षा शिक्षक र स्थानीय



परिवेश’ मा राखिएको कार्टुन वास्तविकतासँग अरु बढी नजिकिएको पाएँ।

यसैगरी आगामी अङ्कहरूमा पनि वास्तविकतासँग नजिकिएका मर्मस्पर्शी कलाले *शिक्षक* का लेख रचनामा अँध्यारोमा ज्योतिको भूमिका निर्वाह गर्दै जाओस्।

मन्जरी प्रधान
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

## शिक्षण विधि फेरिनुपर्छ

पुस्तक पसलदेखि टाढाको बसाइँ भएपनि खै कताबाट हो छुक्किएर *शिक्षक* मासिकको पहिलो अङ्क हेर्ने मौका पाएँ। त्यसमा समावेश गरिएका सम्पूर्ण खुराकहरू उत्तिकै उपयोगीमूलक र मननयोग्य लाग्यो। तेस्रो अङ्कको खगेन्द्र सङ्ग्रौलाको आत्म समीक्षा ‘म अनादर्श शिक्षक’ पढेपछि मलाई पनि विद्यालयमा पढाउने तौरतरिका सम्झन मन लाग्यो। हाम्रो समाजमा एकातिर मनोवैज्ञानिक ढङ्गले बालबालिकाहरूलाई विभिन्न खेल, गीतको माध्यमबाट सिकाउनुपर्ने कुरा उठिराखेको छ भने अर्कोतिर छडीको भरमा छडी मास्टर बनेर सिकाउने चलन पनि यथावत् नै छ।

पाठ्यक्रम समय सापेक्ष हुनुपर्छ र शिक्षण विधि पनि फेरिनु जरूरी छ। तर विद्यालयमा २००७ सालको शिक्षक नै छडी समातेर बसिरहन्छ भने कसरी उद्देश्यमूलक र प्रभावकारी शिक्षण हुन्छ र?

कोपिला थुलुङ ‘आशुतोष’
शिशु मावि, महेश्वरी ६, खोटाङ

## नफेरिएको मास्टर

– हरिहर तिमिल्सिना



उनेर शीतका थुँगाहरू
समात्छ जूनका सपनाहरू
फोर्दै अक्षरका डल्ला
रोप्छ नूनका सपनाहरू

चकसितै घोट्दै मुटुलाई
बेस्कन रगेट्छ र
डस्टरसितै मेट्दै जान्छ
आफ्नो जीवनका खुशीहरू

अरूलाई सल्काउँदै जाँदा
आफू निभ्दै-निभ्दै जान्छ
अरूलाई तार्दा-तार्दै डुङ्गा
आफू डुब्दै-डुब्दै जान्छ
बाँझो खन्छ, खोस्रन्छ, माटो मुछ्छ
र टाल्छ अरूको घर
आफू भने भित्रभित्रै खिइँदै र भत्कँदै जान्छ
खुइलिँदै गए पनि आफू
हजार मुनाहरूमा एकसाथ वसन्तको रङ पोत्छ
फुलेका फूलहरू देखेर
आफूलाई इन्द्रेणीकै कालिगढ सम्झन्छ।

फोस्रिइसक्दा पनि आफू
अरूलाई पोटिलो बनाउन खोज्छ
रित्तिइसक्दा पनि आफू
अरूलाई भरिलो बनाउन खोज्छ
रित्याएर आफ्नो फोक्सो
फुकेको हुन्छ ज्ञानको खलाँती
र जलाएको हुन्छ मान्छेभित्रको कुरूप आकृति

बूढो आँखा बाहिरको बूढो चस्माकै ऱ्यालबाट
चियाउँछ तन्नेरी पृथ्वीलाई
पृथ्वी घुमिरहेको हुन्छ
ऋतु, महिना, दिन-रात, गते
घडी, मिनेट र पलाहरू सबै फेरिएका हुन्छन्
ऊ, मास्टर भने कहिल्यै फेरिएको हुँदैन।

एकचोटि छातीमा हात राखेर भन्नुहोस् त
आफू कहिल्यै नफेरिँदा पनि
तपाईंलाई सधैं फेरिएको देख्न चाहने
त्यही मास्टर होइन?
अब त्यो मास्टरलाई फेरिएको देख्न
तपाईं के-के गर्दै हुनुहुन्छ?

### पत्राचारको ठेगाना

*शिक्षक* मासिक, हिमाल एसोसिएसन, पाटनढोका, ललितपुर
पो.ब.नं. १६६, ललितपुर, **फोन:** ५५४३२५२, फ्याक्स: ५५४११९६
इमेल: response@teacher.org.np



किरण पाण्डे

**नेपाल सरकार**
**शिक्षा तथा खेलकुद मन्त्रालय**
**शिक्षा विभाग**
**विद्यालय व्यवस्थापन शाखा**
**सानोठिमी, भक्तपुर**

**प.सं.:- १०/०६४/०६५** **मिति : २०६५/२/१३**
**च.नं. : ८०८**

**विषय : निर्देशन सम्बन्धमा ।**

**श्री जिल्ला शिक्षा कार्यालय**
**७५ ओटै**

प्रस्तुत विषयमा हरेक वर्ष बढिरहेको विद्यार्थी चापलाई सम्बोधन गर्न विगत केही वर्षदेखि सबैका लागि शिक्षा र माध्यमिक शिक्षा सहयोग कार्यक्रमतर्फको बजेटबाट विद्यालयहरूमा थप शिक्षक राख्नका लागि शिक्षक अनुदान रकम उपलब्ध गराइँदै आएको छ । यो अनुदान समयसापेक्ष वृद्धि गरी कार्यरत शिक्षकले पाउने रकम र उनीहरूले जति अवधि काम गरे पनि सेवाबाट अलग हुँदा केही रकम सुविधाको रूपमा पाउन सक्ने वातावरण सिर्जना गर्न सरोकारवालाहरूसँग विभिन्न चरणमा छलफल भई सो सम्बन्धमा नीति निर्धारणका लागि शिक्षा तथा खेलकुद मन्त्रालयमा फाइल पेश भइसकेको छ । तर उक्त विषयले अन्तिम रूप लिन अझै केही समय लाग्ने देखिएकोले जिल्लाहरूमा विगतमा प्राप्त भएका विभिन्न तहका शिक्षक अनुदानमा र चालु आ.व.मा प्राप्त भएका र हुने शिक्षक अनुदानका निमित्त निम्नानुसारको व्यवस्था गर्नु गराउनु हुन शिक्षा तथा खेलकुद मन्त्रालय (माननीय मन्त्री स्तर) को मिति २०६५/०१/२९ मा भएको निर्णय अनुसार अनुरोध छ ।

१. उल्लिखित कार्यक्रमबाट प्रप्त हुने प्राथमिक, निम्नमाध्यमिक तथा माध्यमिक तहको प्रति सङ्ख्या वार्षिक एकमुष्ठ अनुदानको नर्म्स क्रमशः रू.८१,६४०, ८७,३२७ र १,४८,२०० कायम गरी उक्त अनुदानलाई १३ ले भाग गरी मासिक अनुदान कायम गरेर सो मासिक अनुदानको २३ प्रतिशत रकम सम्बन्धित कार्यरत शिक्षकको कल्याणकारी कोषबापत सम्बन्धित विद्यालयको नाममा स्थानीय बैंकमा छुट्टै खाता खोलेर राख्न लगाई बाँकी रकमलाई सम्बन्धित शिक्षकहरूले पाउने मासिक पारिश्रमिकका रूपमा कायम गर्न सक्ने गरी विद्यालयहरूलाई लेखी पठाउने र यसरी कट्टा गरिएको २३ प्रतिशत रकम (शिक्षक कल्याणकारी कोष)को व्यवस्थापन नीति तय भएपछि सोही बमोजिम हुने गरी राख्ने व्यवस्था गर्ने ।

२. शिक्षा नियमावलीद्वारा निर्धारित मापदण्ड हिमाली, पहाडी, र तराई/काठमाडौं उपत्यकामा प्राथमिक तहमा विद्यालयगत रूपमा ५० जनासम्म विद्यार्थी भए दुई र सोभन्दा माथि विद्यार्थी भए न्यूनतम तीन ओटा तथा क्रमशः ४०,४५ र ५०:१ भन्दा बढी हुने गरी कुनै पनि विद्यालयमा शिक्षक अनुदान दिइएको भए त्यस्तो नियम विपरीत दिएको अनुदान बापतको खर्च सम्बन्धित दाम काम गर्ने अधिकारीबाट असुल उपर हुने भएकाले त्यसतर्फ विशेष चनाखो रहने ।

३. सबैका लागि शिक्षा र माध्यमिक शिक्षा सहयोग कार्यक्रम अन्तर्गतको शिक्षक अनुदानबाट पारिश्रमिक खानेगरी शिक्षक नियुक्त गर्न तथा शिक्षा विभागबाट पठाइएको परिपत्रअनुसार विज्ञापन गरी प्रतिस्पर्धाको आधारमा छनोट गरिएका शिक्षकहरूले मात्र नर्म्स अनुसारको सुविधा पाउने भएकाले त्यस अनुदानभित्र नियुक्त हुने हरेक शिक्षकको नियुक्तिका कागजातहरू दुरूस्त राखी सो बमोजिम यसअनुसार विद्यालयहरूबाट थप सुविधा पाउने व्यवस्था मिलाउन समेत अनुरोध छ । ■

## 'राहत' र 'दरबन्दी'को तलब बराबर !

***सार्वजनिक विद्यालयमा 'दरबन्दी' को सट्टा 'राहत' शिक्षक दिन थालेको सरकारले तिनलाई दरबन्दीवाला शिक्षकको बराबर तलब बल्ल बनाइदिएको छ । तथापि शिक्षा विभागले जिल्ला शिक्षा कार्यालयलाई पठाएको परिपत्रमा त्यो निर्णय बमोजिम शिक्षकहरूले कहिलेदेखि नयाँ तबलमान लागू हुने हो, त्यो खुलाइएको छैन । यसअघि राहत शिक्षकको तलब दरबन्दीवालाको भन्दा रुण्डै ४० प्रतिशतले कम थियो ।***



काठमाडौं मदरसा इस्लामिया स्कूलका छात्राहरू ।

किरण पाण्डे

# मदरसा, गुम्बा र आश्रम
# राहतको सुरुआत

**विभिन्न सम्प्रदायद्वारा सञ्चालित मदरसा, गुम्बा र आश्रमलाई सरकारले अनुदान दिन थालेपछि त्यहाँका शिक्षक र विद्यार्थीले थोरै भए पनि राहत पाउन थालेका छन् ।**

धार्मिक विद्यालयका शिक्षकलाई सरकारले वैकल्पिक विद्यालयमा पढाउने सहयोगी कार्यकर्तासरह मानेर मासिक रु.२ हजार उपलब्ध गराउने नीति कार्यान्वयन गरेको छ । यसअन्तर्गत ५० विद्यार्थी बराबर एक सहयोगी कार्यकर्ता र त्यसभन्दा धेरै विद्यार्थी भए सोहीअनुसार अनुदान बढाउने व्यवस्था गरिएको छ । चालू आर्थिक वर्ष २०६४/६५ मा यस्ता विद्यालयलाई रु.२ करोड ९२ लाख ९८ हजार अनुदान छुट्याइएको शिक्षा विभागले जनाएको छ । गत वर्ष रु.१ करोड ३० लाख अनुदान उपलब्ध गराइएको थियो ।

शिक्षकको पारिश्रमिकका निम्ति पठाइएको यो रकमबाहेक विभागले धार्मिक विद्यालयमा लिइने परीक्षाको तयारी र प्रश्नपत्रको छपाइलगायतका कामका लागि रु.५ हजारदेखि रु.१० हजारसम्म अनुदान दिएको छ ।

६८ वर्षदेखि काठमाडौंको घण्टाघरनजिक सञ्चालित मदरसा इस्लामिया स्कूलका शिक्षकहरू अघिल्लो वर्षसम्म मस्जिदको आम्दानी र मुस्लिम समुदायले गर्ने दान (जकात) बाट नाममात्रको पारिश्रमिक पाउने गर्दथे । सरकारले देशभरिकै मदरसालगायतका धार्मिक विद्यालयलाई विद्यार्थी सङ्ख्याका आधारमा अनुदान दिने नीति लागू गरेपछि मदरसा चलाउन निकै सजिलो भएको स्कूलका प्रधानाध्यापक नियाज अहमद बताउँछन् ।

सरकारी अनुदान प्राप्त हुन थालेपछि मुस्लिम सम्प्रदायका मदरसामा गैरमुस्लिमलाई समेत शिक्षक राख्न थालिएको छ । इस्लामिया मदरसाका १७ मध्ये चार जना गैरमुस्लिम शिक्षक छन् । इस्लामियाका सहायक प्रअ मोअल्लीय अन्सारीको भनाइमा अङ्ग्रेजी, नेपाली, गणित र विज्ञान पढाउन मदरसाले गैरमुस्लिम शिक्षकको व्यवस्था गरेको हो । स्रोत राम्रो भएका धार्मिक विद्यालयले शिक्षकलाई राम्रै पारिश्रमिक दिने गरेका छन् । इस्लामिया

मदरसाले आफ्नै स्रोत र सरकारी अनुदानबाट रु.४ हजारदेखि रु.८ हजारसम्म पारिश्रमिक दिइएको प्रअ अहमद बताउँछन् । उनी भन्छन्, "म अझै पारिश्रमिक बढाउने पक्षमा छु ।" यो अनुपातमा शिक्षकलाई पारिश्रमिक दिनसक्ने धार्मिक विद्यालयको सङ्ख्या भने धेरै छैन ।

### कम पारिश्रमिक मुख्य समस्या

तर पनि, धार्मिक विद्यालयहरूमा कम पारिश्रमिकमा काम गर्ने शिक्षकको सङ्ख्या धेरै छ । हाफिस शेहजाद अली नेपालगञ्जको बरकातिया मदरसाका शिक्षक हुन् । भारतको लखनऊबाट स्नातकोत्तर गरेका अली मदरसाका करिब चार सय बालबालिकालाई १७ वर्षदेखि अरबी र उर्दू भाषा पढाउँदै आएका छन् । दैनिक आठ घण्टा अध्यापनमा खटिने हाफिसको पारिश्रमिक भने मासिक रु.२००० मात्र छ । "यसलाई के तलब भन्नु, पकेट खर्चै पुग्दैन" उनी भन्छन्, "हजारौं बच्चा पढाएँ, सबैले गुरु भनेर सम्मान गर्छन्, त्यसैले यो काम छाडेर अन्यत्र जान सकिनँ ।" बरकातियामै पढाउने गैरमुस्लिम शिक्षिका माया तिमिल्सेनाको मासिक तलब हासिफको भन्दा थोरै छ । उनी मासिक रु.१६०० पाउँछिन् । उनको भनाइ छ, "गरिबका छोराछोरी पढाएको भनेर सन्तोष गर्छौं, पैसाको कुरा गर्ने हो भने पढाउने जाँगरै चल्दैन ।"

मदरसामा मात्र होइन, गुम्बा र आश्रममा पढाउने शिक्षक पनि अत्यन्त न्यून पारिश्रमिकमा काम गरिरहेका छन् । विद्यार्थी सङ्ख्याका आधारमा यस्ता विद्यालयमा १ देखि २० जनासम्म शिक्षक कार्यरत भेटिन्छन् । मदरसा, गुम्बा र आश्रम सञ्चालक समितिले नियुक्तिका बेला नै थोरै पारिश्रमिक दिने शर्त राख्ने गरेका छन् । यस्ता विद्यालयमा पढाउने शिक्षकको योग्यताको प्रस्ट मापदण्ड पनि छैन । आफूले प्रमाणपत्र विना नै शिक्षण गरेको अनुभव सुनाउँछन् मैत्री बिहार स्वयम्भूका शिक्षक मिङमार छिरिङ । उनले तिब्बतबाट १२ कक्षा बराबरको परीक्षा उत्तीर्ण गरेका छन् ।

मदरसा, गुम्बा र आश्रम सञ्चालकहरू आयश्रोत केही नभएकाले बढी पारिश्रमिक दिन नसकिने र सबैले सेवाभावले नै काम गरेको बताउँछन् । बरकातिया मदरसाका प्रअ जियाउल मुस्तफा मुरानी भन्छन्, "यसलाई तलब भन्न मिल्दैन, दुःख गरेबापत केही सहयोग मात्रै हो । तलब दिने त हैसियतै छैन ।"

धार्मिक विद्यालयमा पढाउने शिक्षकहरू सङ्गठित छैनन् र उनीहरूको पक्षमा बोल्ने संस्था पनि छैनन् । कामअनुसारको पारिश्रमिक नपाउने स्थितिले गर्दा नै हुनसक्छ, नेपालगञ्जमा कतिपय शिक्षकले २-३ वर्ष पढाएर त्यस्ता स्कूल त्याग्ने गरेको पाइन्छ । मदरसा जस्तै गुम्बामा पढाउने शिक्षकको समस्या पनि उस्तै छ । तिब्बत र भुटानबाट पढेर आएर गुम्बा खोलेकाहरूको स्थिति केही सन्तोषजनक भए पनि तामाङहरूले खोलेका गुम्बाको स्थिति नाजुक रहेको छ । स्वयम्भूस्थित मैत्री बिहारका शिक्षक मिङमार छिरिङ कतिपय गुम्बाका शिक्षक विना पारिश्रमिक नै काम गरिरहेको बताउँछन् । गुम्बामा पढाउनेलगायत सबै काम गर्दै आएका मिङमारको मासिक पारिश्रमिक रु.३५०० छ । २५ जना विद्यार्थी रहेको यस गुम्बामा पढाउने उनका सहकर्मी थुम्पेन लामा भने तलब विना नै काम गरिरहेका छन् । उनको भनाइ छ, "धेरै जसो गुम्बामा थोरै पैसामा काम गर्नेहरू नै छन् । मैले चाहिँ ढेवा, विवाह र अन्य धार्मिक काम गर्दा दान पाउँछु । गुम्बाले तलब दिँदैन ।"



किरण पाण्डे

**स्वयम्भूको मैत्री बिहारका छात्रहरू ।**

न्यून पारिश्रमिकका कारण धार्मिक विद्यालयहरूलाई दक्ष विषयगत शिक्षक पाउन पनि कठिन छ । "राम्रा शिक्षक ल्याउन र भएकालाई टिकाउन सक्दैनौं", प्रअ मुरानीको कथन छ । प्रधानाध्यापक मोहम्मद अमिन पनि दक्ष शिक्षकको अभावले कामचलाउ पढाइ भइरहेको स्वीकार्छन् ।

यता आएर धार्मिक विद्यालयमा पढाउने शिक्षकलाई अरूजस्तै दरबन्दीमा राख्नुपर्ने माग उठ्न थालेको छ । शिक्षिका माया तिमिल्सेना भन्छिन्, "हामीले ठूला सपना देखेका छैनौं । प्रक्रिया पुऱ्याएर हामीलाई दरबन्दीमा राख्ने र अरू शिक्षकसरह सुविधा दिए पुग्छ ।" हाफिस थप्छन्, "यतिका वर्ष सेवाभावले शिक्षण पेशामै बितायौं, अब आउने मौका हामीले पाए अझै राम्रो गर्थ्यौं ।" पाठ्यक्रम विकास केन्द्रका निर्देशक हरिबोल खनाल पनि गुम्बा, मदरसा र आश्रमलाई पाठ्यक्रम दिएपछि सरकारले शिक्षक दिन्न भन्न नमिल्ने बताउँछन् ।

### बन्दैछ पाठ्यक्रम

धार्मिक विद्यालयलाई शिक्षाको मूलधारमा ल्याउने प्रयासअन्तर्गत मदरसा, गुम्बा र आश्रमका लागि कक्षा पाँचसम्मको छुट्टै पाठ्यक्रम तयार गर्ने काम अन्तिम चरणमा पुगेको छ । "हामी ०६५ को असारसम्ममा

# मदरसा, गुम्बा र आश्रम: कहाँ कति ?

**शिक्षा** विभागको विद्यालय व्यवस्थापन माध्यमिक शाखाका अधिकृत रमेशप्रसाद रिमालले तयार गरेको पछिल्लो विवरणले जेठको पहिलो सातासम्म देशभर १ हजार १११ वटा मदरसा, गुम्बा र आश्रममा ९० हजार ६३० जना विद्यार्थी अध्ययनरत रहेको देखाउँछ। यसमध्ये ८४९ मदरसामा ८२ हजार ६७४, २२७ गुम्बामा ६ हजार ४७९ र ३५ आश्रममा १ हजार ४७७ जना छात्रछात्रा छन्। यो सङ्ख्यामा सरकारी अनुमति पाएकाको सङ्ख्या भने थोरै छ। विभागको आँकडा अनुसार २२३ मदरसा, २६ गुम्बा र १६ आश्रम गरी जम्मा २६५ धार्मिक विद्यालयले मात्र सञ्चालन अनुमति पाएका छन्। यी विद्यालयलाई सरकारले ८४६ जना शिक्षकको कोटा उपलब्ध गराएको छ।

देशभरमा खुलेका मदरसामा सबैभन्दा बढी कपिलवस्तुमा १७०, त्यसपछि बाँकेमा ८५ वटा छन्। मदरसा सञ्चालन गर्ने तेस्रो जिल्लामा परेको छ सुनसरी। यहाँ ७९ वटा मदरसा छन्। त्यस्तै झापामा ४२, मोरङमा ३३, सप्तरी, सिरहा र धनुषामा ३०/३०, सर्लाहीमा ७०, रौतहटमा ५०, बारामा १९, पर्सामा ३२, रुपन्देहीमा ५६, नवलपरासीमा ३६, अर्घाखाँची, बर्दिया, कञ्चनपुर र गोरखामा १०/१०, तनहुँमा ७, सुर्खेतमा २ र धनकुटा, चितवन, उदयपुर, मकवानपुर, सल्यान, लमजुङ, गुल्मी र पाल्पामा १/१ वटा मदरसा सञ्चालनमा छन्।

उता सबैभन्दा बढी गुम्बा काठमाडौँमा ६९ छन्। त्यस्तै मकवानपुरमा १४, संखुवासभा र सोलुखुम्बुमा १३/१३, भोजपुर र मुस्ताङमा ११/११ गुम्बा सञ्चालनमा छन्। बाँकी जिल्लामा पाँचभन्दा कम गुम्बा छन्। सबैभन्दा बढी आश्रम भएको जिल्लामा झापा परेको छ, जहाँ १० वटा आश्रम छन्। अन्य जिल्लामा भने १० भन्दा कम आश्रम रहेको विभागले तयार गरेको तथ्याङ्कले देखाएको छ। यसरी देशभरि खुलेका मदरसा, आश्रम र गुम्बामा कति शिक्षक कार्यरत छन् भन्ने विवरण भने कतै भेटिँदैन। यसको तथ्याङ्क न सरकारसँग छ, न धार्मिक संघसंस्थाले नै राखेका छन्। संविधानसभा सदस्य नजिर मियाँ देशभरका मदरसा, गुम्बा र आश्रममा १५ हजारभन्दा बढी शिक्षक कार्यरत रहेको अनुमान गर्छन्। ■



रामेश्वर बोहरा

नेपालगञ्जको मदरसा।

धार्मिक स्कूलको पाठ्यक्रमको ढाँचा तयार गरिसक्नेछौं, अर्को शैक्षिक सत्रबाट यो लागू हुन्छ", निर्देशक खनाल भन्छन्। नेपाली र अङ्ग्रेजीबाहेक गणित, विज्ञान, सामाजिक, शारीरिक शिक्षा र सृजनात्मक विषयहरू धार्मिक स्कूलले आफ्नै मातृभाषामा पढाउन पाउने छन्। अनिवार्य विषयबाहेक धार्मिक विषयका सम्बन्धमा विद्यालयहरू स्वतन्त्र रहने निर्देशक खनालको भनाइ छ।

मदरसामा अहिलेसम्म कुरान, हदिस, नमाजलगायतका मुस्लिम धार्मिक ग्रन्थको मात्र पढाइ भइरहेको छ भने आश्रममा संस्कृत भाषाको आधारभूत व्याकरण, कोष, नीतिशास्त्र र कर्मकाण्ड तथा गुम्बामा बौद्धधर्मसम्बन्धी अध्ययन-अध्यापन हुने गरेको छ। सरकारी अनुमति पाएका धार्मिक विद्यालयमा भने अहिले पनि धार्मिक विषयसँगै सरकारी पाठ्यक्रम पढाइने गरेको छ। शिक्षा विभागका महानिर्देशक जनार्दन नेपाल धार्मिक विद्यालयभित्रको सांस्कृतिक सबलतालाई सरकारले राष्ट्रिय पहिचान दिएको बताउँछन्। "धार्मिक विद्यालय राष्ट्रिय छाताभित्र आउन भन्ने हो। उहाँहरूले गरेको कामलाई हामीले सहयोग गर्ने हो, हामी धार्मिक विद्यालयमा अवरोध र हस्तक्षेप गर्ने पक्षमा छैनौं', नेपालले भने।

शिक्षाविद् डा. विद्यानाथ कोइराला विगतमा धार्मिक विद्यालयमा सरकारी पाठ्यक्रम नपढाएर बालबालिकामाथि अन्याय भएको ठान्छन्। उनी भन्छन्, "तिनको धार्मिक विश्वासलाई ठेस नपुऱ्याई आधुनिक शिक्षा दिनुपर्छ, नत्र त्यहाँका विद्यार्थीको भविष्य अन्धकारमा पर्छ। अहिले सरकारी दायित्वभित्र हालेर राम्रो कामको सुरुआत भएको छ।" डा. कोइरालाका अनुसार धार्मिक विद्यालयमा धार्मिक रुढिवादलाई हटाउने, धार्मिक विश्वासलाई जगेर्ना गर्ने र दक्ष जनशक्ति तयार गर्ने गरी आधुनिक शिक्षा दिनुपर्ने आवश्यकता छ।

### झमेलाबाट मुक्ति

सरकारले ०६३ कात्तिक २४ गते शिक्षा ऐन २०२८ को सातौँ संशोधनले तोकेको मापदण्ड पूरा गरेका धार्मिक विद्यालयलाई धरौटी नलिई अनुमति दिने निर्णय गरेको थियो। "प्राथमिक विद्यालय सञ्चालनका लागि लाग्ने ५० हजार धरौटी धार्मिक विद्यालयले दिनुपर्दैन", शिक्षा विभागका महानिर्देशक नेपाल भन्छन्। मापदण्ड नपुगेका धार्मिक स्कूलका हकमा भने सरकारले वैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन गर्ने र जिल्ला शिक्षा कार्यालय वा स्रोत केन्द्रले तोकेको विद्यालयबाट जाँच लिने तथा प्रमाणपत्र दिने व्यवस्था गरेको छ। यो व्यवस्थाले प्रमाणपत्रका लागि भुटान, भारत र तिब्बत जानुपर्ने बाध्यताबाट विद्यार्थी मुक्त भएका छन्। ■

**बाबुराम विश्वकर्मा र रामेश्वर बोहरा**

कञ्चन अधिकारी

# हाहाकारको रहस्य

**कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तक समयमा उपलब्ध नहुँदा लाखौं कक्षा–घण्टा बराबरको पढाइ बर्बाद भइसकेको छ । तर राष्ट्रको निम्ति यति गम्भीर गल्ती गर्नेहरूलाई अलग्याएर कानूनी दण्ड दिने खाँचो र जाँगर कतै देखिँदैन ।**

तेज विनायक मावि गोठाटारमा कक्षा ८ मा पढ्ने सुदर्शन सापकोटा, बुद्धरत्न शाक्य र बुद्धराज बम्जन किताब किन्न वैशाख २४ गते दिउँसो ११ बजेदेखि साढे दुई बजेसम्म जनक शिक्षा सामग्री केन्द्रको मूलद्वारमा लाइन लागे । जनक शिक्षाका कर्मचारीले एउटा भन्दा किताब छैन भन्दै तिनलाई विज्ञान विषयको किताब दिएर फर्काए । किताब बेच्न बसेका कर्मचारीको जवाफ थियो, "पूरै किताब पाउन त असारको अन्तिम साता आउनुपर्छ ।" भोलिपल्टदेखि झोलाभरी किताब हालेर स्कूल जाने तिनको धोको अझै पूरा हुनसकेको छैन ।

जिल्लामा छोराछोरीका लागि किताब नपाएपछि सोलुखुम्बुका फुर्वा शेर्पा काठमाडौँ नै हानिए । किताबको खोजीमा भौतारिँदै १५ दिन काठमाडौँमा बिताएका शेर्पा भन्छन्, "ऋण काढेर ल्याएको पैसा पनि काठमाडौँ बसेर सकियो । छोराछोरीले किताब पनि पाएनन् ।"

यसपटक पाठ्यपुस्तकको अभाव कतिसम्म चर्को भयो भन्ने बुझ्न माथिका दुई घटनाले सघाउँछन् । शैक्षिक

कञ्चन अधिकारी





एमडी कुलुङ

सत्र शुरु भएको दुई महिना बित्दा पनि छात्रछात्राले सरकारी पाठ्यपुस्तक पाएका छैनन्। २८ जेठभित्रमा विद्यालयस्तरका सबै पाठ्यपुस्तक सहज रूपमा उपलब्ध गराउने शिक्षा मन्त्रालयको बचनबद्धता गलत सावित भएको छ। जनक शिक्षाले २८ जेठमा सार्वजनिक सूचना जारी गरी भनेको मितिमा किताब उपलब्ध गराउन नसकेकोमा क्षमा मागेको छ र पाठ्यपुस्तक उपलब्ध हुन अझै केही समय लाग्ने जनाएको छ। ४ वैशाखदेखि शुरु भएको विद्यालय भर्ना अभियान किताब अभावकै कारण प्रभावकारी हुन नसकेपछि सरकारले जेठको दोस्रो सातासम्म तन्कायो। तर, जेठको अन्तिम सातासम्म पनि छात्रछात्राले किताब पाएनन्। सरकारले एकातिर बढीभन्दा बढी बालबालिकालाई स्कूलतर्फ आकर्षित गर्न भर्ना अभियान सञ्चालन गर्दैथियो भने अर्कातिर विद्यार्थी, अभिभावक र शिक्षक समेत सडकमा धर्ना दिन, जनक शिक्षा र साझामा तालाबन्दी गर्न व्यस्त थिए। चितवनमा १२ जेठमा ६४ वटा गाडी तोडफोड गरिएपछि सरकारले दुईसाताका निम्ति देशभरिका स्कूल बन्द गरिदियो। ३० वैशाखमा हातमा रित्तो झोला बोकेर शिक्षा मन्त्रालय पुगेका छात्रछात्राको नारा थियो, "हामीले किताब पाउनैपर्छ।"

## हाहाकारको कारण

असारको पहिलो सातासम्म पनि बजारमा पाठ्यपुस्तकको हाहाकार छ। तर, जनक शिक्षा सामग्री केन्द्र, पाठ्यक्रम विकास केन्द्र र साझा प्रकाशन भने एकआपसमा आरोप-प्रत्यारोप गर्नमै व्यस्त छन्। पाठ्यक्रम विकास केन्द्रले जनक शिक्षालाई किताब छाप्न नसकेको आरोप लगाएको छ भने जनक शिक्षाले पाठ्यक्रम विकास केन्द्रले समयमै छाप्ने सामग्री (क्यामेरा रेडी कपी-सीआरसी) नपठाएर ढिलो भएको भनी आफ्नो बचावट गर्ने गरेको छ। साझाले चाहिँ किताब छाप्न ढिलाइ भएका कारण समयमा बजारमा किताब पुऱ्याउन नसकिएको तर्क गर्दै आएको छ। साझाका व्यापार प्रवर्द्धन विभाग प्रमुख रामकृष्ण भण्डारी समय छँदै यो विषयलाई जिम्मेवार निकायले नलिएका कारण पाठ्यपुस्तक अभाव भएको बताउँछन्। उता जनक शिक्षाका प्रबन्ध सञ्चालक रामप्रसाद शर्मा भने पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा, साझा, भृकुटी र एभरेष्ट कागज कारखानाको कमजोरीको कारण पाठ्यपुस्तक अभाव भएको धारणा राख्छन्। उनको कथन छ, "कक्षा ३, ९ र १० का किताब यो वर्ष परिमार्जन गरिएकाले 'सीआरसी' ढिला आयो। 'सीआरसी' ढिला आएकोले छाप्न ढिलो भयो।" तर पाठ्यक्रम विकास केन्द्र निर्देशक हरिबोल खनाल जिम्मेवारीबाट उम्कन जनक शिक्षाले अरूलाई आरोप थोपरेको बताउँछन्। उनी भन्छन्, "हामीले माघको पहिलो हप्तामै 'सीआरसी' दिएका हौं।" तर केन्द्रकै उपनिर्देशक हरिशङ्कर मानन्धरका अनुसार चैतको अन्तिम साता मात्र 'सीआरसी' जनक शिक्षामा पुगेको हो।

जनक शिक्षाका अनुसार, जेठको पहिलो सातासम्म कक्षा १ देखि ५ सम्म करिब १ करोड ४२ लाख ६८ हजार ८३१ थान किताब छापिनुपर्ने थियो। तर त्यस अवधिमा ३९ लाख ७४ हजार ४०९ थान मात्र किताब छापिन सके। यसैगरी कक्षा ६ देखि १० सम्मका लागि चाहिने ८३ लाख ३ हजार २८७ थानमध्ये ३७ लाख

८० हजार ४४५ थान छापिएका छन् । यस हिसाबले कक्षा ६ देखि १० सम्मको ५० प्रतिशतभन्दा कम किताब छापिएको छ ।

ऐच्छिक विषयको 'सीआरसी' पाठ्यक्रम विकास केन्द्रले जनक शिक्षालाई जेठको ५ गते मात्रै दिएको बताइएको छ । यसैगरी जेठको अन्तिम सातासम्म कक्षा ८ का मात्रै अनिवार्य विषयका ४ प्रतिशत किताब छापिएका थिए भने ऐच्छिक विषयका ७ प्रतिशत । कक्षा ८ र १० मा ५२ वटा ऐच्छिक विषय रहेका छन् । केन्द्रले असारसम्म पनि 'सीआरसी' पठाउने जनाएको छ । कक्षा ८ र १० का ५ वटा ऐच्छिक विषयको 'सीआरसी' पठाउन बाँकी छ । निर्देशक खनाल भन्छन्, "ऐच्छिक विषयका विद्यार्थी कम भएकोले बढी विद्यार्थी भएका विषयलाई प्राथमिकता दिएका हौं ।" उनले संविधानसभामा कर्मचारी खटाइएकाले काममा ढिला भएको बताए । विगतमा भने कात्तिकदेखि माघसम्ममा 'सीआरसी' पठाइसकिन्थ्यो ।

शुरुमा किताब हाहाकार हुनुमा राजनीतिक अस्थिरता, आर्थिक सङ्कट, लोडसेडिङ, इन्धनको अभाव र तराई आन्दोलनलाई जनक शिक्षाले कारण मानेको थियो । तर भृकुटी र एभरेष्ट कागज कारखानाले माग अनुसार कागज नदिएपछि समस्या चर्केको प्रबन्ध सञ्चालक शर्माको भनाइ छ । एभरेष्ट कागज कारखानाका शैलेन्द्र सुमन भन्छन्, "लोडसेडिङ, पराल र गहुँको छ्वालीको अभावले जनक शिक्षालाई भने जति कागज दिन सकेनौं ।" कर्मचारीले तलब वृद्धि, स्थायीलगायतका माग राखेर गत वर्ष जम्मा ५२ दिन जनक शिक्षा बन्द गरेका कारण पनि समयमा काम नभएको हो ।

पाठ्यपुस्तक अभाव हुनुमा कमिसनको खेल अर्को कारण बनेको छ । नाम नखुलाउने शर्तमा शिक्षा मन्त्रालयका वरिष्ठ कर्मचारी भन्छन्, "सचिवले कागजको लागि समयमै जनक शिक्षालाई सिफारिस नदिएकाले यो समस्या आएको हो ।" भारतमा किताब छाप्न पठाउँदा प्रतिपेज दुई पैसा कमिसन आउने उनको भनाइ छ । सरकारले यस वर्ष भारतमा १८ लाख पाठ्यपुस्तक छापेको छ । यसबारेमा सोध्दा शिक्षा सचिव बालानन्द पौडेलले केही बताउन चाहेनन् ।

## निजीको पनि जोर चलेन

आफूले मात्र किताब छाप्न नभ्याएपछि जनक शिक्षाले २०६३ देखि मध्यमाञ्चल, पूर्वाञ्चल र पश्चिमाञ्चलका सात वटा छापाखानालाई किताब छपाई तथा वितरणको अनुमति दिएको छ । तर निजी छापाखानाले पनि किताब पुऱ्याउन नसकेको जनक शिक्षाका प्रबन्ध सञ्चालक रामप्रसाद शर्मा बताउँछन् । साझाका व्यापार प्रवर्द्धन विभाग प्रमुख भण्डारीको भनाइमा निजी प्रेसले सजिलो र सुगम ठाउँमा मात्रै किताब पुऱ्याएको छ ।

पूर्वाञ्चल र पश्चिमाञ्चल क्षेत्रमा पाठ्यपुस्तक छपाई तथा वितरणको जिम्मा पाएको काठमाडौंस्थित रोशन अफसेट प्रेसका सञ्चालक उद्धव पौडेल भन्छन्, "पूर्वलाई मात्र पुग्ने गरी छापिएको किताब पश्चिमाञ्चल पठाएपछि नपुगेको हो ।" सरकारले असोज मसान्तभित्र अनुमति र 'सीआरसी' उपलब्ध गराएमा आफूहरूले किताब छापेर समयमै स्कूलमा पुऱ्याउन सक्ने उनको कथन छ ।

## निकासको बाटो

शिक्षा सचिवले समयमै कागज किन्न सिफारिस गर्ने, पाठ्यक्रम विकास केन्द्रले 'सीआरसी' तयार गरेर दिने, जनक शिक्षाले बेलैमा छाप्ने काम गरे आउँदो वर्ष समस्या नआउने शिक्षाविद् तथा प्राध्यापक तीर्थ पराजुली बताउँछन् । भन्छन्, "समयमै काम शुरु गरको भए समस्या आउने थिएन । यसबाट जिम्मेवार निकायले पाठ सिक्नैपर्छ ।"

साझा प्रकाशनलाई पनि किताब अभावमा केही हदसम्म जिम्मेवार मानिएको छ । साझाले थोरै पुस्तक बिक्रेताहरूलाई मात्र वितरणको जिम्मा दिँदै आएको छ । वितरणमा सिण्डिकेट प्रणाली नहटाए समस्या उस्तै रहने मकवानपुर जिल्ला शिक्षा अधिकारी चोलेन्द्र पण्डित बताउँछन् । जिशिअ पण्डित भन्छन्, "बिक्रेताले लागू गरेको सिण्डिकेट प्रणाली हटाउनुपर्छ र सबैले किताब बेच्न पाउनुपर्छ ।" सिण्डिकेट प्रणाली अनुसार साझाले तोकेको पसलमा मात्र किताब पुग्ने गर्दछ । विगतमा पाठ्यपुस्तक उत्पादनको समस्या नहुँदा पनि वितरण प्रणाली प्रभावकारी नभएर विद्यार्थीले समयमा किताब पाउन सकेका थिएनन् । ■

## 'हामी अक्षम भयौं'

**– रामप्रसाद शर्मा, प्रबन्ध सञ्चालक, जनक शिक्षा सामग्री केन्द्र**



**पाठ्यपुस्तकको हाहाकार किन भयो ?**

यो वर्ष पाठ्यपुस्तक नपुगेकै हो । यसमा आन्तरिक तथा बाह्य कारण छन् । जनक शिक्षाका कर्मचारीको हड्ताल, लोडसेडिङ, तराई बन्द, संविधानसभाको निर्वाचनमा मत पत्र छाप्नु परेको र माग अनुसार कागज आपूर्ति नभएकोले पाठ्यपुस्तक छाप्न ढिला भएको हो ।

**यसको जिम्मेवारी कसले लिने ?**

सम्बन्धित सबैले यसको जिम्मेवारी लिनुपर्छ । सबैले अरूलाई दोष लगाएर मात्रै हुँदैन । शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, जनक शिक्षा सामग्री केन्द्र, साझा प्रकाशन, भृकुटी कागज कारखाना र एभरेष्ट कागज कारखाना सबैले जिम्मेवारी लिनैपर्छ । हामी यसमा अक्षम भएकै हौं । गल्ती भएकै हो । यसमा सबैले क्षमा माग्नुपर्छ ।

**अर्को वर्ष पनि यस्तै अभाव हुन्छ ?**

यो वर्ष पनि किताब हाहाकार होला जस्तो लागेको थिएन । हामीले यसै वर्ष सेक्युरिटी प्रेस ल्याउने भनेका थियौं । तर, ल्याउन सकिएन । यो वर्षको कात्तिक मङ्सिरमा सेक्युरिटी प्रेस ल्याएपछि यस्तो अवस्था आउँदैन । अब हामी समयमै काममा लाग्छौं । यो हाहाकारले हामीलाई पाठ सिकाएको छ । ■

रिपोर्ट: काज–शिक्षक

डम्बरकृष्ण श्रेष्ठ

# 'सोर्स' लायो शहर बस्यो



**विभिन्न कारण र बहाना देखाएर शिक्षकहरू काजमा बस्ने गरेका छन् । तर, त्यस्ता अधिकांश शिक्षक व्यक्तिगत सुविधा र लाभका निम्ति काजमा बस्ने गरेको र त्यसमा उनीहरूलाई मन्त्री, नेता र उच्च तहका सरकारी कर्मचारीहरूको साथ–सहयोग प्राप्त हुने गरेको देखिन्छ ।**

माइतीमा बसेर रोल्पाको विद्यालयमा अध्यापन गर्दै आएकी राजकुमारी शाह (कर्ण) लाई 'शाह'की छोरी हुनु दुर्भाग्यपूर्ण भयो । रोल्पा; घोडागाउँस्थित गङ्गा प्राथमिक विद्यालयकी स्थायी शिक्षक राजकुमारीलाई जातकै कारण माओवादीले दुश्मनको श्रेणीमा राखे । लगातारको यातना र धम्कीले मानसिक रूपमा विक्षिप्त भएपछि उपचारका लागि २०६१ माघमा उनी नेपालगञ्ज झरिन् । जिल्ला सुरक्षा समिति समेतको सिफारिसमा बाँके जिल्ला शिक्षा कार्यालयले काज स्वीकृत गरेपछि राजकुमारी नेपालगञ्जस्थित वाल्मीकि प्राविमा पढाउन थालिन् *(हे. तस्बिर)* । शिक्षा विभागले हरेक वर्ष उनको काज थप गर्दै आएको छ । उपचारका लागि काठमाडौंदेखि लखनऊसम्म पुगेकी राजकुमारी भन्छिन्, "भएभरको सम्पत्ति पनि लुटे, मेरो यो हालत बनाए, अझै रोल्पा फर्केर जाने हिम्मत बटुलेकी छैन, त्यसैले काज थप्न विभागलाई गुहारिरहेकी छु ।"

तर शहर-बजारमा काजमा बस्ने सबै शिक्षकको बाध्यता वा यथार्थ राजकुमारीको जस्तो यथार्थ र पत्यारिलो भने हुने गर्दैन । गम्भीर स्वास्थ्य समस्याको उपचार गराउनुपर्ने, कार्यक्षेत्रमा जान नसक्ने अवस्था, ज्यानकै असुरक्षालगायतका समस्यामा परेका शिक्षकलाई सरकारले काजमा राख्ने व्यवस्था गरेको छ । तर, अनेक बहाना देखाएर काजकै दुरुपयोग गरिएका उदाहरण बढी भेटिन्छन् । विभिन्न बहानाले शिक्षकहरू काजमा बस्ने गर्छन् तर, खास कारण भने सुविधामुखी प्रवृत्ति नै देखिन्छ । व्यक्तिगत सुविधा र स्वार्थका लागि उनीहरूले विभिन्न शक्तिकेन्द्र धाएर काज मिलाउने गरेको पाइन्छ ।

शिक्षा विभागका महानिर्देशक जनार्दन नेपाल पहिले चर्को द्वन्द्व हुँदा काज बस्ने शिक्षकको सङ्ख्या धेरै भएपनि अहिले घट्दै गएको बताउँछन् । उनका अनुसार मेडिकल बोर्डको सिफारिसमा उपचारार्थ पायक पर्ने स्थानमा काज लिएर बस्ने शिक्षकहरुको सङ्ख्या भने बढेको छ । मधेश-तराई केन्द्रित आन्दोलनका क्रममा पनि नजिकका अन्य जिल्लामा काज लिनेहरू ह्वात्तै बढेका थिए । विभागसँग देशभर कति शिक्षक काजमा बसेका छन् भन्ने स्पष्ट तथ्याङ्क छैन ।

सरकारी स्रोतबाट तलब खाने चितवनका २ हजार ६ सय शिक्षकमध्ये काज मिलाएर घरपायक वा सुगम विद्यालयमा बसिरहेकाहरुको सङ्ख्या ४०० को हाराहारीमा छ । विद्यार्थी सङ्ख्या धेरै भएका सुगम ठाउँका विद्यालयहरूले पनि न्यून विद्यार्थी रहने दुर्गम गाउँका विद्यालयबाट सके फकाएर, नसके थर्काएर भएपनि काजमा धमाधम शिक्षकहरुलाई सुगमतिर तानिरहेका छन् ।

पछिल्लो समयमा क्षेत्रीय जिल्ला शिक्षा निर्देशनालयको पत्र लिएर बाहिरी जिल्लाबाट आएका तीन शिक्षक ललितपुरका विद्यालयहरूमा काजमा छन् । लपु जिशिकाका शाखा अधिकृत हरिहर धितालका अनुसार पञ्चावती प्रावि, उदयपुरकी मोहनकुमारी वास्तोला युवा प्रतिभा विद्या मन्दिर खोकनामा *(हे. चिठ्ठी)*, त्रियुगा उच्च मावि, गाईघाटकी राधिका तामाङ ललित विकास निमावि, सौगलमा र




रामेश्वर बोहोरा

पञ्चकन्या निमावि मकवानपुरकी रुपाकुमारी कठायत रुद्रायणी मावि खोकनामा छन् । एउटा जिल्लाभित्रै पनि दुर्गम क्षेत्रमा दरबन्दी रहेका शिक्षक बजारतिरै बस्ने र आफ्नो ठाउँमा अर्केलाई राख्ने क्रम निक्कै हुनसक्ने भएपनि आफूहरूकहाँ जानकारी नआउने गरेको धिताल बताउँछन् । उनी भन्छन्, "विद्यालयमै काजभन्दा पनि कागज मिलाएर हुनसक्ने यस्ता गतिविधिको सुइँको शिक्षा कार्यालयसम्म आइपुग्दैन ।" भट्टेडाँडाकी एक शिक्षक नीता प्रधानको उदाहरण दिँदै उनले थाहा पाए या उजुरी परेमा तलब रोक्का गर्नेदेखि थप कार्वाही समेत चलाउन सकिने बताए । त्रिखण्डी प्रावि, भट्टेडाँडा, ललितपुरकी शिक्षक नीता प्रधानको तलब गत मङ्सिर २०६४ देखि नै जिल्ला शिक्षा कार्यालयले रोक्का गरेको छ । विद्यालय र व्यवस्थापन समितिबाट काज मिलाएर लामो समयदेखि विद्यालय भन्दा बाहिर रहेकी नीताले आफ्नो सट्टा पढाउन 'खेताला' राखेकी थिइन् ।

कविलास मावि चितवनमा ७०० विद्यार्थीलाई पढाउने १६ शिक्षकमध्ये तीन जनालाई छुट्टाछुट्टै विद्यालयले काजमा खटाएका छन् । शिक्षक नारायणप्रसाद अधिकारी र रामजी भण्डारी जिल्ला बाहिरबाट काज मिलाएर सर्नेमा पर्दछन् । अधिकारीको दरबन्दी नवलपरासीको निथुकरम गाविसस्थित धर्मात्मा माविमा छ । त्यहाँ पुग्न राजमार्ग छाडेर १० घण्टा हिँड्नुपर्छ । भण्डारीको दरबन्दी चाहिँ ललितपुरको महाङ्काल उच्च मावि गोटीखेलमा छ । यी दुवै शिक्षकको घर चितवनकै भरतपुर नगरपालिकाभित्र पर्छ । काज मिलाएपछि केही समयका लागि भए पनि यी दुवै घर र विद्यालयबीचको दूरी घटाउन सफल भएका छन् । कविलास माविका विज्ञान शिक्षक एकनारायण पौडेलले लामो विदा लिएपछि अधिकारीलाई चितवन सर्न सजिलो भएको थियो भने अङ्ग्रेजी शिक्षक शम्भुबहादुर भुजेलको सडक दुर्घटनाबाट मृत्यु भएपछि उनको खाली ठाउँ भर्न भण्डारी आएका थिए । अधिकारीले छाडेर आएको नवलपरासीको दुर्गम विद्यालयमा जुम्ला पुगेका नवलपरासीकै अर्का शिक्षकले काज पाएका छन् । भण्डारी चितवन सरेपछि खाली भएको ललितपुरको विद्यालयमा भने सट्टा शिक्षक भर्ती भएका छन् ।

## शक्तिको दुरुपयोग

असुरक्षाको कारण देखाएर ६ वर्षदेखि शिक्षक तीर्थजङ्ग शाही सुर्खेत सदरमुकाम वीरेन्द्रनगरमा काजमा छन् । उनले सुर्खेतकै पर्सेनी माविबाट वीरेन्द्रनगरको खजुरा निमाविमा काज मिलाएका छन् । द्वन्द्वकालमा काज बसेका अधिकांश शिक्षक कार्यथलो फर्किसके पनि शाहीलाई फर्काउन शिक्षा कार्यालयले पनि सकेको छैन । यसको रहस्य अरू केही नभएर उनी नेपाल शिक्षक युनियनको केन्द्रीय सदस्य हुनु हो । असुरक्षाभन्दा पनि राजनीति गर्नलाई सदरमुकाममै काजमा बसिरहेको आरोप शाहीमाथि लाग्ने गरेको छ । तर उनी भन्छन्, "गाउँमा बस्ने वातावरण भएन ।"

सुर्खेतमा अहिले पनि शाही जस्तै ४७ जना शिक्षक काजमा बसेको तथ्याङ्क शिक्षा कार्यालयसँग छ । शिक्षा कार्यालयले द्वन्द्वकालमा काज बस्ने सबै शिक्षकलाई विद्यालय फर्काउने अभियान थालेपनि सम्बद्ध शिक्षकहरुको शक्तिकेन्द्रसँगको निकटताले गर्दा त्यो सफल हुन सकेको छैन । बाँकेमा द्वन्द्वको बहाना बनाएर काज बसेका अधिकांश शिक्षकलाई आफ्नै कार्यक्षेत्र पठाइसकिएको जिल्ला शिक्षा अधिकारी चूडामणि पौडेल बताउँछन् । अहिले ६ जना शिक्षक मात्रै काजमा बसिरहेको बताउँदै उनी भन्छन्, "द्वन्द्वका बेला थुप्रै थिए, अहिले सबैजसो फर्किसके, हामी काजलाई पूरै निरुत्साहित गर्न लागिपरेका छौं ।"

सुर्खेतकै पाँचघरे प्राविकी शिक्षक चन्द्रा चपाईं दुई वर्षदेखि ललितपुरमा काजमा बसेकी छन् । शिक्षा विभागले 'स्वास्थ्यको कारण' भनेर उनलाई काज मिलाइदिएको छ, तर चन्द्राले काज माग्नुको खास कारण चाहिँ ललितपुरमै रहेका उनका लोग्नेसँगै बस्नलाई हो भन्ने बुझ्न कठिन पर्दैन । काज बस्नेमा पुरुषभन्दा महिला शिक्षकको सङ्ख्या बढी छ । सुर्खेत जिल्ला शिक्षा कार्यालयका अनुसार काजमा बसेका प्राथमिकस्तरका ३७ शिक्षकमध्ये २८ जना महिला छन् । अहिलेको शान्तिपूर्ण अवस्थामा पनि काजमै टाँसिएर बस्नुको कारण घरायसी समस्या भएको स्वयं शिक्षकहरू नै स्वीकार्छन् । नाम उल्लेख गर्न नचाहने एक महिला शिक्षकले


जिल्ला शिक्षा कार्यालय
काज सम्बन्धमा ।

# 'बरु जागिरै छाड्छु'


एकल सिलवाल

चितवनकी शिक्षक तीजकुमारी श्रेष्ठ *(हे.तस्बिर)* को घर माडी हो। डेरा भरतपुरमा र दरबन्दी दुर्गम पहाडी गाउँ चण्डी-भञ्ज्याङको राप्रावि; ढालामा छ। तर उनी पढाउँछिन् कविलास मावि जुगेडीमा। चार वर्षअघि बिरामी भएर उपचार गराउनुपर्दा उनले काज मिलाएर आफूलाई दुर्गमबाट सुगममा सारेकी थिइन्। पठाउने विद्यालयले 'काज सकियो' भनेर बोलाएको दिन फिर्ता नगई हुँदैन। तर उनी अब त्यसरी बोलाउनासाथ सरक्क गइहाल्ने पक्षमा छैनन्। "गाडीबाट ओर्लेर तीन घण्टा उकालो चढ्नुपर्छ। पित्तथैली र सुगरको रोगी छु। बरु जागिरै छाड्छु तर उता जान सक्दिनँ", उनले भनिन्।

शिक्षक श्रेष्ठ २०६१ असोजमा राप्रावि ढालाबाट काज लिएर कविलास मावि आएकी थिइन्। उनका लागि कविलासमा खाली ठाउँ थिएन तर स्वास्थ्योपचार र आराम गर्नुपर्ने व्यावहारिकता विद्यालय र जिल्ला शिक्षा कार्यालयले बुझिदिएपछि उनलाई सजिलो भयो। काजमा खटिने विद्यालयलाई पनि ढुङ्गा खोज्दा देउता भेटिए झैं भएको थियो त्यतिबेला। अपाङ्गको विशेष दरबन्दीमा पढाउँदै आएका शिक्षक रवि खकुरेल दरबन्दी नै लिएर काठमाडौं सरुवा भएपछि कविलास माविलाई काजमै आएर पढाइदिने शिक्षकको खाँचो थियो। उता श्रेष्ठले पढाइरहेको राप्रावि ढालामा खाली ठाउँ पाए घरपायक मिलाउने मौकामा थिइन् अझै टाढाको राप्रावि धुर्केसमा पढाउने प्रमिला गुरुङ। यी सबै पक्षको तालमेल मिलेपछि काजको कागजपत्र मिलाउने काम तमाम भयो। फलस्वरुप प्रमिला काज लिएर धुर्केसबाट ढाला आइन् भने त्यहाँकी तीजकुमारी कविलास झरिन्।

सबै तारतम्य मिलिरहेको दुई वर्ष वितेपछि २०६३ मा प्रमिलालाई विद्यालयले फिर्ता बोलायो। त्यसैको 'चेन इम्प्याक्ट' ले तीजकुमारीलाई पनि तान्ने नै भयो। तर शिक्षक खकुरेल सरुवा हुँदा गुमेको विशेष दरबन्दी भराइदिनुपर्ने वा तीजकुमारीकै काज थामिदिनुपर्ने नत्र विद्यार्थीको चाप थेग्न नसक्ने शर्त विद्यालय व्यवस्थापन समितिले शिक्षा कार्यालयसँग राख्यो। विद्यार्थी सङ्ख्याको तुलनामा दरबन्दी अपुग भएकाले यी शर्तहरू इन्कार गर्ने ठाउँ थिएन। शिक्षा कार्यालयले त्यसपछि काज फिर्ताको कुरो पन्छाई ढालामा एउटा राहत दरबन्दी पठाइदियो। तीजकुमारीको काज हालसम्म त्यसैले थामिएको छ। काज थामिएपछि पनि उनमा मनमा अनिश्चय र त्रास कायमै छ। भन्छिन्, "फेरि कुन दिन विद्यालयले फिर्ता बोलाउने हो थाहा छैन। स्कूलमा कोही नयाँ मान्छे आउँदा मैरै काज फिर्ता गराउन कोही आएका हुन् कि भनेर झस्किन्छु।" ■

यतिसम्म भनिन्, "उतिबेला त गाउँमा जानै डर लाग्थ्यो, अहिलेचाहिँ घर छोड्न मन नलागेर हो।"

खासगरी लामो अवधिको काज मिलाउन नेता वा ठूलाबडाहरूको आड चाहिने भएकाले यसले शिक्षकहरूलाई नेताको पिछलग्गु बनाएको देख्नेहरू पनि छन्। चितवनका शिक्षक रामबहादुर भुजेल भन्छन्, "काजका लागि जिल्ला शिक्षा अधिकारीले पनि शक्तिकेन्द्रहरूकै कुरा सुन्ने भएकाले माथिल्लो तहका सबैको पाउ मोल्नुपर्छ। त्यही पनि आस्थाको आधारमा आफ्नो र अर्काको भनेर भेदभाव गर्छन्। यसले राजनीतिक प्रभावलाई चलखेल गर्ने मौका दिएको छ।" हालै मात्र दुर्गम गाउँबाट चितवनको एक माविमा काज मिलाएका अर्का शिक्षकको भोगाइमा काम लिएर एक्लै जिल्ला शिक्षा कार्यालय पुग्दा कसैले पत्याएनन् तर एक शिक्षक नेताको सहयोग पाएपछि खोजेको काम सजिलैसँग भयो। "राजनीतिक आड नलागी काम गर्नै नसकिने भएपछि स्वतन्त्र हुन सकिँदोरहेनछ", उनले मनको तीतो पोखे।

सदुपयोग भएको अवस्थामा शिक्षकले लिने काजका केही फाइदाहरू पनि छन्। नेपाल शिक्षक युनियन चितवनका पूर्व अध्यक्ष हरि आचार्य त्यसको उदाहरण दिँदै भन्छन्, "यसले विद्यार्थी सङ्ख्या नभएका तर शिक्षक दरबन्दी धेरै भएका स्कूलबाट काम नभएका शिक्षकहरूलाई विद्यार्थी सङ्ख्या बढी भएका विद्यालयहरूमा सार्न सजिलो भएको छ। तीन वर्षअघि आफू युनियनको अध्यक्ष छँदा थोरै विद्यार्थी भएका ठाउँमा भन्दा ४/५ वटा विद्यालयहरूबाट त्यसरी नै काजमा शिक्षक व्यवस्था गरिदिएको जानकारी उनले दिए।

## समस्याको चाङ

सम्बन्धित विद्यालय, जिल्ला शिक्षा कार्यालय र क्षेत्रीय शिक्षा निर्देशनालयको सिफारिसमा शिक्षा विभागले मात्रै शिक्षकको काजको निर्णय गर्न सक्छ। काज पनि सामान्यतया २-३ महिनाभन्दा लामो समय दिन मिल्दैन। तर, विभागले नै एकमुष्ट एक वर्षसम्म काज दिने र हरेक वर्ष काज अवधि थप्ने गरेका उदाहरण थुप्रै छन्। काजको सदुपयोग भए नभएको अनुगमन गर्ने निकायबाटै यतिसम्म हचुवाको भरमा काम हुने गरेकाले शिक्षकहरू व्यक्तिगत फाइदाका लागि विभिन्न बहानामा काज बस्ने प्रवृत्ति बढ्दै गएको अनुमान गर्न सकिन्छ।

शिक्षकहरू काजमा बस्नाले विद्यालयको पठनपाठन प्रत्यक्षत: प्रभावित बन्ने गरेको छ। शिक्षक बस्ने विद्यालयलाई असर नपरे पनि अरू विद्यालयहरूले त्यसको मार खेप्नुपर्छ। काजमा बसेका अधिकांश शिक्षकका ठाउँमा राहत कोटाका शिक्षक पठाइएका छन्। लामो समयसम्म काजमा बस्दा विरोध हुन्छ भनेर काजमा बस्ने शिक्षकले नै आफ्नो विद्यालयमा राहत कोटा पार्ने गरेको भेटिन्छ। तीर्थजङ्ग शाहीको विद्यालय पर्सेनी माविमा दुईजना राहत शिक्षक छन्। आफू काजमा बसेपछि अभिभावकलाई खुसी पार्न उनले राहत शिक्षकको व्यवस्था गरेका हुन्। शाही भन्छन्, "म काजमा बसे पनि के फरक पर्‍यो र? बरु, विद्यालयले एकको ठाउँमा दुई शिक्षक पाएको छ।"

तर, यसको मार जिल्लाको अर्को विद्यालयलाई परेको

प्रति भने कसैको ध्यान जाँदैन। जिल्लामा यस्ता थुप्रै विद्यालयहरू छन्, जसले वर्षौंदेखि प्रयास गर्दासमेत राहत कोटाका शिक्षक पाउन सकेका छैनन्। तर, काजमा बसेका शिक्षकहरूले आफ्नो विद्यालयमा सजिलै राहतकोटा मिलाउँछन्। सुर्खेतमा मात्रै करिब ५० राहत कोटा काजमा बस्ने शिक्षकका विद्यालयले पाएका छन्। विषयगत शिक्षक नै काजमा बसेपछि आउने राहतकोटाका शिक्षकले गर्दा पढाइको स्तर पनि खस्केको छ। माध्यमिक र निम्न माध्यमिक तहका शिक्षकहरू काजमा बस्दा त्यसले अझ बढी असर गर्छ। कोपिला माविका प्रधानाध्यापक पहल केसी भन्छन्, "यो तहमा विषयगत शिक्षक हुने भएकोले एकजना मात्र बाहिर गयो भने त्यो विषयको पढाइ नै अवरुद्ध हुन्छ।" काफलकोट माविका विज्ञान शिक्षक चूडामणि सुवेदी घर पायक पर्ने विद्यालय बड्डीचौर माविमा काजमा बसेपछि पाँच वर्षदेखि त्यहाँका विद्यार्थीले कामचलाउ शिक्षकबाट विज्ञानजस्तो जटिल विषय अध्ययन गरिरहेका छन्। अर्कोतर्फ, बड्डीचौरमा भने दुई/दुई जना विज्ञान शिक्षक छन्।

अखिल नेपाल शिक्षक सुर्खेतका जिल्ला अध्यक्ष रघुवीर बिक काजमा बसेका शिक्षकहरूलाई सम्बन्धित विद्यालयमा फर्काउन सकेमात्रै शिक्षा क्षेत्रको ठूलो रोग निको हुने बताउँछन्। तर, त्यस्तो पहल हुँदैन वा भएपनि प्रभावहीन हुन्छ। उनी भन्छन्, "शिक्षक संघ-सङ्गठन र युनियनले यस्तो पहल गर्ने कुरै भएन, किनभने यस्तो स्थिति सृजना गर्ने उनीहरू नै हुन्।" जिल्ला शिक्षा अधिकारी भक्तबहादुर ढकाल शिक्षकहरू काज बस्ने प्रवृत्ति शिक्षा क्षेत्रकै ठूलो समस्या भएको बताउँछन्। भन्छन्, "यो राजनीतिक समस्याले स्थापित गरेको प्रवृत्ति हो, हामी यसलाई घटाउने प्रयास मात्रै गर्न सक्छौं।"

तर, नेपाल शिक्षक युनियनका बाँके अध्यक्ष बलराम यादव क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागसम्म पहुँच हुनेले मात्रै काज पाउने गरेको र यसले शिक्षाक्षेत्रमै विकृति ल्याएको ठान्छन्। "पहिले द्वन्द्व र असुरक्षाको बहाना हुन्थ्यो, अहिले त त्यो छैन नि! तर पनि अहिलेसम्म काज किन बसिरहेको?" उनी भन्छन्, "शिक्षा विभागसम्म पहुँच हुनेले जे गरे पनि हुन्छ, यसबारे विभाग र निर्देशनालय गम्भीर भएनन्।" जहाँ खटायो त्यहीं जाने बाचा गरेर जागिर खाएका शिक्षकहरू राजनीतिक पहुँचका आधारमा काजमा बस्ने प्रवृत्ति बढ्दै गएकाले यसको अन्त्यका लागि राजनीतिक प्रतिबद्धता नै आउनुपर्ने उनको धारणा छ।

तर काजको यो रोगलाई तबसम्म निमिट्यान्न पार्न सकिन्न, जबसम्म जिल्ला शिक्षा कार्यालय वा त्योभन्दा माथिल्ला कार्यालयहरूले काज दिने अधिकार राख्दछन्। समुदाय र विद्यालय व्यवस्थापन समितिलाई शिक्षक काजमा पठाउने वा नपठाउने वा विकल्पको व्यवस्था गर्ने पूर्ण अधिकार दिइने हो र काजमा गएको शिक्षकले विद्यालयमा नपढाएका दिन तलब नपाउने नियम लागू नगर्दासम्म यो प्रथा कुनै न कुनै रूपमा रहिरहन सक्ने देखिन्छ। ■

साथमा **एकल सिलवाल**, चितवन, **रामेश्वर बोहरा**, नेपालगन्ज र **कलेन्द्र सेजुवाल**, सुर्खेतमा

# 'धेरैजसो जानकारी विभागसम्म आई नै पुग्दैन'

**जनार्दन नेपाल, महानिर्देशक, शिक्षा विभाग**



**काज शिक्षकको अवस्था कस्तो छ?**

द्वन्द्वको कारणले धेरै शिक्षक सदरमुकामतिर काजमा बस्ने गरेका थिए। शान्तिपूर्ण वातावरण बन्दै गएपछि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बनेको सुरक्षा समितिको सिफारिसमा काज राख्ने क्रम हटाइएको छ। त्यसको साटो मेडिकल बोर्डको सिफारिसमा उपचारका लागि भनेर काज बस्ने क्रम बढेको छ। तराई आन्दोलनका क्रममा पनि कतिपय जिल्लामा काजमा शिक्षकहरू बस्न बाध्य भएका थिए।

**द्वन्द्वका नाममा काजमा बसेका धेरै शिक्षकहरू अझै पनि विद्यालय फर्केको पाइन्न नि?**

पहिले द्वन्द्वको कारण देखाए पनि अहिले अरू कारणले बसिरहेका हुनसक्छन्। दुर्गम गाउँबाट अनेक बहानामा सदरमुकाम र जिल्लाकै सुगम स्थानमा काजमा बसेकाहरू बारे जिल्ला र सम्बन्धित विद्यालयलाई नै थाहा हुन्छ। शिक्षा विभागसम्म त्यस्तो जानकारी नै आइपुग्दैन। कतिपय काजका शिक्षक विद्यालयमै दरबन्दी खाली भएकाले पनि बसिरहेका हुनसक्छन्। कुनै विद्यालयमा शिक्षक बढी र कुनैमा अभाव भए पनि काजमै लैजान सकिन्छ।

**काजले समस्या उत्पन्न गरेको छैन र?**

डेढ लाख शिक्षकका सबै कुरा हामीलाई थाहा हुने कुरा भएन। एक ठाउँको तलब खाने र अर्को ठाउँ बस्ने, सट्टा शिक्षक राखेर अन्यत्र काम गर्ने, अनि दुर्गमबाट सुगममा जान अनेक बहाना बनाउने गरेको पाइन्छ। त्यसरी आफूखुशी अर्को शिक्षक राखेको पाइएमा कारबाही हुन्छ तर हामीकहाँ जानकारी नै आइपुग्दैन।

**उपचार र अन्य बहाना बनाएकै भरमा सुगम स्थानमा काज पाइन्छ भन्छन् नि?**

मेडिकल बोर्डले दिएको अशक्त, उपचार गर्न अस्पताल धाउनुपर्ने, दुर्गम क्षेत्रमा बस्न नसक्ने आदि कारणका कागजपत्र लिएर धेरैले काज लिएको पाइन्छ। बोर्डले पत्र लेखेपछि हामीले स्वीकृति दिनै पर्‍यो तर यसबाट पनि धेरैले फाइदा लिएका हुनसक्छन्। कति साँच्चिकै अशक्त भएपनि केहीप्रति बोर्ड नरम भएको हो कि जस्तो हामीलाई लागेको छ।

**सोर्स-फोर्स र 'माथि'को पहुँचका भरमा पनि काज पाइन्छ रे नि?**

त्यस्तो सोर्स र पहुँचका भरमा केही हुँदैन। नेपालीहरूमा आरोप लगाउने संस्कार नै छ। आफूलाई पर्दा जसरी पनि काम लिने अर्काको चाहिँ विरोध गर्ने यो त्यस्तै आरोप मात्र हो।


**मनपरी काज नियन्त्रण गर्न सकिन्न र?**

विभागसम्मै आधिकारिक जानकारीसहित त्यसरी काजमा बसेको धेरै देखिन्न। जिल्ला, विद्यालय तहमै काज मिलाइने र धेरै जसो समस्या हुने भएकाले अनुगमनको खाँचो छ। छानबिन र अनुगमन बढाएर यसलाई नियन्त्रण गर्न सकिन्छ। ■

बाबुराम विश्वकर्मा

# आसलाग्दो उपलब्धि

**उच्चशिक्षा हासिल गर्ने दलितको सङ्ख्या एक दशकमै तेब्बर वृद्धि भएको छ। २०४८ सालसम्ममा देशभरिबाट जम्मा ५ हजार १८० जना दलितले एस.एल.सी. उत्तीर्ण गरेकोमा ०५८ सालसम्ममा १८ हजार १८७ जनाले एसएलसी उत्तीर्ण गरेका थिए। स्नातक र त्यसभन्दामाथि उत्तीर्ण गर्नेको सङ्ख्या ६७० बाट बढेर २ हजार ९०७ पुगेको थियो।**



महाबौद्ध मावि, काठमाडौंमा पढाउँदै एकराज लकान्द्री (विश्वकर्मा)।

किरण पाण्डे

शैक्षिक प्रगतिका दृष्टिले २०४६ मा पुनर्स्थापित प्रजातन्त्र दलित र पछिपरेका अन्य समुदायको निम्ति फलिफापपूर्ण सावित भएको छ। प्रजातन्त्र पुनर्स्थापनापछिको एकदशकको अवधिमा दलितको साक्षरता दर झण्डै दोब्बर वृद्धि भएको छ। यसैगरी अन्य पिछडिएका जातिले पनि यस अवधिमा उल्लेख्य शैक्षिक उपलब्धि हासिल गरेका छन्। केन्द्रीय तथ्याङ्क विभागको आँकडा अनुसार २०४८ मा १९.३ प्रतिशत रहेको साक्षरता दर सात वर्षअघि; २०५८ मा ३३.८ प्रतिशत पुगिसकेको थियो। नेपालको औसत साक्षरता दर २०५८ मा ५४.१ र २०४८ मा ३९.६ प्रतिशत थियो। त्यसै अवधिमा उच्च शिक्षा प्राप्त दलितको सङ्ख्या झण्डै तीन गुणाले बढेको पाइन्छ। २०५८ पछिका ७ वर्षमा दलित र पिछडिएका वर्गको शैक्षिक प्रगति अरू तीव्र गतिमा भएको सहजै अनुमान गर्न सकिन्छ।

तर शिक्षितको सङ्ख्या बढेकै आधारमा शिक्षण पेशामा दलितको सहभागिता भने बढ्न सकेको पाइँदैन। शिक्षा विभागले २०६५ जेठमा सार्वजनिक गरेको *फ्ल्यास वान रिपोर्ट* २०६४ ले देशभरिका १ लाख ६५ हजार ४२३ शिक्षकहरूमध्ये ६ हजार २४३ (३.८ प्रतिशत) मात्र दलित रहेको देखाउँछ। *(हे. तालिका-१)*

शिक्षा मन्त्रालय, शिक्षा विभाग, शिक्षक सेवा आयोग, जिल्ला शिक्षा कार्यालय, विद्यालय व्यवस्थापन समितिलगायत शिक्षक नियुक्तिमा प्रत्यक्ष भूमिका निर्वाह गर्ने निकायहरूमा दलितको उपस्थिति र पहुँच न्यून भएका कारण दलितहरू शिक्षण पेशाप्रति पर्याप्त मात्रामा आकर्षित हुन र नियुक्तिको प्राथमिकतामा पर्न नसकेको गुनासो शिक्षित दलित र तिनका अगुवाहरूको छ। काठमाडौंको महाबौद्ध माविका शिक्षक एकराज लकान्द्री भन्छन्, "पढे-लेखेका दलितको अनुपातमा शिक्षण पेशाप्रति उनीहरू अझै आकर्षित हुनसकेका छैनन्। शिक्षक नियुक्तिमा अहिलेसम्म दलितलाई प्राथमिकता दिइएको छैन। धेरै जसो आफ्नै क्षमतामा शिक्षक बनेका छन्।" उनले आफू दलित समुदायको भए पनि प्रतिस्पर्धाबाट शिक्षक बनेको बताए। नवौं

योजना (२०५४-०५९) मा प्रत्येक माध्यमिक विद्यालयमा योग्यता पुगेका एक जना दलित शिक्षक नियुक्ति गरिने लक्ष्य राखिएको भए पनि त्यसको कार्यान्वयन हुन सकेन। दशौं र पहिलो तीनवर्षे अन्तरिम योजनामा त त्यस्तो लक्ष्य समेत राखेको पाइँदैन।

अन्तरिम संविधान २०६३ लागू भएपछि निजामती सेवामा दलित, महिला, जनजाति र मधेशीलाई समावेशी सिद्धान्तका आधारमा भर्ना गर्ने प्रक्रिया थालिएको छ तर शिक्षक नियुक्तिमा भने अन्तरिम संविधानको समावेशी प्रावधान कार्यान्वयन गरिएको छैन। शिक्षक सेवा आयोगले समावेशी सिद्धान्तका आधारमा शिक्षक नियुक्ति गर्न तयार गरेको मस्यौदा कानून मन्त्रालयमा पुगेको छ। शिक्षा मन्त्रालयअन्तर्गत विद्यालय शिक्षक शाखाका अधिकृत भरत श्रेष्ठका अनुसार कानून मन्त्रालयले थप अध्ययनका लागि शिक्षा मन्त्रालय र शिक्षक सेवा आयोगसँग प्रतिनिधि मागेको छ।

योग्यता पुगेका केही दलित प्रतिस्पर्धा गरेर स्कूल शिक्षक मात्र नभई विश्वविद्यालय र क्याम्पसका लेक्चरर समेत बनेका छन्, तर यस्ताको सङ्ख्या धेरै छैन। त्रिभुवन विश्वविद्यालय कीर्तिपुरको हिन्दी विभागमा बसन्तकुमार विश्वकर्मा, अङ्ग्रेजीमा पदमलाल विश्वकर्मा र पुष्पलाल दमाई उप-प्राध्यापक थिए भने त्रि-चन्द्र क्याम्पसमा गणित विषयमा मानबहादुर विश्वकर्मा थिए। माओवादीले पदमलाललाई व्यवस्थापिका संसदमा मनोनीत गरेपछि उनले उप-प्राध्यापक पदबाट राजिनामा दिए। उप-प्राध्यापक मानबहादुर विश्वकर्माले भने काङ्ग्रेसको राजनीतिमा सक्रिए भएपछि राजिनामा दिएका थिए। स्नातकोत्तरमा अङ्ग्रेजी विषय लिएर प्रथम श्रेणीमा प्रथम पुष्पलाल दमाई थप अध्ययनका लागि अमेरिका गएका छन्। त्रिविवि र अन्य क्याम्पसमा प्राध्यापन गर्ने दलितको सङ्ख्या करिब ३० रहेको अनुमान गरिएको छ।




**तालिका १ समुदायको आधारमा शिक्षक सङ्ख्या**

| तह | दलित | | जनजाति | | बाहुन-क्षत्री-मधेशी | | कुल | |
|---|---|---|---|---|---|---|---|---|
| वर्ष | २०६४ | २०६५ | २०६४ | २०६५ | २०६४ | २०६५ | २०६४ | २०६५ |
| प्रावि | ३११४ | ४६७४ | ३०५२२ | १७६७४ | ८८८२८ | ९४५२८ | १२४५८४ | ११६८४६ |
| निमावि | ५६३ | ९४९ | ५९२८ | ३१८१ | २४३९७ | २३५८८ | ३११९८ | २७९०३ |
| मावि | २७६ | ६२० | ३२५३ | १९२३ | १९१५४ | १८११० | २२९११ | २०६७४ |
| जम्मा | ३९५३ | ६२४३ | ३९७०३ | २२७७८ | १३२३७९ | १३६३२६ | १७८६९३ | १६५४२३ |

स्रोत: शिक्षा विभाग

## पढेका बढी

०४६ सालसम्म सिला खोज्दा पनि शिक्षित दलित भेट्न मुस्किल पर्ने मोरङको इटहरा गाविसबाट त्यसयता दुई जनाले स्नातकोत्तर, तीन जनाले स्नातक, आठ जनाले प्रमाणपत्र तह, १२ जनाभन्दा बढीले एसएलसी र दुई जना दलित महिलाले नर्सिङ उत्तीर्ण गरेका छन्। स्नातकोत्तर पूरा गरी काठमाडौं महाबौद्ध माविमा पढाइरहेका इटहरा-३ का एकराज लकान्द्री आफ्नो गाउँका हरेक दलित परिवारले बालबच्चालाई अनिवार्य रूपमा स्कूल पठाउन थालेको बताउँछन्। उनका अनुसार उहिल्यै स्कूलको मुख देख्न नपाउने दलित बालबालिका अचेल गाउँमै कम्प्युटर चलाउन थालेका छन्।

डेढ दशकअघिसम्म सिन्धुलीको हत्पते- ४ का जगतमान विश्वकर्मा कतैबाट पत्र आए वा कसैलाई पत्राचार गर्नु परे गाउँका लेखनदास कमल थापा मगरलाई लगाउँथे। अहिले भने उनी यो झमेलाबाट मुक्त छन्। जगतमानका दुई छोरामध्ये एउटाले दश जोड दुई र अर्कोले एसएलसी उत्तीर्ण गरिसकेका छन्। १५ वर्षअघिसम्म पढे-लेखेका दलितको सङ्ख्या शून्य रहेको ४ नं. वडामा मात्रै अहिले एक जना स्नातकोत्तर, एक जना प्रमाणपत्र तह र दुई जना एसएलसी उत्तीर्ण छन्।

त्यस्तै १६ वर्षसम्मअघि साक्षर दलित भेट्न मुस्किल पर्ने स्याङ्जाको पञ्चमूल-७ का २२ जनाले एसएलसी उत्तीर्ण गरेका छन् भने चार जनाले प्रमाणपत्र तह र दुई जनाले स्नातकोत्तर पूरा गरेका छन्। आमसञ्चार र पत्रकारितामा स्नातकोत्तर गरेका पञ्चमूल-५ का सुशील विश्वकर्माको भनाइमा यतिबेला उनको गाउँबाट बालबच्चा पढ्न नपठाउने दलित परिवार एउटा मात्र छ। "गाउँको एउटा दलित परिवारले हामीले नै छोराछोरी स्कुल भर्ना गरिदिँदा पनि पढ्न पठाएन", सुशील भन्छन्।

विकासमा अलि बढी नै पछिपरेको बझाङ जिल्लाको कफलसेरी गाविसमा समेत एसएलसी उत्तीर्ण दलितको सङ्ख्या तीन पुगेको छ। त्यस गाउँको एक जनाले स्नातकोत्तर र अर्को एक जनाले प्रमाणपत्र तह सकेका छन्। शिक्षाशास्त्रमा स्नातकोत्तर गरिरहेका कफलसेरीका

# रिपोर्टः दलितमा शिक्षा

वृषलाल विश्वकर्मा पढेपछि उन्नति हुन्छ र छुवाछूतको भेदभाव भोग्नुपर्दैन भन्ने भावनाले गाउँका दलितमा शिक्षा आर्जन गर्ने लहर आएको बताउँछन्।

दलित शिक्षक थोरै भए पनि देशका चार विकास क्षेत्रका चार गाउँका यी प्रतिनिधिमूलक दृष्टान्तले दलितमा शिक्षाको लहर आएको देखाउँछन्। दलितको जनसङ्ख्या भने २०४८ को तुलनामा २०५८ मा घटेको छ। २०४८ सालमा दलितको जनसङ्ख्या ३१ लाख २३ हजार ५२२ अर्थात् कुल जनसङ्ख्याको १६.९ प्रतिशत थियो। दलितभित्रका जातिले बाहुन-क्षेत्रीसँग मिल्ने थर राख्ने क्रम बढेकोले २०५८ सालको जनगणनामा तिनको सङ्ख्या घटेर ३० लाख २१ हजार ३८६ अर्थात् १३.२८ प्रतिशतमा झरेको छ।

नेपालको जनसङ्ख्या मोनोग्राफ-२००३ ले सबैभन्दा कम साक्षरता दर भएका जातिमा मधेशका मुसहर, डोम, पत्थरकट्टा, चमार, दुसाध, खत्वे र तत्मालाई देखाएको छ। तर, २०५८ को जनगणना अनुसार यी जातिको पनि साक्षरता बढेकै देखिन्छ। जसअनुसार तत्माको ३१,

**तालिका २ दलितको साक्षरता दर**

| जाति | २०४८ | २०५८ |
|---|---|---|
| विश्वकर्मा | २६ | ४२.६ |
| परियार | २८ | ४३.५ |
| सार्की | २५ | ३८.३ |
| गन्धर्व | ३१ | ४६.८ |
| वादी | २१.५२ | ३३.५ |
| चमार | १० | १९.२४ |
| मुसहर | ४.८५ | ७.२८ |
| दुसाध | १०.७३ | १९.५९ |
| खत्वे | १२.३९ | २१.८६ |
| धोवी | २१.५३ | ३४.६ |
| तत्मा | - | ३१ |
| चिडिमार | - | १४ |
| हलखोर | - | ३१.२७ |
| डोम | - | ९.४ |
| पत्थरकट्टा | - | ३२ |
| बाँतर | - | २८.८ |
| परिचय नखुलेका | - | २६ |
| कुल | १९.३ | ३३.८ |
| कुल राष्ट्रिय | २९.६ | ५४.१ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग

चिडिमारको १४, हलखोरको ३१.२७, डोमको ९.४, पत्थरकट्टाको ३२ र बाँतरको २८.८ प्रतिशत पुगेको छ। २०४८ सालको जनगणनामा यी जातिको छुट्टै साक्षरता देखाइएको छैन। राष्ट्रिय दलित आयोगले दलितमा सूचीकृत गरेकामध्ये कलर, ककिहया, कोरी, खटिक, पासी, मेस्तर र सरभङ्गको साक्षरता दर २०५८ को आँकडामा छैन, यसको साटो अपरिचित दलित भनेर २६ प्रतिशत साक्षरता उल्लेख गरिएको छ। *(हे. तालिका-२)*

उच्चशिक्षा हासिल गर्ने दलितको सङ्ख्या एक दशकमै तेब्बर वृद्धि भएको छ। २०४८ सालसम्ममा देशभरिबाट जम्मा ५ हजार १८० जना दलितले एसएलसी उत्तीर्ण गरेकोमा ०५८ सालसम्ममा १८ हजार १८७ जनाले एसएलसी उत्तीर्ण गरेका थिए। प्रमाणपत्र तह उत्तीर्ण गर्नेको सङ्ख्या १ हजार ५२० बाट बढेर ७ हजार ३३ पुगेको छ भने स्नातक र त्यसभन्दामाथि उत्तीर्ण गर्नेको सङ्ख्या ६७० बाट बढेर २ हजार ९०७ पुगेको थियो। यो सङ्ख्या २०५८ सम्मको मात्रै हो। विगतको तुलनामा ०५८ सालपछि दलितको साक्षरता दर र उच्चशिक्षा हासिल गर्ने दलितको सङ्ख्या झन् बढेको छ। शिक्षाविद् डा. विद्यानाथ कोइराला दलित समुदायको शैक्षिक दर बढ्नुमा पहिले उनीहरूमा पढ्नेको सङ्ख्या कम रहनुलाई कारण देख्छन्। उनी भन्छन्, "अब दलितमा नपढेकाको सङ्ख्या कम छ, दलितले पढाइको स्वाद पाएकोले शैक्षिक दर बढेको हो। यो अब झन् बढ्दै जान्छ।" डा. कोइरालाको बुझाइमा पढेपछि छुवाछूतबाट मुक्त भइने र अरूबाट नठगिने आसले दलितले पढाइलाई महत्त्व दिएका हुन्।

दलित समुदायबाट विद्यावारिधि गर्नेको सङ्ख्या भने तीन मात्र भेटिएको छ। विद्यावारिधि गर्नेमा २०२४ सालका एसएलसी बोर्ड प्रथम द्रोण रसाइली, मदन परियार र चेतबहादुर परियार छन्। युक्रेनबाट सन् १९९७ मा सिभिल एण्ड इन्भारोमेन्टल इन्जिनियरिङमा विद्यावारिधि गरेका चेतबहादुर परियार शहरी योजना सम्बन्धी नीतिनिर्माताको रूपमा प्रोजेक्ट प्रिपरेसन टेक्निकल एसिस्टेन्स् (पीपीटीए) पानीपोखरीमा कार्यरत छन् भने भौगोलिक सूचना प्रणालीमा विद्यावारिधि गरेका डा. मदन परियार सूचनाप्रविधिसम्बन्धी नेपाल सरकारको उच्चस्तरीय आयोगमा सदस्यसचिव छन्। डा. द्रोण रसाइली भने पहिलेदेखि नै क्यानडामा छन्। डा. चेतबहादुर परियारले दलित समुदायका शिक्षितहरूलाई सङ्गठित गर्न राष्ट्रिय दलित बुद्धिजीवी प्रतिष्ठान स्थापना गरेका छन्।

भारतीय संविधान निर्माता डा. भीमराव अम्बेडकरले दलितलाई आफ्नो मुक्तिका लागि 'पहिला शिक्षित बन, त्यसपछि सङ्गठित होऊ र सङ्घर्ष गर' भन्ने तीन सूत्रीय सुझाव दिएका थिए। अम्बेडकर भन्दाअघिका भारतीय समाजसुधारक महात्मा ज्योतिवा गोविन्दराव फूलले सन् १८४८ मा दलितले शिक्षित बन्नुपर्छ भन्दै स्कूल खोलेर दलितलाई शिक्षामा अभिप्रेरित गरेका थिए।

संयोग हो या भारतीय अनुभवबाट सिकेर हो, नेपालका प्रथम दलित नेता भगत सर्वजीत विश्वकर्माले पनि २००९ सालमा बाग्लुङको हिलियापानीमा स्कूल खोलेर शैक्षिक जागरण थालेका थिए। उनले स्थापना गरेको विश्वकर्मा

माध्यमिक विद्यालयमा अहिले ३४० विद्यार्थी र १३ जना शिक्षक छन्। पहिलो दलित शिक्षक भगत सर्वजीत हुन्। सम्बत् १९५० मा बाग्लुङमा जन्मेका सर्वजीत आफूले खोलेको स्कूलमा आफैं पनि पढाउँथे। दलित अगुवाले खोलेको यो विद्यालयमा दलित र गैरदलित दुवै समुदायका विद्यार्थी पढ्दै आएका छन्।




सर्वजीतको शैक्षिक अभियान पञ्चायतकालमा भने फस्टाउन पाएन। पूर्व उप-प्राध्यापक पदमलाल विश्वकर्मा प्रजातान्त्रिक चेतना, सरकारले उपेक्षित र सीमान्तीकृत समुदायको शैक्षिक उत्थानका लागि गरेको काम र अवसर पाइएला कि भन्ने आशाले शिक्षाप्रति दलितको मोह बढाएको बताउँछन्। अन्तरिम संविधानमा शिक्षालाई मौलिक हकको रूपमा राखिएको र राज्यले दलित उत्थानका लागि नीतिगत व्यवस्था गरेकाले अब दलितलाई शिक्षाको मूलप्रवाहमा ल्याउने ढोका खुलेको उनको भनाइ छ। पदमलालको जस्तै नेपाल राष्ट्रिय स्वतन्त्र दलित विद्यार्थी सङ्गठनका अध्यक्ष राम नेपालीको पनि धारणा रहेको छ। उनको भनाइ छ, "लोकतान्त्रिक वातावरणले दलितलाई पढ्न र पढाउन अभिप्रेरित गऱ्यो अनि पढेमा छुवाछूतको शिकार बन्नुपर्दैन भन्ने भावनाले पनि काम गऱ्यो।"

## योगदान लोकतन्त्रको

२०४६ मा प्रजातन्त्र पुनर्स्थापनापछि दलितलाई शिक्षाको मूलधारमा ल्याउन सरकारले पनि उल्लेख्य प्रयास गर्दै आएको छ। शिक्षा विभागको लैङ्गिक विकास महाशाखाका अधिकृत दिव्या दवाडीका अनुसार पाँच वर्षअघिदेखि शुरु भएको दलित छात्रवृत्तिले दलित बालबालिकाको विद्यालय भर्ना दरलाई बढाएको छ। चालु आर्थिक वर्ष २०६४/०६५ को अवधिमा सरकारले प्राथमिक तहमा अध्ययनरत् ७ लाख ३१ हजार ५९ जना दलित विद्यार्थीलाई रु.३५० का दरले रु.२५ करोड ५८ लाख ७० हजार ६५० वितरण गरेको विभागको तथ्याङ्कमा छ। त्यस्तै माध्यमिक शिक्षा सहयोग कार्यक्रमबाट माध्यमिक तहसम्म दलित विद्यार्थीलाई नि:शुल्क पढाउनका लागि सरकारले सन् २००३ बाट प्रति दलित विद्यार्थी रु.५०० का दरले विद्यालयलाई अनुदान दिँदै आएको छ।

सन् २००६ देखि लागू भएको माध्यमिक शिक्षा छात्रवृत्ति कार्यक्रमअन्तर्गत देशभरका ६० हजार दलित विद्यार्थीले वार्षिक रु.१७ सय पाउँछन्। शाखा अधिकृत दवाडीका अनुसार यसमा ४० हजार छात्रा हुनुपर्ने तथा दलित, जनजाति र विपन्नलाई प्राथमिकता दिने व्यवस्था गरिएको छ। दलित छात्रवृत्ति सही तरिकाले वितरण नभएको गुनासो भने शिक्षा विभागसम्म पुगेको छ। शिक्षा मन्त्रालयले आर्थिक वर्ष २०६१/०६२ मा ५ लाख २१ हजार ६४ जना, २०६२/०६३ मा ६ लाख ३४ हजार ८९६ जना र २०६३/०६४ मा ६ लाख ८६ हजार ७२५ जना दलित छात्रछात्रालाई रु.३५० का दरले छात्रवृत्ति वितरण गरेको थियो। शिक्षा विभागका महानिर्देशक जनार्दन नेपाल दलित छात्रवृत्तिले दलित बालबालिकालाई शिक्षाको मूलधारमा ल्याउन महत्त्वपूर्ण योगदान गरेको बताउँछन्। उनको कथन छ, "दलितलाई शिक्षाको मूलधारमा ल्याउन सरकारले सक्दो प्रयास गरेको छ, प्रगति पनि भएको छ, अहिले प्रावि, निमावि र मावि तहमा छात्रवृत्तिको व्यवस्था गरिएको छ, अब उच्चशिक्षामा पनि दिनुपर्छ भन्नेमा छौं।" शिक्षाविद् डा. विद्यानाथ कोइराला पनि राज्यको प्रयास नभएको भए दलितलाई पढाइमा प्रगति गर्न अझै कठिन हुन्थ्यो भन्ने ठान्छन्।

उच्चशिक्षामा प्रेरित गर्न उपेक्षित उत्पीडित र दलित वर्ग उत्थान विकास समितिले २०५४ सालदेखि अहिलेसम्म १ हजार २३८ जना दलित छात्रछात्रालाई छात्रवृत्ति उपलब्ध गराएको छ। समितिका कार्यक्रम शाखा प्रमुख दीपक घिमिरेका अनुसार, प्रमाणपत्र तहमा अध्ययन गर्ने दलितलाई वार्षिक रु.१५ हजार, स्नातकलाई रु.२० र स्नातकोत्तरलाई रु.२५ हजारका दरले छात्रवृत्ति दिने गरिएकोमा दुई वर्षअघि रकम घटाएर प्रमाणपत्र तहमा वार्षिक रु.१३ हजार, स्नातकमा रु.१६ हजार र स्नातकोत्तरमा अध्ययन गर्नेलाई रु.१९ हजार दिन थालिएको छ।

## बाँकी छ चुनौती

दशौं योजना अवधिमा दलितको शैक्षिक स्थितिमा सुधार आएको निचोड प्रस्तुत गरिएको छ। तीनवर्षे चालु अन्तरिम योजनामा पनि दलितलाई शिक्षामा अभिप्रेरित गर्न शैक्षिक विकासका विभिन्न कार्यक्रम राखिएको छ। दलित छात्रछात्राका लागि वितरण गरिएको प्राथमिक र माध्यमिक छात्रवृत्तिलाई निरन्तरता दिने, घना दलित बस्ती भएका सय वटा विद्यालयमा जाने छात्रवृत्तिको अनुगमन गर्ने, स्कूलभित्र छुवाछूतको अनुगमन गर्ने व्यवस्था चालु योजनामा पनि परेको छ। स्वदेशी तथा विदेशी छात्रवृत्तिमा आरक्षण, न्यून आय भएका दलितका लागि हरेक विकास क्षेत्रमा छात्रवास स्थापना र भएकालाई सुदृढ गरिने योजनामा अघि सारिएको छ। नेपाली भाषा नबुझ्ने दलितलाई मातृभाषामा शिक्षाको व्यवस्था, मधेशका चिडिमार, डोम, धन्कार र मुसहरको शैक्षिक विकास लागि 'विशेष प्याकेज' कार्यक्रम सञ्चालन गरिनेलगायतका कार्यक्रम अन्तरिम योजनामा उल्लेख गरिएको छ।

दलितको शिक्षामा प्रगति भए पनि तिनले यस क्षेत्रमा भोग्नु परेका समस्याको चाङ पनि ठूलै छ। विद्यालय बाहिर रहेका करिब १०.९ प्रतिशत बालबालिकामा दलितको सङ्ख्या मनग्य रहेको अनुमान गर्न सकिन्छ। दलित विद्यार्थीले अझै पनि स्कूलभित्र छुवाछूत भोग्नु परेको, शिक्षित दलितले रोजगारी नपाउने, सरकारी छात्रवृत्तिको सही सदुपयोग नहुने, दलितलाई शिक्षक नियुक्तिमा प्राथमिकता नदिइने र गरिबीका कारण दलित विद्यार्थीले विद्यालय छाड्ने समस्या प्रमुख चुनौतीका रूपमा अझै पनि रहेका छन्। ■

सुदर्शन घिमिरे

# शिक्षामा 'जनवाद' होइन, सुधार

आफ्नो चुनावी घोषणापत्रमा 'जनवादी शिक्षा'को 'ज' पनि उल्लेख नगरेका माओवादीले यसलाई भाषणमा मात्र सीमित राखेको छ। उनीहरूकै आँखाबाट हेर्दा पनि आजको अवस्थामा 'जनवादी शिक्षा' निकै टाढाको विषय बन्न गएको देखिन्छ। शिक्षामा 'आमूल परिवर्तन'को नारा दिने गरेको भए पनि परिवर्तनको स्पष्ट खाका र कार्यक्रम प्रस्तुत गरिएको छैन। वस्तुगत यथार्थ पनि शिक्षामा क्रमशः सुधार गरेर जानुको विकल्प छैन।

**नर्सिङमा स्नातक गर्ने सपना फलीभूत तुल्याउन काठमाडौंको अमृत साइन्स क्याम्पसमा आईएस्सी दोस्रो वर्षमा अध्ययनरत सुन्दरबजार लमजुङकी १८ वर्षीया प्रतीक्षा पण्डित संविधानसभाको चुनावपछि बन्न लागेको नयाँ सरकारप्रति आशावादी छिन्। उनी भन्छिन्, "नयाँ नेपाल बनाउन नयाँ सरकारले गुणस्तरीय शिक्षा दिन विशेष पहल गर्छ भन्ने लाग्छ। त्यसो गर्नुको अब विकल्प पनि छैन।"**

**ललितपुरको डुकुछापस्थित चण्डीदेवी प्राथमिक विद्यालयका शिक्षक सीताराम खड्का, जो १८ वर्षदेखि अस्थायी छन्; अब बन्ने नयाँ सरकारले शिक्षामा केही न केही राम्रो गर्नेमा ढुक्क छन्। 'आफू दक्ष भए पनि धाँधली भएकाले पटक-पटकको शिक्षक सेवा आयोगको परीक्षामा अनुत्तीर्ण भएको' दाबी गर्ने खड्का भन्छन्, "अब लामो समयदेखि अस्थायी रहेका शिक्षकहरू प्रक्रिया पुऱ्याएर छिट्टै स्थायी हुनेमा म आशावादी छु।"**

**हड्ताल, तालाबन्दी, धम्की र अनुचित दबाब आदिका कारण आफ्नो दायित्व विवेकसम्मत रूपले निर्वाह गर्न नपाएकोमा खिन्न भएका जिल्ला शिक्षा अधिकारी चोलेन्द्र पण्डित भने नयाँ सरकारप्रति त्यति धेरै आशावादी छैनन्। "गणतन्त्रमा गएर देशले युगान्तकारी फड्को मारिसके पनि राजनीतिक दलहरूको आचरण र व्यवहार हेर्दा उनीहरूले कुशल नेतृत्व दिनेछन् भनेर उत्साहित हुने अवस्था छैन।" उनी भन्छन्, "तर निःशुल्क शिक्षा, निजी विद्यालयको राष्ट्रियकरण वा बन्द जस्ता मुद्दामा भने माओवादीको नेतृत्वमा सरकार बनेपछि स्पष्टता आउनेछ र काम गर्न सजिलो हुनेछ भन्नेमा म आशावादी छु।"**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नयाँ संविधान बनाउने अभिभारा सम्पन्न गर्ने संविधानसभाको चुनावपछि बन्न लागेको नयाँ सरकारसँगका अपेक्षाका केही प्रतिनिधि धारणा हुन् यी। ६०१ सदस्यीय संविधानसभामा २२० स्थानसहित सबैभन्दा ठूलो दलको रूपमा निर्वाचित पूर्व विद्रोही माओवादीको नेतृत्वमा नयाँ सरकार बन्न लागेपछि "शिक्षामा अब के हुन्छ ?" भन्ने जिज्ञासा र कौतुहलता आम मानिसमा समेत पैदा भएको छ।

## नीतिगत परिवर्तनको सम्भावना कम

माओवादीले शिक्षा क्षेत्रमा लिने सम्भावित नीति, दृष्टिकोण र प्रतिबद्धताहरू चुनावी घोषणापत्रमार्फत नै सार्वजनिक गरेको छ। माओवादीको घोषणापत्रमा भनिएको छ, "संघीय लोकतान्त्रिक गणतन्त्रको कार्यसूची अनुकूल सामाजिक रुपान्तरणका लागि योग्य नागरिकहरू तयार गर्ने हिसाबले नयाँ शिक्षा नीति निर्माण गरिनेछ। हाल शिक्षामा व्याप्त व्यापारीकरणको अन्त्य गरिनेछ र सबैलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।" यो भनाइबाट माओवादीहरू सत्तामा गएपछि; नयाँ शिक्षा नीति निर्माण गर्न शिक्षामा भइरहेको भनिएको व्यापारीकरणको अन्त्य गर्न र १२ कक्षासम्मको शिक्षा निःशुल्क तुल्याउनमा नै केन्द्रित हुनेछन्। विद्रोहकालमा भन्ने गरेको 'जनवादी शिक्षा' लागू गर्ने उनीहरूको कुनै मनसुवा देखिँदैन। माओवादीको चुनावी घोषणापत्रमा 'जनवादी शिक्षा' को 'ज' सम्म पनि परेको छैन। यसले माओवादीको युद्धकालीन मानसिकतामा आएको सम्भवतः सबैभन्दा ठूलो परिवर्तन दर्शाउँछ।

शिक्षा नीतिका सम्बन्धमा पार्टीको भावी कार्यक्रम र कार्यदिशाको व्याख्या गर्दै माओवादीका केन्द्रीय सदस्य अग्नि सापकोटा भन्छन्, "यो हाम्रो सबैभन्दा महत्त्वपूर्ण



एम डी कुलुङ

एजेण्डा हो । हामी सरकारमा गएपछि नयाँ शिक्षा नीति तय गर्न एक उच्चस्तरीय आयोग गठन गरिनेछ, जसले देशव्यापी छलफल पछि आफ्नो सुझाव सरकारलाई दिनेछ । सो आधारमा सरकारले शिक्षा क्षेत्रको नीति बनाउँछ र कार्यान्वयनमा लैजान्छ ।" त्यस्तो आयोगले व्यापक छलफल र अध्ययनपछि नयाँ शिक्षा नीति बनाउँदा एक वर्ष जति लाग्न सक्ने उनको अनुमान छ । नि:शुल्क शिक्षाको नीति कार्यान्वयन गर्ने सवालमा भने माओवादी पार्टी आयोगको प्रतिवेदन कुर्ने पक्षमा देखिँदैन । अध्यक्ष प्रचण्डको नेतृत्वमा सरकार बनेको खुशियालीमै कक्षा १० सम्मको शिक्षा पूर्णत: नि:शुल्क गरेर जनतालाई 'राहत र सकारात्मक सन्देश' एकसाथ दिने योजना रहेको जानकारी अखिल क्रान्तिकारीका अध्यक्ष लेखनाथ नेउपानेले दिएका छन् ।

लामो समयदेखि 'शिक्षामा व्यापारीकरणको अन्त्य'को नारा लगाउँदै आएको माओवादीले यसको वास्तविक मकसद र स्वरुप भने स्पष्ट पारेको छैन । सामान्यतया यसो भन्नुको अर्थ नाफा कमाउने प्रयोजनका लागि शिक्षालय खोल्न नदिइने भन्ने नै बुझिन्छ । तर माओवादीलाई यही नारा अहिले 'नखाउँ त दिनभरको सिकार खाउँ त कान्छा बाउको अनुहार' झैँ भएको देखिन्छ । आफ्नो नारा र मान्यता अनुसार अगाडि बढ्ने हो भने निजी विद्यालयको राष्ट्रियकरण गर्नबाट पछि हट्नुहुन्न । तर सार्वजनिक रूपमा पूँजीवादी अर्थनीति स्वीकार गरिसकेको माओवादीलाई शिक्षामा भएको निजी लगानी जफत गर्न झनै कठिन हुने स्पष्ट छ । त्यसैले; तत्काल शिक्षामा उल्लेखनीय परिवर्तन हुने अवस्था नभएको स्वयं माओवादीहरूले नै बताउने गरेका छन् । यो अवस्थामा आफू जोगिन र केही गरेको देखाउन माओवादीले बीचको बाटो निकाल्ने सङ्केत देखिएको छ । अध्यक्ष नेउपानेका अनुसार, अखिल क्रान्तिकारीको

एउटा बैठकमा अध्यक्ष प्रचण्डले भनेका थिए, "एक धक्का दिँदैमा निजी विद्यालयहरू बन्द गर्न सकिने अवस्था छैन। त्यसैले अहिले निजी विद्यालयमा भएका विकृति र विसङ्गतिहरू हटाउने र बढी शुल्क लिने विद्यालयमा शुल्क घटाउने लगायतका कामहरू गर्नुपर्छ।"

तथापि केन्द्रीय सदस्य अग्नि सापकोटा चाहिँ नयाँ संविधान जारी हुने बेलासम्ममा नयाँ शिक्षा नीति बनिसक्ने र त्यसको लगत्तै निजी विद्यालयको सहकारीकरण गर्दै राष्ट्रियकरणको नीति लागू गर्ने दाबी गर्छन्। उनी भन्छन्, "जब हामीले राष्ट्रव्यापी बहस थाल्नेछौं, त्यतिबेला निजी विद्यालयका सञ्चालकहरूसँग पनि छलफल हुनेछ। त्यस्तो छलफलको दौरानमा प्राइभेट स्कूललाई सहकारी वा समुदायमा लैजान भारी दबाब पर्नेछ। यही वादविवाद, संवाद वा अन्तरक्रियाहरूका माध्यमबाट हामी निजी विद्यालयलाई रुपान्तरणको प्रक्रियामा लैजान सक्षम हुनेछौं।" *(हे. अन्तरवार्ता पृ ३२)*


सुदर्शन घिमिरे

तर माओवादीले आफ्ना विद्यालय सहकारीकरण गर्न आवश्यक नीति समेत ल्याउन नसक्नेमा निजी विद्यालयका सञ्चालकहरू ढुक्क देखिन्छन्। उनीहरूले त्यसका मूलभूत दुई कारण देखेका छन्: पहिलो, माओवादीले बहुदलीय राजनीतिक प्रतिस्पर्धा र पूँजीवादी अर्थनीतिलाई स्वीकार गरिसकेको र दोस्रो, 'निजी क्षेत्रलाई चिढाएर केही पनि गर्न सकिँदैन' भन्ने यथार्थ माओवादीले बुझिसकेको। हतियार उठाएको बेलामा चन्दाको रूपमा माओवादीलाई मोटो आर्थिक सहयोग गरेकाले पनि निजी स्कूलका सञ्चालकहरूको मनोबल उच्च भएको अनुमान गरिन्छ। प्याब्सन अध्यक्ष भोजबहादुर शाह भन्छन्, "सरकारले निजी विद्यालयमा भएका विकृति र विसङ्गतिहरूलाई निर्मूल गर्ने र यसलाई जनताको पक्षमा उपयोग गर्ने योजना नै ल्याउँछ भन्ने लाग्छ।" निजी विद्यालयका सञ्चालकहरूको अर्को संस्था नेशनल प्याब्सनका नेता कर्णबहादुर शाही थप्छन्, "माओवादी नेतृत्वले निजी विद्यालय बारे कुनै निर्णय गर्नुपरेमा बसेर सहमतिमा निकास खोज्ने विश्वास हामीलाई दिलाएको छ। त्यसैले पनि हामी ढुक्क छौं।"

संविधानसभा चुनावमा कुनै पनि पार्टीको बहुमत नआएको र माओवादी ठूलो पार्टीको हैसियतमा मात्र पुगेकोले उसको नेतृत्वमा सरकार गठन भए पनि त्यो एकल नभई संयुक्त सरकार हुने देखिन्छ। सरकारमा काङ्ग्रेस, एमाले, मधेशी जनअधिकार फोरमलगायतका दलहरू पनि सामेल हुनसक्छन्। माओवादीले अनौपचारिक रूपमा हिजो आफूले लिएका मन्त्रालय काङ्ग्रेसलाई दिने र एमालेले चलाएका मन्त्रालय पुन: उसैलाई दिन प्रस्ताव गरेको सार्वजनिक भइसकेको छ। अरू पार्टीले दिएको अवस्थामा बाहेक शिक्षा मन्त्रालयको नेतृत्व माओवादीको हातमा नजाने सम्भावना नै बढी देखिन्छ। संयुक्त सरकार बनेमा शिक्षा क्षेत्रका मूलभूत नीति तथा कार्यक्रममा पार्टीहरूको न्यूनतम सहमति जरुरी हुन्छ।

## अरू दल दाउ हेर्दै

माओवादीले विद्रोहकालमा जोडदार रूपमा उठाउने गरेको विषय थियो, 'वैज्ञानिक र जनवादी शिक्षा।' अर्थात् सबैलाई नि:शुल्क र समान स्तरको शिक्षा; शिक्षामा व्यापारीकरणको अन्त्य र निजी विद्यालयको राष्ट्रियकरण, जीवनोपयोगी र उत्पादनमुखी शिक्षा आदि। आफूहरू सरकारमा गए ती कामहरू गरिछाड्ने उद्घोष उनीहरूले गर्ने गरेका थिए। यिनै माग पूरा गराउन भनेर उनीहरूले त्यतिबेला दर्जनौं दिन विद्यालय बन्द, हड्ताल, जबर्जस्ती चन्दालगायत गर्न हुने नहुने सबै प्रकारका काम गरेका थिए। तर; अहिले त्यही माओवादीको नेतृत्वमा नयाँ सरकार बन्न लागेको घडीमा काङ्ग्रेस र एमाले त्यो उसको हैसियत र हविगत हेर्ने दाउमा छन्। किनभने ती वाचा र प्रतीज्ञाहरू हतियार उठाउँदाका बखत मात्र होइन, हालैको संविधानसभा चुनावी घोषणापत्रमा पनि दोहोऱ्याइएका छन्। अरू पार्टीसँग वार्ता गर्न काङ्ग्रेसले बनाएको टोलीका एक जना सदस्य एवं पूर्व शिक्षामन्त्री आमोदप्रसाद उपाध्याय ठट्यौली पारामा भन्छन्, "हामीले आफ्नो पालामा सही लागेको नीति बनायौं। अब माओवादीको पनि हेरौं, कस्तो शिक्षा नीति ल्याउँदो रहेछ।"

संविधानसभा चुनाव घोषणापत्रमा नि:शुल्क शिक्षाको 'न' समेत उच्चारण नगरेर काङ्ग्रेसले आफू पुन: नारावादी हुने गल्ती नगर्नेतिर लागेको देखिन्छ भने एमालेले चाहिँ पुरानो नारावादी बाटो त्यागेको देखिँदैन। उसले १२ कक्षासम्म नि:शुल्क गर्ने दाबी गरेको छ। जबकि यस्तो गर्न असम्भव छ भनेर एमालेले काङ्ग्रेससँग २०५८ सालमा कक्षा ६ देखि शुल्क लगाउने सहमति जनाएको थियो।

तथापि एमाले पनि काङ्ग्रेस झैं माओवादीका भावी कदमको प्रतीक्षामा छ। पार्टीको शिक्षा विभाग समेत हेरिरहेका एमालेका केन्द्रीय सदस्य शङ्कर पोखरेल शिक्षामा सरकारले अब कस्तो नीति लिनुपर्छ भनेर आफ्नो पार्टीले अहिलेसम्म ठोस तयारी नगरेको बताउँछन्। उनी भन्छन्, "माओवादी साथीहरूले सरकारको नेतृत्वकर्ताको हैसियतमा कस्तो कार्यक्रम ल्याउनुहुन्छ, पहिला त्यो हेर्छौं।"

त्यसो त एमाले-काङ्ग्रेससँग माओवादीको मुख ताक्नुको

# नयाँ शिक्षामन्त्रीका चुनौती

**गणतान्त्रिक** नेपालका नयाँ शिक्षामन्त्री कुर्सीमा बसेको क्षणदेखि नै चुनौती नै चुनौतीको घेरामा रहनुपर्नेछ। सबैभन्दा ठूलो चुनौती हो, सही अर्थमा मन्त्री बन्ने। "अहिलेसम्म कुनै पनि शिक्षामन्त्री मन्त्री जस्ता वा अगुवा भएनन्, जागिरे मात्र भए।" शिक्षकदेखि विश्वविद्यालयको उपकुलपतिसम्मको अनुभव सँगालेका शिक्षाविद् केदारभक्त माथेमाको लामो अनुभवको निचोड हो। मन्त्री भनेको त्यस्तो नेता वा अगुवा हुनुपर्ने हो, जो आफ्नो विवेकले देखेको निर्णय गर्छ, भीडको दबाबबाट दब्दैन र अवाञ्छित लाभ-लोभको पछि पनि लाग्दैन। तर एकाध अपवाद बाहेक बहुदल कालका शिक्षामन्त्रीहरूको भूमिका सधैं नै निराशाजनक रह्यो। त्यसैले अबका शिक्षामन्त्रीको पहिलो र सबैभन्दा ठूलो चुनौती भनेकै आफूलाई सही अर्थमा 'मन्त्री' बनाउन सक्नु नै हुनेछ।

बहुदलकालमा अपवादको रूपमा आमोदप्रसाद उपाध्यायले एकहदसम्म 'मन्त्री' बन्ने प्रयास गरेका थिए- २०५८ सालमा। कक्षा १० सम्म नि:शुल्क भएअनुरुप आवश्यक स्रोत-साधनको व्यवस्था गर्न सरकार असफल भएपछि आफ्नै पार्टी (काङ्ग्रेस) को समेत पूर्व प्रतिबद्धता विपरीत कक्षा ६ देखि शुल्क लगाउन पाउने कुरामा यिनले अडान मात्र लिएनन्, प्रमुख दलहरूलाई त्यसमा सहमत समेत गराएका थिए। "हामीले माध्यमिक तहसम्म नि:शुल्क शिक्षाको घोषणा गर्‍यौं तर त्यसको निम्ति आवश्यक स्रोतको व्यवस्था गर्न सकेनौं।" पूर्वमन्त्री उपाध्याय त्यसबखतको प्रसङ्ग स्मरण गर्दै भन्छन्, "त्यसले गर्दा सार्वजनिक शिक्षाको स्तर झन् गिर्‍यो र पुन: शुल्क लगाउन दिनुको विकल्प रहेन।" योग्य व्यक्तिलाई मात्र शिक्षक बन्न दिने शिक्षक अनुमतिपत्रको अवधारणा र दलका कार्यकर्ता भर्ती हुने विद्यालय व्यवस्थापन समिति अभिभावकबाट छानिने कानूनी व्यवस्था पनि उनैको नेतृत्वमा भएको थियो।

कुर्सीमा बस्ने मात्र हैन, मन्त्री नै बन्छु भन्ने दृढ निश्चय गरिसकेपछि उसको सामु आउने अर्को चुनौती हो, शिक्षामा लोकतन्त्रको अनुभूति दिलाउनु। शिक्षक/प्राध्यापकको नियुक्तिदेखि विश्वविद्यालयको उपकुलपतिसम्मका पदहरूको पूर्ति दलीय भागवण्डाका आधारमा भइरहेको लज्जाजनक अवस्थालाई तोडेर यस्ता नियुक्तिहरू भेदभावरहित ढङ्गले क्षमता, योग्यता र कार्यकुशलताका आधारमा गर्नसके मात्र शिक्षा क्षेत्रमा लोकतन्त्र आएको अनुभूति हुनेछ। दलीय स्वेच्छाचारिता, कृपावाद, भनसुन र आर्थिक लाभका कारण शिक्षा मन्त्रालय, विभागलगायत शिक्षाका सरकारी निकायभित्र 'सही ठाउँमा सही व्यक्ति' को अभाव चर्को रूपमा अनुभव गरिएको छ। यस सम्बन्धमा शिक्षा मन्त्रालयका सहसचिव अर्जुन भण्डारी त अवस्था अझ कहालीलाग्दो बताउँछन्। उनी भन्छन्, "जिल्ला शिक्षा अधिकारीहरू धेरैजसो राजनीतिक पहुँचका आधारमा बन्ने भएकाले तिनीहरू शिक्षा विभाग र मन्त्रालयप्रति होइन, आफूलाई पदासीन गराउने अमूक राजनीतिक शक्ति वा व्यक्तिप्रति उत्तरदायी हुने गर्छन्।" योग्यता, दक्षता र कार्यसम्पादन क्षमताको आधारमा कर्मचारीको पजनीको आवश्यकता पनि त्यत्तिकै खट्किएको देखिन्छ। यी कामहरू योग्यता, नियम कानूनको मर्म र प्रशासनिक 'नर्म्स'का आधारमा गर्न सर्वप्रथम शिक्षामन्त्री अवाञ्छित राजनीतिक दबाब थेग्ने र आफू पनि दबाब नदिने खालको हुनु जरुरी हुन्छ।

साधन-स्रोतको अभावका कारण वर्षौंदेखि थाती रहेको करीब ६२ हजार नयाँ शिक्षक दरबन्दी थप्न अर्थ मन्त्रालयलाई सहमत गराउने चुनौती पनि नयाँ शिक्षामन्त्री सामुन्ने रहनेछ। "अब जो शिक्षामन्त्री हुन्छ, त्यो अभागी हो" पन्ध्र महिनाजति शिक्षा मन्त्रालय सम्हालेका निवर्तमान शिक्षामन्त्री प्रदीप नेपालको चुनौतीपूर्ण निष्कर्ष छ। अनुभव सुनाउँदै उनी भन्छन्, "शिक्षामन्त्री त हैसियतविहीन हुँदोरहेछ, कामको साँचो त अर्थमन्त्री र प्रधानमन्त्रीसँग पो हुने रहेछ।" प्रधानमन्त्री, अर्थमन्त्री र सिङ्गो सरकारलाई शिक्षालाई उच्च प्राथमिकतामा राख्न प्रतिबद्ध गराउने र शिक्षामा चाहिने साधन-स्रोतको व्यवस्था मिलाउने काम कम्ती गाह्रो देखिँदैन। त्यसैगरी सबै राजनीतिक दललाई शिक्षा क्षेत्रलाई दलीय राजनीति मुक्त क्षेत्र बनाउन प्रतिबद्ध बनाउनु पनि शिक्षामन्त्रीको निम्ति कम चुनौतीपूर्ण काम होइन। ■

खासै विकल्प पनि देखिँदैन। सबैभन्दा ठूलो दलको हैसियतमा सरकारको नेतृत्व गर्ने भएपछि शिक्षा होस् वा अर्थ, उसकै नीति र कार्यक्रम बढी लागू हुन्छन्। त्यसैले यी दुई दलले भावी शिक्षा नीति तथा कार्यक्रमबारे केही पनि तयारी गरेका छैनन्। "हामीले केही पनि तयारी गरेका छैनौं।" छुट्टाछुट्टै भेटिएका उपाध्याय र पोखरेल एउटै स्वरमा भन्छन्, "भावी सरकारको साझा कार्यक्रमको मुद्दामा प्रवेश गरिसकेपछि त्यतिबेला नै हामी हाम्रा कुरा राख्छौं।"

## 'ब्याक' हुने ठाउँ छैन

शिक्षा मन्त्रालयका अधिकारीहरू 'शिक्षामा व्यापारीकरणको अन्त्य' बाहेक माओवादी घोषणापत्र र सरकारी नीति तथा कार्यक्रमका बीचमा खासै ठूलो अन्तर देख्दैनन्। शिक्षामन्त्रीको अध्यक्षतामा गठित शिक्षा नीति समितिको सचिवालयमा *स्कूल सेक्टर रिफर्म,* (जसले कक्षा १ देखि १२ कक्षासम्मको शिक्षालाई 'स्कूल-शिक्षा' बनाउने प्रस्ताव गरेको छ) कार्यक्रम हेरिरहेकी उपसचिव नीरा शाक्य भन्छिन्, "अहिले सरकारले लिएको नीति र माओवादीले चुनावी घोषणापत्रमा उल्लेख गरेको शिक्षासम्बन्धी नीतिका मुख्य कुराहरूमा हामीले फरक पाएका छैनौं।"

चुनावको बेला माओवादीले उठाएको प्रमुख एजेण्डा १२ कक्षासम्म नि:शुल्क गर्ने नै हो। अन्तरिम संविधानले पनि माध्यमिक तहसम्म 'कानूनमा व्यवस्था भए बमोजिम' नि:शुल्क शिक्षा हुने भनिएको छ। संविधानको यही प्रावधानमा टेकेर सरकार अगाडि बढिरहेको बताउँदै उप-सचिव शाक्य भन्छिन्, "हामीले स्कूल सेक्टर रिफर्मको दस्तावेजमा आधारभूत तहको शिक्षा नि:शुल्क गर्ने कुरा राखिसकेका छौं। सरकारी नीति पनि क्रमश: नि:शुल्क गर्दै जाने दिशामै छ।"

# प्राथमिकताका पाँच मुद्दा

## प्रतीक्षा पण्डित, विद्यार्थी



१. आन्दोलनको नाममा पढाइमा कहिल्यै अवरोध सृजना हुनुभएन। शैक्षिक क्यालेण्डर निर्बाध लागू हुन सक्नुपर्छ।
२. पर्याप्त दक्ष शिक्षक उपलब्ध हुनुपर्छ।
३. विद्यार्थीलाई व्यावसायिक सीप र व्यावहारिक शिक्षा दिइनुपर्छ।
४. विद्यमान अव्यावहारिक परीक्षा प्रणालीलाई बदलेर ज्ञान, सृजनशीलता र क्षमता जाँच्ने बनाउनुपर्छ।
५. विद्यार्थी तयार भएपछि जाँच लिने र कपी रि-चेकिङको व्यवस्था हुनुपर्छ।

## बालानन्द पौडेल, शिक्षा सचिव



१. शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने प्रकारको नीति तथा कार्यक्रम बनाउने।
२. शिक्षाबाट बञ्चित प्रत्येक बाल-बालिकालाई स्कूलमा ल्याउन आवश्यक कार्य गर्ने।
३. विद्यालयको व्यवस्थापनमा सुधार र विद्यालय व्यवस्थापन समितिको सशक्तिकरण।
४. निरीक्षण तथा अनुगमन प्रणालीलाई प्रभावकारी रूपमा क्रियान्वयन गर्ने।
५. निजी विद्यालयको राम्ररी 'रेगुलेशन' गर्ने।

## प्रा.डा. मनप्रसाद वाग्ले, शिक्षाविद्



१. कक्षा १-१२ लाई राज्यले आफ्नो दायित्वभित्र पार्नुपर्छ। आधारभूत शिक्षालाई अनिवार्य गरी कडाइका साथ लागू गर्नुपर्छ।
२. सरकारले तहगत रूपमा शिक्षाको न्यूनतम स्तर निर्धारण गर्नै पर्छ।
३. सरकारले शिक्षामा कमजोर र पछिपरेका समुदाय, वर्गको स्तर उकास्न विशेष लगानी र अरू आवश्यक पहल गर्नुपर्छ।
४. स्कूल पार गर्दासम्म विद्यार्थीलाई 'गरिखाने सीप' दिने प्राविधिक तथा व्यावसायिक शिक्षाको व्यवस्था गर्नुपर्छ।
५. निरीक्षण र अनुगमन प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ।

## विमल फुँयाल, प्रमुख, एक्सन एड नेपाल



१. कक्षा ८ सम्मको शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै राज्यको जिम्मेवारी र पहलमा अनिवार्य समेत बनाई कार्यान्वयन गर्नुपर्छ।
२. प्रारम्भिक शैक्षिकस्तरको राष्ट्रिय मापदण्ड खडा गरी सबै सरकारी तथा निजी स्कूलहरूलाई उक्त मापदण्ड अवलम्वन गर्न सक्षम तुल्याउने।
३. प्रारम्भिक शिक्षाको जिम्मा राज्यले लिने। नाफा नकमाउने गरी निजी क्षेत्रको पहलमा खुलेका सार्वजनिक ट्रष्ट, शैक्षिक प्रतिष्ठान, शैक्षिक सहकारी वा अन्य शिक्षाप्रेमी समूहलाई पनि स्कूल सञ्चालन गर्न प्रोत्साहित गर्ने। तर, नाफा कमाउने उद्देश्यले प्रारम्भिक स्कूल खोल्न अनुमति नदिने।
४. प्रत्येक स्कूललाई स्वतन्त्र तथा स्वायत्त संस्थाको रूपमा विकास गर्ने। प्राथमिक शिक्षकको न्यूनतम योग्यता स्नातक बनाउने। शिक्षण तालिमलाई अनिवार्य बनाउने र प्राथमिक शिक्षकको सेवा, सुविधा र सम्मान कम्तीमा निजामतीतर्फका शाखा अधिकृतसरहको बनाउने।
५. प्राथमिक शिक्षाको जिम्मेवारी संघीय सरकारले लिने। स्रोत तथा अधिकारसम्पन्न संघीय शैक्षिक संरचनाको ढाँचा कस्तो हुनुपर्छ भन्ने बारे बहस चलाएर एक वर्षभित्रमा निचोडमा पुग्ने।

## नेपाल शिक्षक युनियन

१. सक्षम शिक्षा प्रणाली निर्माण गर्न व्यापक राजनीतिक सहमति र प्रतिबद्धता राज्यले प्राप्त गर्ने र आफू प्रतिबद्ध हुने।
२. उपलब्ध भएमध्येका योग्य, आफूप्रति जिम्मेवार र प्रतिबद्ध शिक्षकबाट सिक्न पाउने हरेक विद्यार्थीको अधिकार सुनिश्चित गर्न विश्वविद्यालयका उत्तम उत्पादनहरूलाई शिक्षण पेशामा आकर्षित गर्ने।
३. शिक्षामा पहुँच र त्यसको गुणस्तर तथा सान्दर्भिकता सुनिश्चित गर्ने।
४. शिक्षामा सबै सरोकारवाला र निकायलाई सेवाग्राहीप्रति पूर्ण रूपले उत्तरदायी र जवाफदेही बनाउने र पारदर्शिता सुनिश्चित गर्ने।
५. शिक्षकको पेशागत सुरक्षा, मर्यादा र मनोबल उच्च बनाउन प्रभावकारी कदमहरू चाल्ने। ■

पाँच वर्षभित्र निरक्षरता उन्मूलन गर्ने माओवादीको प्रतिबद्धता ठ्याक्कै सुन्दा महत्त्वाकाङ्क्षी लाग्छ, तर सन् २०१५ सम्ममा 'सबैका लागि शिक्षा'को लक्ष्य हासिल गर्ने योजना सरकारले पहिल्यै बनाइसकेको छ।

उच्च शिक्षामा बिना धितो सरल ऋण दिनुपर्ने माओवादीको प्रस्ताव सार्वजनिक हुनुभन्दा पहिल्यै सरकारले विश्वविद्यालय अनुदान आयोगमार्फत सोही नीति लागू गरिसकेको छ। विश्व बैंकको आर्थिक सहयोगमा सो परियोजना चालू आर्थिक वर्षदेखि क्रियान्वयनमा आएको छ। त्यसैगरी माओवादीले प्रस्ताव गर्नुभन्दा पहिले नै नेपालमा खुला पद्धतिमा आधारित स्कूल सञ्चालन गर्न पाउने व्यवस्था भइसकेको छ। खुला विश्वविद्यालय खोल्ने विधेयक तत्कालीन संसद्मा वर्षौंअघि दर्ता भइसकेको हो। राजनीतिक नेता र दलहरूको प्राथमिकताको सूचीमा नपरेका कारण त्यतिबेला यसले कानूनको रुप धारण गर्न नसकेको हो।

अहिले शिक्षा क्षेत्रमा तीन वटा प्रमुख आयोजना क्रियान्वयनमा छन्: सबैका लागि शिक्षा; माध्यमिक शिक्षा सहयोग कार्यक्रम तथा उच्च शिक्षा सुधार परियोजना। शिक्षासचिव बालानन्द पौडेल यी परियोजनाहरूलाई निरन्तरता दिनुको विकल्प देख्दैनन्। उनी भन्छन्, "जुन पार्टी सरकारमा आए पनि जसरी अगाडि बढे पनि यी प्रतिबद्धताहरूबाट पछि हट्ने अवस्था छैन।" शिक्षा क्षेत्रमा लगानी अपुग भएको स्वीकार गर्दै उनी नयाँ सरकारलाई लगानी बढाउने दिशामा ठोस पहल गर्न सुझाव दिन्छन्। "सरकारले शिक्षामा जति लगानी गर्नुपर्ने हो, त्यति गर्न सकेन। स्तरीय शिक्षा दिने हो भने लगानी बढाउनै पर्छ।" उनी भन्छन्, "तर लगानीले मात्र शिक्षाको गुणस्तरमा सुधार आउँदोरहेनछ। त्यसनिम्ति विद्यालयको समग्र व्यवस्थापनमा नै उल्लेखनीय रूपमा सुधार ल्याउनुपर्छ।"

त्यसो त माओवादी नेतृत्वको सरकारले चाहेर पनि शिक्षामा धेरै नयाँ र मौलिक नीति लिन सहज छैन। किनभने कार्यान्वयनको पहिलो वर्षमा रहेको तीनवर्षे अन्तरिम योजनाले नै शिक्षा क्षेत्रमा आउँदा अरू दुई वर्षको लागि सरकारले लिने नीति, योजना र कार्यक्रमको मूलभूत रेखा कोरिदिएको छ। त्यही योजना र नीति लागू गर्न दाताबाट ऋण/अनुदान आइरहेको छ। हाल कार्यान्वयनको चरणमा रहेको अन्तरिम योजना माओवादी समेतको प्रतिनिधित्व रहेको अन्तरिम सरकारले जारी गरेको हो। आफ्नो सहमति रहेको अन्तरिम योजनाबाट औचित्यपूर्ण आधारहरू नभई माओवादी विमुख हुन मिल्दैन। अन्तरिम संविधानले नै संविधानसभा गठन भएको दुई वर्षभित्र नयाँ संविधान बन्नुपर्ने व्यवस्था गरेकाले अब बन्ने सरकार पनि त्यही अवधिसम्म मात्र बहाल रहन्छ। त्यो अवधिसम्मका लागि अन्तरिम योजना नै छँदैछ। त्यसैले माओवादी वा अन्य कुनै दलले चाहँदैमा नयाँ नीति र योजना बन्न सक्ने परिस्थिति देखिँदैन।

शिक्षासम्बन्धी नीति र परियोजनाहरूमा 'क्रान्तिकारी हस्तक्षेप' को सम्भावना न्यून पार्ने सबैभन्दा महत्त्वपूर्ण कारण यो क्षेत्रमा रहेको दाताहरूको बलियो उपस्थिति हो। दाताहरूको वचनलाई ठाडै अस्वीकार गरेर अघि बढ्न सक्ने हैसियत कुनै पार्टीको पनि छैन; किनभने शिक्षाका निम्ति चाहिने ठूलो धनराशी जुटाउन देश सक्षम छैन। तत्कालीन शिक्षामन्त्री आमोदप्रसाद उपाध्यायले मन्त्री पदमै हुँदै (२०५८ सालमा) सरकारले दाताको पछि लागेर शिक्षा नीति बनाउने गरेको कुरा खुला रूपमा स्वीकार गरेका थिए। शिक्षा बजेटमा दाताको अत्यन्तै ठूलो धनराशी खर्च भइरहेको छ। माओवादीको नेतृत्वमा बन्न सक्ने नयाँ सरकारप्रति दाताले असहयोगको भावना राखेको देखिँदैन। द्विपक्षीय दाताहरूको रुचि र स्वार्थ अनुरुप सहयोग आफ्नै हिसाबले जारी हुने भए पनि बहुपक्षीय दाताहरूको नेतृत्व चाहिँ विश्व बैंकले गर्ने गरेको छ। अत: नेपालमा बहुपक्षीय सहयोगमा सबैभन्दा बढी प्रभाव पनि विश्व बैंकको नै छ। चुनावको लगत्तै विश्व बैंकका १० जना निर्देशकहरूले नेपाल भ्रमण गरेका थिए। तर बैंकको सहयोग कहिल्यै पनि निशर्त भने



एम डी कुलुङ

हुँदैन। बैंकको नेपाल कार्यालयका शिक्षा विशेषज्ञ मोहन अर्याल भन्छन्, *"प्रोजेक्ट विथ बेनीफिसयरिज पार्टिसिपेन्ट एण्ड मेनेजमेन्ट* को अवधारणासँग मेल खाने कार्यक्रमलाई बैंकले सहयोग गर्छ। नत्र गर्दैन।" त्यसको अर्थ बैंकले सहयोग गर्दै आएको सरकारी विद्यालय र स्वास्थ्य चौकी समुदायमा हस्तान्तरण गर्ने नीतिलाई निरन्तरता दिएमा मात्र बैंकको सहयोग जारी रहने भन्ने लाग्छ। समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणको विपक्षमा रहँदै आएको माओवादी नीति र विश्व बैंकको शर्त यहींनेर टक्राउने देखिन्छ।

## अवसर र चुनौती दुवै

लामो राजनीतिक सङ्क्रमणबाट गुज्रिरहेको नेपालमा नयाँ संविधान नबनेसम्म अन्योल र अस्थिरता रही नै रहनेछ। सङ्क्रमणकालमा सरकारभन्दा 'इन्ट्रेष्ट ग्रुप'हरू बढी हावी हुने कुरा अस्थायी शिक्षकहरूलाई स्वत: स्थायी गर्न सरकार सहमत भएको एउटा उदाहरणबाट प्रस्ट हुन्छ। त्यसैले; अब बन्ने सरकार र त्यसका मन्त्रीहरूले शिक्षामा सही कदम उठाउनुको सट्टा सस्तो लोकप्रियताका निम्ति देश, समाज र शिक्षा क्षेत्रका निम्ति घातक सावित हुने निर्णय

लिने सम्भावना पनि उत्तिकै रहेको छ । त्यस्तो स्थितिमा अस्थायी शिक्षक स्वत: स्थायी गर्ने जस्ता विगतका त्रुटिपूर्ण कदमहरू सच्चिनुको बदलामा थप गल्तीहरू थपिँदै जाने खतरा रहन्छ ।

त्यसो त; विगतमा भएका गल्ती सच्याउने तथा नयाँ नीति र संस्कृतिको सुरुआत गर्नका निम्ति सङ्क्रमणकाल सर्वाधिक सही अवसर पनि बन्न सक्छ । त्यो अवसरको सदुपयोग गर्नसके देशले शिक्षाको क्षेत्रमा अग्रगामी फड्को मार्ने युगान्तकारी समय सावित हुनेछ । गलत बाटो लिए शिक्षा उँभो लाग्नुको बदला रुन् खस्कनेछ र यसले नेपालमा नयाँ खालको सामाजिक सङ्कट ननिम्त्याउला भन्न सकिन्न । यसै भएर शिक्षा क्षेत्रमा बडो होस पुऱ्याएर कदम चाल्न नयाँ सरकारलाई सुझाव दिन्छन् पूर्व शिक्षामन्त्री आमोदप्रसाद उपाध्याय । पर्याप्त साधन स्रोतको व्यवस्था बिना माध्यमिक तह नि:शुल्क गर्दा त्यसले ठूलो हानि पुऱ्याएको विगतबाट पाठ सिक्नुपर्ने उनको विचार छ । "हामीले पनि माध्यमिक तहसम्म नि:शुल्क शिक्षाको घोषणा गऱ्यौं तर त्यसको निम्ति आवश्यक स्रोतको व्यवस्था गर्न सकेनौं ।" उनी भन्छन्, "त्यसले गर्दा सार्वजनिक शिक्षाको स्तर रुन् गिऱ्यो र हामीले त्यो निर्णयलाई संसदबाटै सच्यायौं ।"

आजसम्मका सरकारहरूले शिक्षालाई प्राथमिकताको उच्च सूचीमा राख्दै राखेनन् । उनीहरूले व्यक्ति र समाज मात्र हैन, सिङ्गो देशको रुपान्तरण र विकासमा शिक्षाको कति अहं भूमिका रहन्छ भन्ने कुरा गहिरोसँग अनुभूति नै गरेनन् । त्यसैले शिक्षा क्षेत्र सधैं उपेक्षित रह्यो, सार्वजनिक शिक्षाको स्तर उठ्नुको बदला रुन्रुन् गिर्दै गयो । शिक्षामा सरकारले बर्सेनि अर्बौंको लगानी गरिरहेको छ तर त्यसले अपेक्षित परिणाम दिन सकिरहेको छैन । शिक्षाविद् डा. मनप्रसाद वाग्ले भन्छन्, "सरकारले कक्षाकोठा र गुणस्तरलाई केन्द्रबिन्दुमा राखेर कहिल्यै पनि आफ्ना गतिविधिहरू अगाडि बढाएन । सरकार सबैभन्दा बढी चुकेको यहींनेर हो ।" त्यसैले नयाँ सरकार सामु विगतका गल्ती पहिचान गरी तिनलाई सच्याउने तथा हाल जारी राम्रा नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनमा आफ्नो साधन शक्ति लगाउनुको विकल्प देखिँदैन । बरु विद्यालयको मुख देख्न नपाएका र स्कूल छाडेर हिँडेका बालबालिकालाई स्कूलमा ल्याउने र राम्रो पढाइ गर्नेतर्फ चाहिँ थप पहल र प्रयत्नहरू हुनुपर्ने देखिन्छ ।

नयाँ सरकारले सत्ता सम्हाल्नासाथ तय गर्नुपर्ने अर्को कुरा हो, शिक्षामा प्राथमिकताको निर्धारण । शिक्षामा

# राष्ट्रियकरण समाधान होइन

## भोजबहादुर शाह, अध्यक्ष, प्याब्सन


सुदर्शन घिमिरे

**माओवादीले निजी विद्यालयलाई शुरुमा सहकारीकरण अनि राष्ट्रियकरण गर्ने भन्ने गरेका छन्, यसमा प्याब्सनको धारणा के छ ?**

माओवादीले निजी क्षेत्रको लगानी सुरक्षित गर्ने वचनबद्धता संविधानसभाको चुनाव र त्यसपछि पनि धेरै पटक सार्वजनिक गरिसकेको छ । माओवादी आफ्नो प्रतिबद्धताबाट पछि हट्लान् जस्तो मलाई लाग्दैन । निजी विद्यालयको समुदायकरण हुँदै राष्ट्रियकरण गर्ने भन्ने कुरा माओवादीको दर्शन मात्र हो, आजको कार्यक्रम होइन । हो, निजी विद्यालयका विकृति र विसङ्गतिहरूलाई हटाउनुपर्छ । निजी विद्यालयलाई बहुसङ्ख्यक जनताको पक्षमा उपयोग गर्नुपर्छ । शिक्षाको अवसरबाट वञ्चित समुदायलाई कसरी शिक्षा दिने भन्ने सवालमा निजी विद्यालयको भूमिका खोजिनुपर्छ ।

गर्नुपर्ने धेरै कुरा छन् तर सरकारले सुधारको काम कहाँबाट कसरी शुरु गर्ने भन्ने प्राथमिकताको सूची आजसम्म बन्न सकेको छैन। प्राथमिकता क्रम नै नछुट्याई गरिएका काम प्रभावकारी नहुनु स्वाभाविक हुन्छ। तर प्राथमिकताको सूची बनाउन दुरुह भने छैन। विभिन्न पाँच क्षेत्रका मानिस/संस्थाले आफ्नो दृष्टिमा शिक्षामा सरकारले चाल्नुपर्ने कदमको बारेमा *(हे बक्स)* निर्धारण गरेको प्राथमिकताका सूचीकै सेरोफेरोमा रहेर काम गर्न सक्यो भने मात्र पनि नयाँ सरकारका लागि ठूलो उपलब्धि हुनेछ। गुणस्तरीय शिक्षा अब नेपालको एक नम्बरको एजेण्डा भएको कुरामा कुनै द्विविधा छैन। 'सबैका लागि गुणस्तरीय शिक्षा' को नाराभित्र प्राथमिकदेखि उच्च शिक्षासम्मको स्तर उकास्नुपर्ने कुरा समेटिने भएकोले सरकारले यसलाई सम्बोधन गर्ने नीति तथा कार्यक्रम ल्याउनुको विकल्प देखिँदैन। त्यसनिम्ति धेरै समय लगाउनु पनि पर्दैन। "सरकार इमान्दार हुने हो भने आजसम्मका अनुभवहरूबाट सिक्ने र विज्ञ तथा सरोकारवालाहरूसँग छलफल गरेर समाधानका उपायहरू पहिल्याउन सकिन्छ", शिक्षाविद् डा.वाग्ले भन्छन्। शिक्षा मन्त्रालयका सहसचिव अर्जुनबहादुर भण्डारीको विचारमा अहिले विद्यालय तहदेखि विश्वविद्यालयसम्मको समस्या भनेको पढाइ हुने ४० मिनेटको पिरियडमा शिक्षक-विद्यार्थीबीच विषयवस्तुमा अन्तरक्रिया भइदिए मात्रै पनि आजको अवस्था भन्दा स्तरमा उल्लेखनीय सुधार आउँछ। "अहिलेसम्म त्यही नै हुनसकेको छैन", उनी भन्छन्। त्यसनिम्ति शिक्षकलाई अभिप्रेरित गर्ने र त्यसको अनुगमन गरिदिए पुग्छ, कुनै ठूलो नीतिगत परिवर्तन कुर्नुपर्दैन।

देश संघीय ढाँचामा जाने औपचारिक निर्णय भएकाले शिक्षाको सवालमा साधन स्रोत र अधिकारको बाँडफाँडको मुद्दा पनि सँगसँगै निरुपण गर्नुपर्ने देखिन्छ। त्यसैगरी सबै पार्टीहरूको सहमति रहने गरी साझा शिक्षा नीति निर्माण गर्नुको विकल्प छैन। किनभने विगतमा सरकार र मन्त्री बदलिएपिच्छे ठोस र औचित्यपूर्ण कारण बिना नै शिक्षामा कतिपय नीति बदलिएका उदाहरण छन्। हतियार उठाउँदा 'जनवादी शिक्षा' नीति लागू गर्छौं भन्ने माओवादी र अरू सबै पार्टीहरू साझा राष्ट्रिय शिक्षा नीति बनाउन जति छिटो सफल हुन्छन्, नेपालको शिक्षा क्षेत्रले त्यति नै छिटो गति लिनेछ। तर नयाँ शिक्षा नीति पार्टीहरूद्वारा मात्र नभई शिक्षक, अभिभावक, विद्यार्थी, प्राध्यापक, शिक्षाविद्लगायतका सबै सरोकारवालासँग बृहत् राष्ट्रिय बहस र छलफलबाट बनाइनुपर्ने सबैको आग्रह छ। ■

**निजी विद्यालयकै कारण नेपालमा शिक्षा वर्गीय भयो भन्ने आरोप छ नि ?**

निजी विद्यालयको कारणले शिक्षा वर्गीय भएको होइन। बरु सार्वजनिक विद्यालयको स्तर उकासिन नसकेर समस्या सृजना भएको हो। राज्यले आफ्नो दायित्व पूरा नगर्ने अनि त्यसको दोष निजी क्षेत्रलाई थोपर्नु कसरी जायज हुनसक्छ? हामीहरू सार्वजनिक शिक्षाका विरोधी होइनौं। सार्वजनिक शिक्षा बलियो हुनुपर्छ भन्ने पक्षमा नै छौं। निजी क्षेत्र सार्वजनिक शिक्षाको पूरक र सहयोगी मात्रै बन्नुपर्छ भन्ने हाम्रो धारणा छ।

**सरकारले राष्ट्रियकरण गर्ने नीति लियो भने के गर्नुहुन्छ ?**

सरकारले सर्वप्रथम आफ्नो तर्फबाट स्पष्ट, ठोस र दूरगामी शिक्षा योजना ल्याउनुपर्‍यो। त्यसमा निजी क्षेत्रको सरकारको पनि भूमिका किटान गर्नुपर्‍यो। ठोस 'भिजन'सहितको त्यस्तो योजना आएपछि हामी सरकारसँग छलफल गर्छौं। देश-विदेशका अनुभवहरू, हाम्रो यथार्थ र राष्ट्रको आवश्यकतालाई ध्यानमा राखेर अघि बढ्न तयार छौं। निजी विद्यालयको राष्ट्रियकरण नै नेपालको सार्वजनिक शिक्षाको स्तर उकास्ने अचूक अस्त्र पनि होइन।

**त्यसो भए तपाईंको विचारमा गुणस्तरीय शिक्षाका लागि के गर्नु आवश्यक छ त ?**

स्तरीय भौतिक पूर्वाधारसहितको गुणस्तरीय शिक्षा दिँदा प्रति विद्यार्थी लागत कति लाग्छ भनेर सर्वप्रथम निकालौं। अनि त्यो लागत रकम भौचर प्रणाली अपनाएर अभिभावक-विद्यार्थीलाई उपलब्ध गराइदिऔं। अभिभावक र विद्यार्थीले सार्वजनिक र निजीमध्ये जुन स्कूल रोज्छन्, त्यहीं जान्छन्। सरकारले सार्वजनिक विद्यालय राम्रो बनायो भने विद्यार्थी त्यतै जान्छन्, विस्तारै निजी स्कूल आफैं बन्द हुन्छन्। सरकारले यस्तो रणनीति अख्तियार नगरेर बेकारमा किन राष्ट्रियकरणको झमेलामा पर्नु?

**देशका सबै बालबालिकाले समानस्तरको शिक्षा पाउने वातावरण कसरी तयार गर्न सकिन्छ त ?**

शिक्षा समान हुन्छ भन्ने कुरामा म सैद्धान्तिक रूपमा सहमत छैन। यो सापेक्ष हुन्छ। काठमाडौं र हुम्लाको दूरदराज गाउँका विद्यालयको शिक्षाको स्तर एउटै हुनसक्दैन। हो; सरकारले शिक्षाको न्यूनतम स्तर तोक्न सक्छ। तोकिएको न्यूनतम स्तर पूरा भएको छ कि छैन भनेर जाँच्न सक्छ। तर एउटै स्तर कसैगरी पनि सम्भव छैन। तोकिए भन्दा उन्नतस्तरको शिक्षा दिन मिल्दैन भन्न त पाइँदैन नि! निजी विद्यालयले कसरी राम्रो शिक्षा दिइरहेका छन् भन्ने कुरा सरकारले सिक्न सक्छ। सरकार र राजनीतिक दललाई शिक्षालयमा दलीय राजनीति घुसाउनमा मात्रै चासो छ, तिनलाई सपार्ने कुरामा मतलब छैन। प्याब्सनले धेरै वर्षअघिदेखि 'पब्लिक प्राइभेट पार्टनरसीप'को अवधारणा कार्यान्वयनमा लैजानु पर्‍यो भन्दै आएको छ। सरकारले नै उचित वातावरण निर्माण गर्न सकिरहेको छैन।

**निजी विद्यालयलाई गैरनाफामूलक र सेवामूलक बनाउन तपाईंहरू तयार हुनुहुन्छ ?**

तयार भएर नै कतिपय निजी विद्यालयहरू ट्रष्टमा गएका छन्। तर सरकारको व्यवहार र नियम कानून ट्रष्टमा जान प्रेरित गर्ने खालको छैन। कम्पनी वा ट्रष्टमा जाँदामा कुनै अन्तर छैन। ट्रष्टमा जाँदा पनि उत्तिकै कर तिर्नुपर्छ। सरकारले ट्रष्टमा जानलाई सहज र आकर्षक बनाएर प्रभावकारी अनुगमन गरेको भए धेरै विद्यालयहरू कम्पनीमा जाने नै थिएनन्। निजी विद्यालयको सवाल यति ठूलो हुने नै थिएन। ■

# स्कूल 'जनवादी' पढाइ माओवादी




तस्बिरहरू: हीरा घर्तीमगर

**शहीद स्मृति नमुना विद्यालय, रोल्पा।**

बृहत् शान्ति-सम्झौतामा हस्ताक्षर गरेर सत्ताको मूलधारमा समाहित भएको दुई वर्ष बित्न लाग्दा पनि नेकपा (माओवादी) ले युद्धकालमा खोलेका 'जनवादी स्कूल' मा नेपाली सेना र नेपाल प्रहरीलाई जनताको दुस्मनका रूपमा चित्रित गर्ने पाठ पढाउन छोडेको छैन। कक्षा १ को निम्ति तयार पारिएको 'हाम्रो किताब' को ४५ औँ पाठको एउटा हरफ यस्तो छ, "हेलिकोप्टर उडिरहेको छ, गोलीको वर्षा भइरहेको छ।"

त्यस्ता विद्यालयमा माओवादीले छुट्टै पाठ्यक्रम पढाउने गरेको छ भने माओवादी कार्यकर्ता शिक्षक बनेका छन्। माओवादी निकट अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष गुणराज लोहनीका अनुसार यस्ता स्कूल तत्काल खारेज वा सरकारको मातहतमा ल्याउने पार्टीको कुनै सोच छैन। शान्ति प्रक्रियाअघि देशभरि सञ्चालित ६३ वटा 'जनवादी' विद्यालयलाई अहिले २८ वटामा झारिएको अध्यक्ष लोहनीले बताए। ती विद्यालय सञ्चालनमा गत वर्ष रु.६ करोड ३४ लाख खर्च भएको जानकारी पनि उनले दिए।



रोल्पाको जङ्कोट-८ धरवासामा २ जेठ ०५८ मा स्थापना भएको शहीद स्मृति नमुना विद्यालय सञ्चालनमा रहेका मध्येको एक हो। जनताको श्रमदानबाट बनेको चारकोठे भवनमा वडाका दुई परिवार बाहेकका सबै बालबालिकालाई पढाइने गरेको छ। गत वर्ष ६० जना विद्यार्थीको नाम लेखिएको भए पनि ४० जनाले मात्र वार्षिक परीक्षा दिएका थिए। वडाका दुई परिवारका बालबालिका भने सरकारी स्कूलमा पढ्न जान्छन्। जनवादी विद्यालय व्यवस्थापन समितिका सदस्य हर्कबहादुर डाँगी विभिन्न उतारचढावका बाबजुद विद्यालय नियमित सञ्चालन भएको दाबी गर्छन्।

कुरा वैज्ञानिक शिक्षाको गर्ने गरिए तापनि माओवादी आफैँले खोलेका विद्यालयमा भने हिंसा, घृणा र सामाजिक विद्वेषलाई पक्षपोषण गर्ने पाठ नै बालबालिकालाई पढाइने गरिएको छ। *हाम्रो किताब* (कक्षा-१) का रातो झण्डा (पृष्ठ ६८), आधा अक्षर (७०-७१) र जनयुद्ध दिवस (पृष्ठ ९०-९१) ले माओवादीको भक्ति गान र उसको हिंसालाई टेवा दिएका छन्। ए फर आर्मी, जी फर गन, आर फर राइफल जस्ता पाठ्यांश राखिएको पाठ्यपुस्तकमा माओ, लेनिन, प्रचण्ड आदिको स्तुतिलाई प्रमुखता दिइएको छ।

जनवादी स्कूलमा शिक्षक पनि माओवादी कार्यकर्ता नै रहेका छन्। उनीहरूलाई शिक्षक बन्न आवश्यक योग्यता र मापदण्ड तोकिएको छैन। पाँच कक्षासम्मको शैक्षिक योग्यता भएकी धनकुमारी डाँगी शहीद स्मृति नमुना विद्यालय, जङ्कोट रोल्पाकी प्रअ बनेकी छन्। उनीसँग नियुक्तिपत्र पनि छैन। डाँगी भन्छिन्, "औपचारिक रूपमा नियुक्ति भन्ने छैन। जनवादी अवधारणा बुझेको र त्यो लागू गर्न सक्नेलाई पार्टी र व्यवस्थापन समितिले शिक्षक बनाउँछ।" अन्य शिक्षकहरू पनि आफू पार्टीको कार्यकर्ता भएको र पार्टीकै निर्देशनमा शिक्षक बनेको बताउँछन्। शहीद स्मृति नमुनाकी शिक्षक जङ्कोट-८ की सोनिया श्रेष्ठ र जङ्कोट-५ कै मीनकुमारी डाँगी पनि माओवादी कार्यकर्ता नै हुन्। माओवादीले शिक्षकहरूलाई मासिक रु.१ हजारका दरले तलब दिने गरेको छ।

माओवादीले जनयुद्ध शुरु गरेको दिन २०५२





नमुना विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू (बायाँ) र नमुना विद्यालयको भान्साघर र त्यहाँ कार्यरत कर्मचारी ।

साल फागुन १ गते मङ्गलबार परेकाले हरेक मङ्गलबार स्कूल बिदा गर्ने गरिएको छ । राष्ट्रिय क्यालेण्डर लागू गरिएको छैन । माओवादीको कार्यक्रम पर्दा हप्तौं विद्यालय बन्द हुने गरेको शिक्षकहरू बताउँछन् । माओवादी कार्यक्रममा शिक्षक सक्रिय हुने भएकोले गत वर्ष मात्रै १६ दिन विद्यालय बन्द भएको थियो । शहीद स्मृति नमुना विद्यालयमा एउटा रङ्गीन टेलिभिजन र एउटा कम्प्युटर छ । तर विद्यालयमा प्रयोग गरिने शैक्षिक सामग्री भने सरकारी विद्यालयका भन्दा कम रहेको शिक्षकहरूको भनाइ छ । त्यहाँ माओवादी राजनीतिसँग सम्बन्धित पोस्टर र क्यालेन्डर राखिएको छ । विद्यार्थीहरूलाई पोशाक उपलब्ध गराइए पनि त्यसको प्रयोग खासै भएको पाइँदैन ।

सही व्यवस्थापन, प्रयोगात्मक सामग्री र विषयगत शिक्षकको अभावलगायतका पक्षहरूमा पार्टीले ध्यान दिनुपर्ने विद्यालय व्यवस्थापन र शिक्षकहरूको आग्रह छ । शिक्षक सोनिया श्रेष्ठ भन्छिन्, "तलब सुविधा वृद्धि र स्थायित्वको पक्षमा छौं । अब त पूरा हुन्छ कि भन्ने आशामा छौं ।"

शिक्षा ऐन अनुसार अनुमति नलिई कसैले पनि विद्यालय चलाउन पाउँदैन । त्यसमा पनि सरकारी पाठ्यक्रम अनुसरण गर्ने शर्तमा मात्र सरकारले स्कूल खोल्ने अनुमति दिन्छ । शान्ति सम्झौतापछि सरकारमा रहेको र संविधानसभाको निर्वाचनमार्फत वैधता पाइसकेको पार्टीले प्रचलित ऐन-कानून पालना गर्नुको सट्टा अझै गैरकानूनी रूपमा समानान्तर विद्यालय सञ्चालन गरेर बालबालिकाको भविष्य चौपट बनाउनु गम्भीर त्रुटि भएको एकथरीको कथन छ । रोल्पाका कामु जिल्ला शिक्षा अधिकारी केशवराज पोखेल माओवादीद्वारा सञ्चालित विद्यालयहरू सरकारी परिधिभित्र आउनुपर्ने बताउँछन् । उनी भन्छन्, "यस बारेमा अब बन्ने सरकारले ठोस निर्णय गर्ला ।"

तर समानान्तर रूपमा सञ्चालन गरिएका जनवादी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू यस्ता विद्यालय सरकारी निकायमा दर्ता गर्ने बारे कुनै सोच नभएको बताउँछन् । विद्यालय व्यवस्थापन समितिका सदस्य हर्कबहादुर डाँगी भन्छन्, "जनवादी विद्यालय सरकारी निकायमा दर्ता गर्ने भन्ने निर्देशन छैन । हामी प्याकेजमा निकास चाहन्छौं ।" ■

**हीराबहादुर घर्तीमगर, रोल्पा**


पलपलको खबर

हिमालखबर

● ताजा समाचार ● रिपोर्ट

● अन्तर्वार्ता ● टिप्पणी



www.himalkhabar.com

# जनवादी शिक्षाले राष्ट्रवादी र देशभक्त जन्माउँछ

अग्निप्रसाद सापकोटा
नेता नेकपा (माओवादी)



तस्बिरहरू: सुदर्शन घिमिरे

**जनवादी शिक्षा भनेको के हो ?**

जनमुखी, वैज्ञानिक, रोजगारमूलक र व्यावहारिक शिक्षाको अर्को नाम हो- जनवादी शिक्षा । यसका केही विशेषताहरू हुन्छन् । यो अनिवार्य र निश्चित तहसम्म नि:शुल्क हुन्छ । यो सर्वसुलभ वा सबैको पहुँचमा हुन्छ । जनवादी शिक्षाले मानिसलाई राष्ट्रवादी र देशभक्त बनाउँछ । त्यसैगरी शिक्षाले जनतालाई सङ्गठित हुन प्रेरित गर्ने, सङ्गठित बलमा विश्वास गर्ने, समाजमा कुनै पनि प्रकारको शोषण र उत्पीडनको निर्मूल गरी समानतामा ल्याउन क्रियाशील हुने बनाउँछ । जनवादी शिक्षाले मानिसलाई विज्ञानमा आस्था राख्ने र श्रममा विश्वास गर्ने बनाउँछ । यो व्यवहारवादी र रोजगारमूलक हुन्छ । यी सबै गुण या विशेषता रहेको शिक्षालाई जनवादी शिक्षा हो भनेर बुझ्ने हुन्छ ।

**अहिलेको शिक्षाभन्दा के अर्थमा त्यो भिन्न हुन्छ ?**

अहिलेको शिक्षा पहुँचवालाहरूका लागि सुलभ छ, गरिबहरूका लागि दुर्लभ छ । तर जनवादी शिक्षा धनी गरिब सबैका लागि समान रूपमा सुलभ हुन्छ । अहिलेको जस्तो धनीलाई एकप्रकारको र गरिबहरूलाई अर्को प्रकारको शिक्षा हुँदैन । सबैलाई एउटै स्तरको शिक्षा प्रदान गरिन्छ । पढ्न पाउने प्रत्येक बालबालिकाको नैसर्गिक अधिकारको ग्यारेन्टी गर्दछ । अर्थात् जनवादी शिक्षा प्रणाली लागू भएपछि सबै बालबालिकाहरूले स्कूलमा पढ्न पाउँछन् । पढ्न पाउने अधिकारबाट एक जना बालबालिका पनि बञ्चित हुँदैनन् । नोकरशाह या बेरोजगार जन्माउने अहिलेको शिक्षा पूरै खारेज हुन्छ ।

**त्यस्तो जनवादी शिक्षा कहिलेदेखि कार्यान्वयनमा आउँछ त ?**

हाम्रो नेतृत्वमा सरकार बनिसकेपछि नयाँ शिक्षा नीतिको घोषणा गर्छौं । अनि त्यो नीति आम जनताका बीचमा बहसमा जान्छ । त्यो बहसलाई संश्लेषण गरेर एउटा ठोस नीतिगत दस्तावेज बन्छ । यो काम सम्पन्न गर्न शिक्षा आयोग पनि बनाउन सकिन्छ । त्यस्तो आयोगले दिएको सुझावका आधारमा सरकारले कार्यान्वयनको प्रक्रियामा लैजान्छ ।

**अरू दलहरूको सहमति लिनुहुन्छ कि हुन्न ?**

राष्ट्रव्यापी छलफल गर्ने प्रक्रियामा अरू दलहरू पनि परिहाल्छन् नि ! अहिले हामीले एकल रूपमा निर्वाचन जितेको अवस्था होइन । त्यसैले हामीलाई थाहा छ, हामीले अरू राजनीतिक दलहरूसँग पनि छलफल गरेर एउटा ठोस सहमति निर्माण गर्नुपर्छ र त्यसपछि मात्र त्यो शिक्षा नीतिलाई कार्यान्वयनमा लैजानुपर्छ । यस कुरामा

हामी स्पष्ट छौं र प्रतिबद्ध पनि । जसरी संघीय लोकतान्त्रिक गणतन्त्रको विचारमा हामीले काङ्ग्रेस, एमाले लगायतका राजनीतिक दलहरूलाई अनुसरण गर्न सहमत बनायौं, हाम्रो शिक्षा नीतिमा पनि उनीहरूलाई सहमत गराउँछौं भन्ने कुरामा ढुक्क छौं ।

**तपाईँहरूले भन्ने गरेको 'शिक्षामा आमूल परिवर्तन' भित्र के के कुरा पर्छन् ?**

अहिलेसम्मको शिक्षाले राष्ट्रिय एकतालाई सुदृढ गर्न सकेन । त्यसैले अबको शिक्षा राष्ट्रिय भावनालाई सम्बर्द्धन गर्ने र सही अर्थमा राष्ट्रिय एकताको आधारशिला बन्नैपर्छ । त्यसैगरी पुरानो शिक्षाले देशभक्तिको भावना जगाउन सकेन । व्यक्तिलाई समाज र राष्ट्रप्रति जिम्मेवार र उत्तरदायी बनाउन सकेन । नागरिकलाई बढी व्यक्तिमुखी र आत्मकेन्द्रित बनायो । त्यसैले नेपालीलाई नेपाल राष्ट्रप्रति जिम्मेवार बनाउने र व्यक्तिमुखी भन्दा समाजको साझा हितका लागि क्रियाशील हुने बनाउनुपर्छ अबको शिक्षाले । हाम्रो प्रमुख एजेण्डा भनेको शिक्षामा व्यापारीकरणको अन्त्य गर्ने र सबैलाई एउटै स्तरको नि:शुल्क स्कूल-शिक्षाको ग्यारेन्टी गर्नु नै हो । हामी विद्यालय तहको शिक्षा नि:शुल्क गर्न किन चाहन्छौं भने यो तहको शिक्षा प्राप्त गर्ने अधिकार सबै बालबालिकालाई छ । विद्यालय शिक्षा पूरा गर्दा कुनै पनि व्यक्तिसँग गरिखाने सीप पनि हातमा हुनैपर्छ । त्यसैले हामीले माध्यमिक तहका विद्यार्थीलाई प्राविधिक तथा व्यावसायिक शिक्षा पनि दिनुपर्छ भन्ने सोच बनाएका छौं । विश्वविद्यालय तहको शिक्षालाई पनि स्तरीय र अनुसन्धानमुखी बनाउनुपर्ने आवश्यकता छ । अझै पनि देशको जनसङ्ख्याको ठूलो हिस्सा निरक्षर छ । तिनलाई छोटो समयावधिमा साक्षार बनाउनै पर्छ भनेर हामीले प्रतिबद्धतापत्रमा पनि उल्लेख गरेका छौं । सारमा भन्नुपर्दा, प्रतिबद्धतापत्रमा शिक्षाको सवालमा जे गर्छौं भनेका छौं, अब गर्ने त्यही हो ।

**सबैलाई एउटै स्तरको शिक्षा कसरी बनाउनुहुन्छ ?**

सामाजिक क्षेत्रमा रातारात परिवर्तन गर्न सम्भव छैन । त्यसमा पनि शिक्षा यस्तो क्षेत्र हो, जहाँ एउटा कुनै काम थालेपछि त्यसलाई टुङ्गोमा पुऱ्याउन र त्यसको नतिजा देख्न निकै समय लाग्छ । तर त्यस दिशामा काम गर्ने प्रक्रियाको थालनी चाहिँ हामी सरकारमा पुग्ने बित्तिकै गर्छौं । शिक्षामा व्यापारीकरणको अन्त्य गरेर मात्र शिक्षामा सही दिशा दिन सकिन्छ । त्यसका निम्ति प्राइभेट स्कूलहरूलाई शुरुमा सहकारीकरण गर्नुपर्छ । त्यसपछि समुदायकरण र विस्तारै राष्ट्रियकरण गर्ने हाम्रो नीति रहनेछ ।



> शिक्षक बन्न कुनै व्यक्तिको न्यूनतम योग्यता छ कि छैन भनेर हेरिनुपर्छ । त्यस क्रममा जो सफल ठहरिन्छ, उसलाई स्थायी गरिनुपर्छ र जो अयोग्य ठहरिन्छ, उसलाई ससम्मान शिक्षण पेशाबाट बिदा दिनुपर्छ ।

> हामी अहिले शिक्षाको राष्ट्रियकरणको कुरा गरिरहेका छैनौं । निजी क्षेत्रलाई सामुदायिकीकरण नै हाम्रो अहिलेको एजेण्डा हो । समुदायकरण भनेको त्यो जनताकै सहभागिताको कुरा हो ।

**निजी विद्यालयका सञ्चालकहरूलाई कसरी मनाउनुहुन्छ ?**

जब हामीले राष्ट्रव्यापी बहस थाल्नेछौं, त्यतिबेला निजी विद्यालयका सञ्चालकहरूसँग पनि छलफल हुनेछ । त्यसको दौरानमा प्राइभेट स्कूललाई सहकारी वा समुदायमा लैजान भारी दबाब पर्नेछ । यही वादविवाद, संवाद वा अन्तरक्रियाहरूका माध्यमबाट हामी निजी विद्यालयलाई रुपान्तरणको प्रक्रियामा लैजान सक्षम हुनेछौं ।

**अनि पब्लिक स्कूलको स्तर चाहिँ कसरी उकास्नु हुन्छ ?**

जब हामी अभिभावक, विद्यार्थी र शिक्षकका चाहना र आवश्यकताहरूको समायोजन गर्छौं, त्यतिखेर त्यसले स्वत: गुणात्मक फड्को मार्नेछ । यी तीनवटै पक्षका चाहना र आवश्यकताहरूको परिपूर्तिका लागि के के काम गर्नुपर्छ भनेर निर्क्योल गरिसकेपछि हामी तदनुरुप चाल्नुपर्ने कदमहरू चाल्नेछौं ।

**अनि त्यसनिम्ति आवश्यक आर्थिक स्रोतको व्यवस्था कसरी हुन्छ ?**

नयाँ नेपालको आर्थिक नीतिले साधनस्रोतको व्यवस्था गर्दछ । विलासिता र मनोरञ्जन दिने सामग्रीहरूमा, वस्तुहरूमा शिक्षाका लागि विशेष कर लगाउन सकिन्छ ।

**राज्यको आर्थिक औकात प्राथमिक तहको शिक्षा समेत राम्ररी नि:शुल्क गर्न सक्ने खालको छैन भने तपाईंहरू सत्तामा पुग्दैमा उच्च तहसम्मको शिक्षा नि:शुल्क गर्ने आर्थिक स्रोत कसरी जुट्ला ?**

निश्चय नै साधन स्रोतको व्यवस्थापन गर्न कठिन छ, तर असम्भव चाहिँ छैन । जर्जर आर्थिक अवस्था भएको कारणले हाललाई अलि कठिन होला । तर हामीले सरकार चलाउन पायौं भने केही वर्षमै आर्थिक स्रोतको व्यवस्थापन गर्न सकिन्छ भन्ने हाम्रो विश्वास छ । शिक्षा कर लगाएर, राजस्व चुहावट रोकेर, भ्रष्टाचार समाप्त गरेर र नयाँ आर्थिक नीतिबाट नेपालमा दुई अङ्कको आर्थिक वृद्धि गरेर साधन र स्रोतको व्यवस्था गरिनेछ ।

**तपाईँहरूको शिक्षा-व्यवस्थापनमा अभिभावकको भूमिका के हुन्छ ?**

जनताको भूमिका र सक्रियता अरु बढाइनेछ । हामी अहिले शिक्षाको राष्ट्रियकरणको कुरा गरिरहेका छैनौं । निजी क्षेत्रलाई समुदायकरण नै हाम्रो अहिलेको एजेण्डा हो । समुदायकरण भनेको त्यो जनताकै सहभागिताको कुरा हो । शैक्षिक विकासका लागि समुदायलाई बढीभन्दा बढी सक्रिय गराउनै पर्छ । जनताको सक्रियता बिना त स्तरीय शिक्षा सम्भव नै छैन ।

**तपाईहरूले परिकल्पना गरेको प्राविधिक तथा व्यावसायिक शिक्षा चाहिँ कस्तो हुन्छ ?**

युवायुवतीको हातमा गरिखानको लागि प्राविधिक सीप तथा ज्ञान हुनुपर्छ। त्यही सीप नभएर अहिले युवायुवती बेरोजगार बस्न बाध्य भएका र विदेशिएका छन्, विदेश गएकाहरू पनि चाहिने जति सीप नभएकाले राम्रो पैसा कमाउन पाएका छैनन्। कतिपय त अचाक्ली ठगिएका पनि छन्।

**लाखौं लाख निरक्षर युवायुवती सबैलाई त्यस्तो शिक्षा दिन सक्नुहोला ?**

तत्कालै त सकिँदैन। त्यसको लागि सर्वप्रथम पूर्वाधार नै तयार पार्नुपर्छ। औपचारिक शिक्षाबाट बञ्चित भएका मध्ये कतिपय मानिसहरूको हातमा सीप छ, तर तिनले औपचारिक मान्यता पाउन सकेका छैनन्। हामी जोसँग जुन सीप तथा क्षमता छ, उनीहरूको स्तर जाँचेर औपचारिक प्रमाणपत्र दिने पक्षमा छौं। अनि उनीहरूको निरन्तर ज्ञान तथा क्षमता विकासका लागि खुला शिक्षालयहरू खोलिनुपर्दछ। त्यस्तै औपचारिक शिक्षामा पनि प्राविधिक तथा व्यावसायिक शिक्षा समाविष्ट गरेर यो शिक्षा दिन सकिन्छ। शिक्षा अनिवार्य गरिसकेपछि एउटा निश्चित अवधिपछि सबैले यो शिक्षा पाउँछन्।



> निजी विद्यालयहरूलाई सामुदायिकीकरण गर्न सकिन्छ तर सरकारी विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गर्ने नीति लागू गरिने छैन।

**तपाईहरू सार्वजनिक विद्यालयमा कार्यरत अस्थायी शिक्षकलाई स्वतः स्थायी गर्ने पक्षमा हो ?**

होइन। योग्य शिक्षकलाई मात्र स्थायी गर्ने पक्षमा छौं। समुचित प्रक्रिया अपनाएर अस्थायी शिक्षकहरूको स्थायी गर्ने गरिनुपर्छ। त्यस क्रममा शिक्षक बन्न कुनै व्यक्तिको न्यूनतम योग्यता छ कि छैन भनेर हेरिनुपर्छ। त्यस क्रममा जो सफल ठहरिन्छ, उसलाई स्थायी गरिनुपर्छ र जो अयोग्य ठहरिन्छ, उसलाई ससम्मान शिक्षण पेशाबाट बिदाई दिनुपर्छ।

**शिक्षकले आफ्नो जागिर सुरक्षित गर्न पनि अमूक राजनीतिक दलको पछि लाग्नुपर्ने अवस्था विद्यमान छ। तपाईहरू सरकारमा गएपछि सबै शिक्षकले माओवादीको समर्थक हुनुपर्ने हो कि ?**

एउटा चेतनशील मानिसको रूपमा शिक्षकले राजनीतिक विचार बोक्न पाउनुपर्छ तर ऊ शिक्षक नै भएर बस्नुपर्छ, राजनीतिक कार्यकर्ता होइन। हामी प्रत्येक शिक्षकले स्वाभिमान र स्वतन्त्रतापूर्वक काम गर्न पाउनुपर्छ भन्ने पक्षमा छौं। त्यसैले अब हामी सबै मिलेर शिक्षकले आफ्नो सुरक्षाको लागि कुनै पनि दलको पछि लाग्न नपर्ने अवस्थाको निर्माण गर्नै पर्छ। शिक्षकको मर्यादा र सम्मान पुनर्स्थापित गर्नैपर्छ। अबको शिक्षक कक्षाकोठाप्रति उत्तरदायी हुनैपर्छ। हामी यस कुरामा स्पष्ट र प्रतिबद्ध छौं।

**विगतमा माओवादीलाई जबर्जस्ती चन्दा दिनुपर्ने, बन्दुक नै बोकेर हिँड्नुपर्ने बाध्यता खडा गर्ने तपाईको कुरालाई शिक्षकहरूले कसरी विश्वास गर्ने ?**

संविधानसभामा जनताले यत्रो विश्वास गरेर सबैभन्दा ठूलो पार्टी बनाएका छन् भने तपाईले अविश्वास गरिहाल्नुपर्छ जस्तो लाग्दैन। म तपाईलाई धैर्यपूर्वक केही समय हाम्रो व्यवहार हेर्न अनुरोध गर्छु। मलाई लाग्छ, अब शिक्षकहरूको पेशागत संस्था जतिसक्दो छिटो एउटै बनाउनुपर्छ। पार्टीको भ्रातृ संस्थाका रूपमा शिक्षकको संस्था रहनुहुन्न। एउटै संस्था बनाउने कुरामा हाम्रोतर्फबाट सम्पूर्ण पहल र प्रयत्न गर्नेछौं। जहाँसम्म विगतको युद्धकालीन कुरा हो, त्यो विशिष्ट अवस्था हो। अब अहिले त भिन्न अवस्था छ। सरकारमा गएपछिको अवस्था र युद्धकालका विशिष्ट अवस्थालाई एउटै नजरले हेर्नुभएन।

**तपाईहरूले प्रस्तावित गर्नुभएको राज्यको पुनर्संरचनामा केन्द्र, संघीय राज्य, स्थानीय निकाय र समुदाय गरी चार तहहरू छन्। शिक्षामा कसको के अधिकार र जिम्मेवारी हुन्छ ?**

केन्द्रीय सरकारले शिक्षाको राष्ट्रिय नीति बनाउँछ। साधन स्रोतको परिचालनलगायत धेरै अधिकार त संघीय राज्यसँग हुन्छ। स्थानीय निकायले पनि आफ्नो क्षेत्रभित्रका विद्यालयको लागि चाहिने साधन-स्रोतको व्यवस्थापनका लागि सहयोगी भूमिका खेल्नुपर्छ।

विद्यालयको व्यवस्थापन गर्ने दायित्व त समुदायकै हो। समुदायले संघीय राज्यबाट पाएको अनुदानलाई उपयोग मात्र गर्दैन, चाहिने थप स्रोतको परिचालन पनि आफ्नै तहबाट गर्छ। हामी समुदायलाई अधिकार र जिम्मेवारी दुवै दिने पक्षमा छौं। साथसाथै उनीहरूलाई त्यो अधिकार र उत्तरदायित्व सही ढङ्गले निर्वाह गर्न समर्थ बनाउने छौं। हामी त समुदायहरूका बीचमा समाजवादी प्रतिस्पर्धा अर्थात् स्वस्थ प्रतिस्पर्धाको नीति लागू गर्छौं ताकि उनीहरू निरन्तर गुणात्मक शिक्षाका लागि अगाडि बढिरहून्।

**भनेपछि सरकारले अहिले गरिरहेको समुदायमा विद्यालयको व्यवस्थापन हस्तान्तरणको काम रोकिने छैन ?**

संघीय राज्य बनिसकेपछि सबै कुरा त्यो राज्य अन्तर्गत दिनुपर्छ। त्यसक्रममा निजी विद्यालयहरूलाई सामुदायिकीकरण गर्न सकिन्छ तर सरकारी विद्यालयहरूलाई समुदायमा हस्तान्तरण गर्ने नीति लागू गरिने छैन।

**उच्च शिक्षाको बारेमा चाहिँ तपाईहरूको 'भिजन' के छ ?**

उच्च शिक्षा हासिल गर्न चाहने सबैलाई उच्च शिक्षाको अवसर दिने नीति रहनेछ। त्यसका लागि आर्थिक अभाव भएकाहरूलाई विना धितो सरल ऋण उपलब्ध गराइनेछ। शिक्षालाई राष्ट्रका लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने नीति अनुसार प्राविधिक र पोलिटेक्निक शिक्षालाई विशेष जोड दिइनेछ। ■

*(नेपाल राष्ट्रिय शिक्षक सङ्गठनमा २०४४ देखि २०४८ सम्म महासचिव रहेका सापकोटा नेपाल कम्युनिष्ट पार्टी माओवादीका केन्द्रीय सदस्य र सिन्धुपाल्चोक-२ बाट संविधानसभा सदस्य हुनुहुन्छ।)*


**प्रस्तुतिः सुदर्शन घिमिरे**

प्रा.डा. विद्यानाथ कोइराला



# 'जनवादी शिक्षा' कति लिने कति दिने ?

**साम्यवादी शिक्षाले विचारसँग लडेन । विचार दिने संरचना र संयन्त्र दुवैलाई सजाय दियो । अभिव्यक्ति स्वतन्त्रता मऱ्यो । यहाँ नेपाली माटो त्यही स्वतन्त्रता खोज्छ । कम्बोडियामै धार्मिक र जातीय स्कूल थिए । निजी स्कूल पनि थिए । साम्यवादीले बन्द गरिदिए । नेपालका जनजातिले जातीय स्वतन्त्रता खोजे । धार्मिक स्वतन्त्रता खोजे । माओवादीले 'तथास्तु' भनिदिए । यस स्थितिमा गर्ने के ? बन्द गरौँ भने जातीय र धार्मिक स्वतन्त्रता हरिने । खोलौँ भने साम्यवादी शैली नासिने । गर्ने के ?**



### चौखम्बे शिक्षा

साम्यवादीले चौखम्बे जनवादी शिक्षा दिए । पहिलो खम्बा हो- सबै खाले जनतालाई राजनीतिक पद्धतिसँग सैद्धान्तिक ढङ्गले आवद्ध (ideological integration) गर्नु । धार्मिक सत्सङ्गीकरणजस्तै साम्यवादी सत्सङ्गीकरण । किसानको साम्यवादी सत्सङ्गीकरण । विद्यार्थीको साम्यवादी सत्सङ्गीकरण । विज्ञको साम्यवादी सत्सङ्गीकरण । दोस्रो खम्बा हो- धार्मिक वा सांस्कृतिक शिक्षालाई विज्ञानसम्मत शिक्षाले विस्थापित गर्नु । क्यूबालीको जस्तै 'ईश्वर छैन' भन्ने सुगारटाइ (indoctrinated understanding) गर्नु । तेस्रो खम्बा हो- सरकारले रोजगारी दिन्छ वा दिनुपर्छ भन्ने ओथारावादी (Protectionist) चिन्तन लिनु । चौथो खम्बा हो- शिक्षा 'डोका र ढोका' मा काम लाग्ने (pragmatic) हुनुपर्छ भन्ने व्यवहारवादी भनाइ हुनु । अरू खम्बा प्राविधिक हुन्- पूँजीवादी वा विकासशील देशमा पनि हुने । कतिपय गरिएकाहरू । कतिपय गर्न सकिने ।

### चौखम्बामै चुनौती

साम्यवादीले एकल राजनीतिक दलमा सोचे । नेपाली संविधानसभाको जनमतले उनीहरूलाई पनि बहुदलवादी बनाइदियो । अब प्रश्न रह्यो, शिक्षालाई कुन राजनीतिक दलमा सैद्धान्तिक रूपले आवद्ध गर्ने ? बहुलता हो भने सम्झौता सिक्नुपऱ्यो । एकदलीय सत्सङ्गीकरणलाई नै चुनौती गर्नुपऱ्यो । आफैँमा चुनौती । आफ्नैमा चुनौती । दोस्रो चुनौती विज्ञानसम्मत शिक्षामा भेटियो । किनकि साम्यवादीले आधुनिकतावाद (मोर्डनिज्म) मा सोचे । बहुलताले उत्तर आधुनिकतावादलाई सिंचन गऱ्यो । यस अर्थमा भियतनामले भने झैं 'सैद्धान्तिक एवं सांस्कृतिक विषाक्तिकरण' रहिरह्यो ।

- निरक्षर सिपाहीलाई साक्षर सिपाहीले सिकाउने कुरा अल्बानियाले गऱ्यो। तर शिविर र क्यान्टोन्मेन्टमा रहेका उमेर नपुगेर विस्थापित हुने दिन कुरेका सिपाहीलाई आफैँ पढाउँछु भन्न माओवादीले सकेन।
- पठनपाठनमा सांस्कृतिक सुरु, धार्मिक चिन्तन र विज्ञानमा अन्तरसम्बन्ध खोज्ने प्रबन्ध गर्नुपर्छ। एकले अर्कालाई तुच्छ ठान्ने साम्यवादी सोच बदल्नुपर्छ।

विज्ञान विज्ञानकै ठाउँमा र धर्म-संस्कार तिनकै ठाउँमा ठीक भन्ने खाले। यो 'बहुठीक' र साम्यवादी एकल ठीकबीचको सम्झौता के? समन्वय के? विज्ञान र धर्मले एउटै कुरा भने भन्नेलाई जवाफ के? जल र अग्नि प्रलयमा हरित गृहअसर देख्नेलाई प्रत्युत्तर के? बिग-ब्याङ् (Big bang) को सिद्धान्त र आकासमा महाभयङ्कर शब्दपछि भगवानले पृथ्वी बनाए भन्नेलाई उत्तर के?

तेस्रो चुनौती ओथारावादी चिन्तनले नै दियो। विद्यार्थी व्यक्तिवादी बन्ने। सरकार ओथारावादी बन्ने। अर्थतन्त्र निजीकरणमा जाने। राजनीतिक दल संघीयतामा जाने। साम्यवादी सोच केन्द्रीकरणभन्दा पर नजाने। टाढा पुगे 'जनवादी केन्द्रीकरण'सम्मको बन्ने। चौथो चुनौती 'व्यावहारिक शिक्षा' ले दियो। कृषकको सन्ततिले व्यापारको बाटो देख्यो- शहरियो। व्यापारीले प्राज्ञिक बाटो देख्यो- विदेशियो। भियतनामी विद्यार्थी र अभिभावकले साम्यवादी व्यावहारिक व्यावसायिक शिक्षालाई बलैले छुटाएजस्तो (aggressively avoided) उपक्रम गऱ्यो।

### जनवादी रटान र नेपाली धरातल

जनवादीले रुप रटे। धरातलीय सार हेरेनन्। त्यसैले भनिदिए, 'शिक्षा अनिवार्य हुन्छ, नि:शुल्क हुन्छ, सर्वसुलभ हुन्छ, देशभक्तिपूर्ण हुन्छ, व्यावसायिक हुन्छ, प्राविधिक हुन्छ, अनुसन्धानमुखी हुन्छ, एकैखाले हुन्छ, सक्रिय जनसहभागिता हुन्छ, प्रतिस्पर्धी हुन्छ। साक्षरताका लागि युवा परिचालित हुन्छ।' यस्ता 'हुन्छ'हरू नेपालीले रूपमा देखे। सुने। पढे। तर सारमा गरेनन्। उदाहरण दिउँ, २०५८ को सबैका लागि शिक्षा कार्यक्रमको। दुवैले लेखे विपन्न वस्तीमा अनिवार्य शिक्षा थाल्ने भनेर। केही भएन। राष्ट्रिय शिक्षा पद्धतिको योजनाले व्यावसायिक र प्राविधिक शिक्षाको भयङ्कर वकालत गऱ्यो। लागू गऱ्यो। उपभोक्ताले स्वीकारेनन्। २०११ सालदेखिका शिक्षा योजनाहरूले उच्च शिक्षालाई अनुसन्धानमुखी बनाउने रहर गरे। विश्वविद्यालयले टेरेनन्। शिक्षामा जनसहभागिता सबैले खोजे। तैपनि संस्थागत भएन। राष्ट्रिय विकास सेवा कार्यक्रमले साक्षरताको लागि युवा परिचालन गऱ्यो। पञ्चायतकालमा सुर्खेत जिल्लामा रकमसहितको स्थानीय सरकार र गैरसरकारी संस्थाहरू परिचालित भए। निरन्तरता भएन। निजी र सरकारी विद्यालयमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले एउटै पाठ्यक्रम-पाठ्यपुस्तक लागू गऱ्यो। अहिले पनि यो क्रम छँदैछ। यति हुँदाहुँदै पनि निजी विद्यालयको पढाइ भिन्ने रह्यो। यस अर्थमा जनवादी रटान र नेपाली धरातल मिलाउने कसरी? 'हुन्छ' को रुप र धरातलीय सारबीच सहसम्बन्ध खोज्ने कसरी?


### साम्यवादी देशको सिको र नेपाली माटो

कम्बोडियामा वाट (गुम्बा, बिहार) ले शिक्षा दिन्थ्यो। बोञ्जस् (भिक्षु) शिक्षक थिए। समस्या थियो- जनशिक्षा (mass education) थिएन। त्यसलाई फ्रेन्च मोडेलले पूर्ति गऱ्यो। तर फ्रेन्च भाषा लाद्यो। साम्यवादीले त्यस्ता स्कूल पनि बन्द गरिदिए। भियतनामी शब्दमा 'सैद्धान्तिक र सांस्कृतिक विषाक्तिकरण' को डरले। यस अर्थमा साम्यवादी शिक्षाले विचारसँग लडेन। विचार दिने संरचना र संयन्त्र दुवैलाई सजाय दियो। अभिव्यक्ति स्वतन्त्रता मऱ्यो। यहाँ नेपाली माटो त्यही स्वतन्त्रता खोज्छ। माओवादीले पनि स्वतन्त्रता दिन्छौं भन्ने वचनबद्धता जनाएका छन्। कम्बोडियामै धार्मिक र जातीय स्कूल थिए। निजी स्कूल पनि थिए। साम्यवादीले बन्द गरिदिए। नेपालका जनजातिले जातीय स्वतन्त्रता खोजे। धार्मिक स्वतन्त्रता खोजे। माओवादीले 'तथास्तु' भनिदिए। यो स्थितिमा गर्ने के? बन्द गरौं भने जातीय र धार्मिक स्वतन्त्रता हरिने। खोलौं भने साम्यवादी शैली नासिने। गर्ने के?

भियतनामले निजी विद्यालयलाई सरकारीकरण गऱ्यो। नेपालको पञ्चायतकालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले जस्तो। त्यसले व्यक्ति र निजी संस्थाहरूबाट सार्वजनिक विद्यालयका लागि शैक्षिक सामग्री बटुल्यो। सुनसरी जिल्लाको भीम मा.वि.ले जस्तो। व्यावसायिक शिक्षालाई बेवास्ता गऱ्यो। २०३६ सालपछिको नेपाली विद्यार्थी र अभिभावकले जस्तो। खुला विद्यालयमार्फत शिक्षाको बिस्तार गऱ्यो। अहिलेको सरकारी अनौपचारिक शिक्षा केन्द्रले जस्तो। रसियन विश्वविद्यालयहरूसँग सहकार्य गऱ्यो। स्केन्डेवियन विश्वविद्यालयले अफ्रिका र एसियामा गरेजस्तो। काठमाडौं विश्वविद्यालयले धुलिखेल र बनेपा नगरपालिकामा गरेजस्तो। त्यस्तैगरी गुणस्तरीय शिक्षाको वकालत गऱ्यो। अहिलेको नेपाली सरकारले जस्तो। यसका दाता र साहू संस्थाहरूले जस्तो। भयो के त? अहिलेको जानकारीले भन्छ- रुप परिवर्तन भयो। सारमा उल्लेख्य परिवर्तन देखिएन। हामी नेपालीले सिक्ने के?

उत्तर कोरियाले परम्परागत स्कूल हटायो। इसाई स्कूलले ठाउँ लिए। सातवर्षे अनिवार्य शिक्षा लागू गऱ्यो। किताबकापीसमेत राष्ट्रले दियो। क्यानडाली स्कूलभन्दा भिन्न के? ह्यूरिटिक (Huristic) शिक्षण पद्धति अपनायो। खोजमूलक पद्धति। यूरोपियन तथा अमेरिकी देशहरूले पनि त्यही गरे। फरक के रह्यो? उत्तर कोरियाले किम इल सुङ्ग र तिनकै मतियारहरूको जयजयकार गऱ्यो। यस अर्थमा राजारानी पुज्ने पञ्चायतकालीन शिक्षा र माओ, लेनिन, मार्क्स तथा प्रचण्ड पुज्ने युद्धकालीन माओवादी शिक्षामा भिन्नता के? उत्तर कोरियाले शिक्षालयमा


स्वर्गीय
श्री ५ महेन्द्रको सन्देश


मन्तव्य

२०३० सालमा जनक शिक्षा सामग्री केन्द्रले छापेको कक्षा ८ को *महेन्द्रमाला* (बायाँ), २०६२ मा नेकपा माओवादीको 'जनशिक्षा विभाग' ले प्रकाशित गरेको कक्षा १ को *हाम्रो किताब*।

**उत्तर कोरियाले किम इल सुङ् र तिनकै मतियारहरूको जयजयकार गऱ्यो। यस अर्थमा राजारानी पुज्ने पञ्चायतकालीन शिक्षा र माओ, लेनिन, मार्क्स तथा प्रचण्ड पुज्ने युद्धकालीन माओवादी शिक्षामा भिन्नता के ? उत्तर कोरियाले शिक्षालयमा एस.डब्ल्यू.वाई.एल. बनायो। माओवादीको वाई.सी.एल. जस्तो। फरक के ?**

एस.डब्ल्यू.वाई.एल. (Socialist working youth league) बनायो। माओवादीको वाई.सी.एल. जस्तो। फरक के ? प्रौढ साक्षरता बढाउन गाउँपिच्छे 'पाँच परिवार टीम' बनायो। मोरङको खोराहाट गाविसका बाँतर समुदायको परम्परागत नाइकजस्तो। तात्विक अन्तर के ? कलकारखानाले 'दुईघण्टे' पठनपाठन सत्र चलाए। कारखानामै कलेज चले। किसानकै फार्म कलेज बने। श्रमिककै कलेज बने। तर म आफैँले दशकौं अघि लेखेको किसान विश्वविद्यालयको सोच नेपालमा अझै आएन। भयो के ?

अल्बानियाले साम्यवादी रुझानको शिक्षा थाल्यो। पञ्चायतले पञ्चायती शैलीकै। प्रत्येक सरकारले आ-आफ्नै शिक्षा योजना बनाए। अहिले माओवादी पनि त्यही तयारीमा छ। सारमा फरक के ? निरक्षर सिपाहीलाई साक्षर सिपाहीले सिकाउने कुरा अल्बानियाले गऱ्यो। तर शिविर र क्यान्टोन्मेन्टमा रहेका उमेर नपुगेर विस्थापित हुने दिन कुरेका सिपाहीलाई आफैं पढाउँछु भन्न माओवादीले सकेन। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले म पैसा ल्याउँछु भन्यो। यहीं प्रश्न रह्यो साम्यवादीहरू मितव्ययी र उपलब्ध जनशक्ति परिचान गर्न सिपालु हुन्छन् भन्ने आधार के ? त्यस्तै उनीहरूले राष्ट्रवादी शिक्षा दिन्छन् भन्ने विश्वास दिलाए। तर अल्बानियामा रूसी किताब आए। चीनमा त रूसीकरणविरुद्ध माओत्सेतुङ आफैँले आन्दोलन छेड्नुपऱ्यो। यस स्थितिमा साम्यवादी चाहिँ उपनिवेशवादी र विस्तारवादी हुन्नन् भन्ने प्रमाण के ? त्यस्तै अल्बानियामा प्राज्ञिक पढाइ पूरा नगर्नेलाई व्यावसायिक शिक्षा दिए। एवं विद्यार्थीलाई औद्योगिक उत्पादन तथा सैनिक तालिम दिए। कुनै बेला बी.पी. कोइरालाले प्रस्ताव गरेजस्तो। सन् १९९० पछि भने अल्बानियामा साम्यवादी शिक्षाको रुप र सार दुवै गयो।

पञ्चायतकालसँगै राष्ट्रिय शिक्षा पद्धतिको योजना गयो। आखिर फरक के ?

चीनले केन्द्रीय शिक्षा नीति बनायो। स्थानीय सरकारलाई आधारभूत शिक्षा दिने जिम्मेवारी दियो। मैले अहिलेको सामुदायिक व्यवस्थापन प्रक्रियाअन्तर्गत भनिएका विद्यालयलाई स्थानीय गाउँपालिका वा नगरपालिकालाई दिऔँ भने। अन्तर के ? अनिवार्य शिक्षासम्बन्धी कानून ल्यायो।


ओखर (ो)
माओ

माओवादीको 'जनशिक्षा विभाग' ले प्रकाशित गरेको कक्षा १ को *हाम्रो किताब* को एउटा पाठ।

नमुना विद्यालयको अवधारणा बोक्यो। नेपालका शिक्षा योजना बनाउनेहरूले पनि त्यसै गरे। सन् १९७० मा चीनले नेपालमा निजी भनी बुझिने स्कूल बन्द गऱ्यो। सन् १९८० मा खोल्यो। खोल्दा नि.मा.वि. तहदेखि स्वीकृति दिने नीति लियो। उपयोगितावादी नीति। मैले पनि निजी विद्यालयलाई उपयोग गर्ने नीतिकै वकालत गरेँ। भिन्नता के? यसैगरी चीनले राजनीतिमा आधारित साम्यवादी राजनीतिक सत्सङ्गीकरण शिक्षालाई उसको चौखम्बे आधुनिकीकरणसँग जोड्यो। मैले पनि सबै राजनीतिक दलको सहमति भएको शिक्षा योजना बनाऔँ भनी रहेँ। फरक के?

चीनले प्राथमिक शिक्षाको किताबको पैसा अभिभावकलाई तिरायो। क्यानाडाले पनि त्यसै गऱ्यो। तिर्न नसक्नेलाई दुवैले छात्रवृत्ति दिए। अन्तर के रह्यो र? देङसियायो पिङको चीनले देश, राजनीतिक दल र जनतालाई प्यारो गर्ने नैतिक शिक्षा दिए। माओले उनकै गाथा गाउने। पञ्चायती नेपालले पनि त्यही गऱ्यो। युद्धकालीन माओवादी शिक्षामा पनि त्यही भयो। अन्तर के? त्यही स्थिति व्यावसायिक शिक्षामा रह्यो। नेपालले पनि ४ कक्षादेखि पूर्व व्यावसायिक शिक्षा लागू गऱ्यो। प्रारभिक बालविकास कार्यक्रमलाई सामाजिक भलाइमा लग्यो। सरकारी पैसा हालेन। समुदाय वा विद्यालयमा आधारित बालविकास कार्यक्रममा पनि हामी नेपालीले त्यसै गऱ्यौं। तात्विक विभेद के?

चीनले सिफ्ट प्रणालीमा विद्यालय चलायो। बङ्गलादेशले त्यही गऱ्यो। नेपालको सी.डी.एस. भन्ने गैससले त्यसै गर्दैछ। फरक के? बहुउद्देश्यीय व्यावसायिक एवं प्राविधिक विद्यालय खोल्यो। नेपालको सीटीईभीटीले पनि त्यही गर्दैछ? २०११ सालदेखिका शैक्षिक योजनाले पनि त्यही भने। आखिर भिन्नता के? चीनले शिक्षण, अनुसन्धान र उत्पादनलाई जोड्यो। मैले सेवा पनि थपे। सबै शिक्षाले गर्ने काम भने। भाषा भिन्नै भयो। परिवेश भिन्नै भयो। त्यस्तै चीनले खुल्ला विद्यालय र विश्वविद्यालय खोल्यो। मैले पनि आफ्नो पुस्तक 'शिक्षामा वैकल्पिक चिन्तन', २०६४ मा त्यसै भने। भिन्नता के?

भारतको साम्यवादी राज्य केरलाले ठाउँ-ठाउँमा प्राज्ञिक 'हब' (एकेडेमिक हब) बनायो। शिक्षकलाई सेवा दिने हब। हाम्रा स्रोतकेन्द्रहरू जस्तो। यो सोचले त्यहाँ काम गऱ्यो। यहाँ पनि काम भयो। रुपमा फरक के रहयो र? त्यहाँको साम्यवादी सरकारले निजी, गुठी, र सरकारी तीनैखाले विद्यालय चलायो। तीनै वटालाई प्रतिस्पर्धी बनायो। मैले पनि त्यही कुराको वकालत गरेँ। अन्तर के?

क्युवाले साक्षरता अभियान चलायो। स्वयंसेवी विद्यार्थी गाउँ गए। त्योभन्दा अघि एकमहिने तालिम लिए। ड्रेस लिए। तेलको टुकी लिए। यी साक्षरता ब्रिगेडिस्टास (Interim brigadistas) ले २० प्रतिशत साक्षरता थपे। पञ्चायतकालमा राष्ट्रिय विकास सेवामा जाने म जस्ताले त्यही गऱ्यौं। अहिले सरकार र विश्वविद्यालय अनुदान आयोगअन्तर्गत गाउँ जाने स्वयंसेवीले त्यही गर्छ। फरक के? त्यसै क्युवाको विद्यालयले क्युमिलेटिभ स्कूल फाइल बनायो। नेपाली र स्पेनिस विद्यालयको पोर्टफोलियो जस्तो। तर क्युवाकोमा 'साम्यवादी थप' थियो त्यो हो- रोजगारीको प्रतिवेदन। अर्थात् सैद्धान्तिक एकीकरण (Ideological integration)। यस अर्थमा फरक कहाँ रह्यो त?

> **चीनले प्राथमिक शिक्षाको किताबको पैसा अभिभावकलाई तिरायो। क्यानाडाले पनि त्यसै गऱ्यो। तिर्न नसक्नेलाई दुवैले छात्रवृत्ति दिए। अन्तर के रह्यो र ?**

## निचोड

जनवादीका चिन्तनमा अरूका कुरा भिडाउँदा केही निचोडहरू जन्मे। पहिलो निचोड हो- सबै राजनीतिक दलहरूले आधारभूत तथा प्राथमिक शिक्षालाई अनिवार्य गर्नुपर्छ। विद्यालयस्तरको शिक्षा स्थानीय सरकारलाई जिम्मा दिनुपर्छ। जनवादी चिन्तकले भन्ने गरेझैं स्थानीय सरकारबीच समाजवादी प्रतिस्पर्धी गराइरहनुपर्छ। दोस्रो निचोड हो- पठनपाठनमा सांस्कृतिक सुरु, धार्मिक चिन्तन र विज्ञानमा अन्तरसम्बन्ध खोज्ने प्रबन्ध गर्नुपर्छ। एकले अर्कालाई तुच्छ ठान्ने साम्यवादी सोच बदल्नुपर्छ। तेस्रो निचोड हो- जागिर दिने 'राज्य' ले र व्यक्तिले राज्यका निम्ति काम गर्ने भन्ने पुरातन सोचको रुपान्तरण गर्नुपर्छ। व्यक्तिले आफ्नो प्रतिभाअनुसार म राज्यलाई के गर्छु वा गर्न सक्छु र कहाँ जागिर पाउँछु वा दिलाउन सक्छु भन्ने चिन्तनको खेती गर्नुपर्छ। चौथो निचोड हो- पढाइकै क्रममा दीर्घसोची (भिजिनरी) विद्यार्थी बनाउने। भएका र संभाव्य समस्यामा घोत्लिन लगाउने। विद्यार्थीलाई सर्जक बनाउने र त्यही सिर्जनामा व्यावसायिक वा प्राविधिक बनाउने प्रबन्ध गर्नुपर्छ। पाँचौं निचोड हो- नेपाली अनुभवहरू अनन्त छन्। तिनीहरूको संस्थागत अभिलेख राख्नुपर्छ। छैठौं निचोड हो- अन्तरविरोधी विचारहरू आउनु स्वाभाविक हो। ती विचारहरू मथेर सहसम्बन्ध खोज्नुपर्छ। सातौं निचोड हो- निजी विद्यालयहरूलाई कुन क्षेत्रमा परिचालन गर्ने भन्ने सहमतिजन्य बाटो पहिल्याउनु पर्छ। आठौं निचोड हो- कुनै व्यक्तिको भक्तिभावभन्दा कुन बिन्दुमा कसले के योगदान गऱ्यो भनी समीक्षात्मक शैलीको सोच विस्तार गर्नुपर्छ। नवौं निचोड हो- खुला शिक्षालयलाई औपचारिक एवं अनौपचारिक शिक्षाको समकक्षी कार्यक्रम बनाउनुपर्छ। दशौं निचोड हो- सबै कुरामा नि:शुल्क भन्दा नसक्ने परिवार ठम्याएर पूरापूर सहयोग गर्ने र सक्नेलाई तिराउने नीति लिनुपर्छ। करबाट तिराउने। शुल्कबाट तिराउने। एघारौं निचोड हो- भाषिक सहअस्तित्वको नीति अख्तियार गर्नुपर्छ। एक अर्कासँग सिक्ने नीति। सिकाउने नीति। ■

प्रदिप नेपाल



# सरकारी विद्यालय
# अभिभावकले नै सुधार्न सक्छन्

सामान्य मान्छेले पनि जानेकै कुरा हो- नेपालका सरकारी विद्यालयको शैक्षिक स्तर असाध्यै नराम्ररी खस्किएको छ। यो खस्काइ कुनै एकपटकको दुर्घटनाका कारण होइन। विद्यालयको शैक्षिक स्तर क्रमिक रूपमै ओरालो लागेको छ। यसको अर्थ हो- आगामी दिनमा पनि यो प्रक्रियाले निरन्तरता पाइरहनेछ। अहिलेको खस्काइ अवरोधरहित ओरालो यात्रा जस्तो भएको छ। बेलैमा उपचारको ठोस थालनी गरिएन भने सरकारी विद्यालयहरू शैक्षिक गुणस्तरको हिसाबले शून्यमा झर्ने खतरा पनि विद्यमान छ।

सरकारी र निजी विद्यालयको संरचनाले नै ती दुईबीचको खाडल कोरेको हो। संस्थागत अर्थात् निजी विद्यालयमा लगानीकर्ताको चासो र चिन्ता हुन्छ। विद्यालय डुब्नु भनेको उनीहरू स्वयम् डुब्नु हुन्छ। अपवादलाई छोडेर भन्ने हो भने लगानीकर्ताहरूले आफ्नो विद्यालयलाई नानी स्याहारे जसरी स्याहार्ने गर्छन्। सानातिना त्रुटिहरू पनि तिनका लागि गम्भीर शिक्षाका स्रोत बन्छन्। निजी विद्यालयको पढाइको उन्नति त्यसै लहैलहैमा भएको छैन। व्यक्ति-व्यक्तिका पसिना समेटिएको हुनाले तिनको शैक्षिक स्तर उक्सिएको हो। व्यवस्थापन समूह, शिक्षक र कर्मचारी समूहको विद्यालयप्रतिको निष्ठाले निजी क्षेत्रका विद्यालयको विकास भएको हो।

नेपालमा कामभन्दा हल्ला बढी हुन्छ। त्यसैले केही अनुदार राजनीतिक पार्टी र त्यस्तै सोच राख्ने नागरिकहरू निजी क्षेत्रको शिक्षालाई नामेटै गर्नुपर्ने कुरा राख्छन्। उनीहरूको कुतर्क यस्तो पनि छ- निजी क्षेत्रका विद्यालयहरूका कारण सरकारी शिक्षाको गुणस्तर खस्किएको छ। सरकारी विद्यालयमा पढाउने शिक्षकहरू पनि आफ्ना नानीहरूलाई निजी विद्यालयमा पढाउँछन्।

अर्का, कमजोर मानसिकता भएका मानिसहरूको तर्क चाहिँ प्रकारान्तरले नेपालमा दुईखाले शिक्षालाई बलियो बनाउने र मुलुकमा दुईखाले नागरिक उत्पादन गर्ने खालको रहेको छ। उनीहरू निजी र सरकारी शिक्षाका लागि अलग्गै परीक्षा नियन्त्रण कार्यालय स्थापना गर्ने जस्तो नचाहिँदो कुरा गर्छन्। यो त गरीब नेपालीलाई सधैँभरि गाउँको भैँसी गोठालो बनाउने र धनीका नानीहरूलाई अमेरिका, अष्ट्रेलिया, जापान र युरोपमा खेती गर्न पठाउने चिन्तन हो। यो एकप्रकारको आपराधिक चिन्तन हो। यस्ता तर्कहरूले हाम्रो सिङ्गो शैक्षिक चेतनालाई गैरसामाजिक, गैरराष्ट्रिय तथा दासोचित प्रणालीको जननी बनाउने काम गर्छ। यस्तो मान्यताले सरकारी विद्यालयको गुणस्तर पनि बढाउँदैन।

सरकारी विद्यालयका समस्या के हुन्? खोज्नुपर्ने विषय यही हो। मैले देखे-भोगे अनुसार मूलतः दुइटा समस्याबाट हाम्रा सरकारी विद्यालयहरू पीडित छन्। पहिलो हो- अभिभावकसँगको दूरी। सरकारी विद्यालयसँग हाम्रा अभिभावकहरूको सम्बन्ध भनेको वर्षमा एकपल्ट नानीलाई भर्ना गर्दाका समय विद्यालयमा उपस्थित हुने हो। त्यसपछिको वर्षदिन अभिभावक र शिक्षकबीचको अन्तरक्रिया सोच भन्दा बाहिरको विषय भएको छ यतिबेला।

एमडी कुलुङ



# आवरण विचार

दोस्रो हो- विद्यार्थीको शैक्षिक-विकासप्रति शिक्षकहरूको उदासीन चिन्तन। शिक्षकहरूका भिन्न भिन्न सङ्गठनहरू छन्। सङ्गठन हुनु नराम्रो होइन। त्यो शिक्षा र शिक्षकको हकहितमा पूर्ण रूपले समर्पित छ भने त्यो झनै राम्रो काम हो। तर सङ्गठन बलियो पार्ने नाउँमा विद्यालयको पढाइलाई लामो समयसम्म विदा दिने (शिक्षक लामो समयसम्म विदामा बस्ने) वर्तमानको चलनले शिक्षक र विद्यार्थी दुवैको भविष्यलाई अँध्यारो पार्ने काम गरेको छ।

शिक्षाको गुणस्तर सुधार्नमा अभिभावक र शिक्षकको सबैभन्दा ठूलो भूमिका हुन्छ। अभिभावकहरूको नियमित अनुगमनले शिक्षक, विद्यार्थी तथा कर्मचारीहरूलाई सधैँभरि सतर्क बनाइराख्छ। अभिभावक र शिक्षकबीचको अन्तरक्रियाले विद्यालयको प्रशासन मात्र राम्रो हुने होइन, त्यसले विद्यालयभित्र र बाहिरको वातावरण पनि शिक्षाका लागि सकारात्मक बनाउने काम गर्छ। शिक्षक अभिभावकबीचको नियमित अन्तरक्रियाले अभिभावकहरूलाई समेत नयाँ-नयाँ विषयहरूको जानकारी गराउने काम गर्छ। शिक्षक बौद्धिक चेतनासहित देश र दुनियाँका बारेमा बढी जानकारी राख्ने समुदाय हो भने, आजको हाम्रो अभिभावकको बहुसङ्ख्या कृषि पेशामै आधारित रहेको छ। त्यसैले अभिभावकको चेतना अभिवृद्धिका लागि पनि अभिभावक शिक्षक निकटता आवश्यक हुन पुगेको छ।

> **विद्यालयको व्यवस्थापनको जिम्मा स्थानीय अभिभावकहरूलाई दिनुपर्छ। तिनले आफ्नो विद्यालयलाई त्यसरी नै स्याहार्न छन्, जसरी सामुदायिक वनका उपभोक्ताहरूले वन स्याहारेका छन् र त्यसबाट प्राप्त हुने आम्दानीले विद्यालय सञ्चालन गरेका छन्।**

तर अभिभावक त्यत्तिकै विद्यालयसँग टाँसिदैन। व्यक्तिलाई क्रियाशील तुल्याउन उसलाई जिम्मेवारी पनि दिनुपर्छ। भाका नमिलेको 'विद्यालय हस्तान्तरण' भन्ने विचार यही अभिभावक क्रियाशीलता बढाउने सोचको उपज थियो शुरुदेखि नै। गत वर्षको साउन महिनादेखि यसलाई शिक्षा मन्त्रालयले 'समुदायको व्यवस्थापन' शब्द प्रयोग गर्ने गरेको छ। म स्वयम् चाहिँ 'व्यवस्थापन समुदायको, पैसो राज्यको' भन्न रुचाउँछु। किनभने विद्यालय हस्तान्तरणको सोचलाई 'व्यवस्थापन समुदायको पैसो राज्यको' भन्ने शब्दावलीले नै सबैभन्दा राम्ररी बुझाउन सक्छ। एकप्रकारले भन्ने हो भने व्याख्या नगरिकनै प्रस्ट पार्ने काम गर्छ।

नेपालमा सरकारले सञ्चालन गरेका परियोजनाहरू प्रायः सबै असफल सावित भइसकेका छन्। तिनका पछिल्तिर दर्जनौँ कारणहरू होलान्। हाम्रो चिन्ता शिक्षाको गुणस्तरसँग जोडिएको छ। त्यसैले हामीले नेपाल वायुसेवाको बिजोकको विघटनप्रायः अवस्था, नेपाल आयल निगमको बिजोकका बारेमा यहाँ छलफल गर्नु आवश्यक छैन। सरकारको नियन्त्रणमा रहेको वन फाँडिएर मरुभूमिकरणको प्रक्रिया बढ्नु र समुदायलाई हस्तान्तरण गरिएको वनक्षेत्र झन्-झन् हराभरा हुँदै जानुको असफलता र सफलताको तुलनात्मक अध्ययन पनि यहाँ गर्न खोजिएको छैन। शिक्षाकै क्षेत्रमा नेपालको सबैभन्दा ठूलो प्रकाशन संस्था जनक शिक्षा सामग्री केन्द्रले समयमा पुस्तक प्रकाशन गर्न नसकेका कारण निजी क्षेत्रलाई क्रमिक रूपमा यो जिम्मेवारी सुम्पिनुपर्ने बाध्यता हामीले भोगिरहेका छौँ, त्यसलाई हामीले व्यवहारमा उतारिरहेका छौँ। त्यसैले सरकारले, प्रत्यक्ष वा परोक्ष रूपमा संचालन गरेका विश्वविद्यालय, विद्यालय आदिको शैक्षिक गुणस्तर खस्किनु कुनै अनौठो विषय होइन। कतै एकाध ठाउँमा अहिले राम्रो छ भने पनि आगामी दिनहरूमा तिनीहरूको स्तर कमजोर हुनु अनिवार्य देखिएको छ।

यस्तो अवस्थामा हामीले सरकारी विद्यालय सञ्चालनको जिम्मेवारी कसलाई दिने ? निजी क्षेत्रलाई ? निजी क्षेत्र खारिजै हुनुपर्छ भन्ने हौवा चल्न थालेको राजनीतिमा यो सम्भव छैन र यसको आवश्यकता पनि पर्दैन। हामीले विद्यालयको व्यवस्थापनको जिम्मा स्थानीय अभिभावकहरू, अर्थात् विद्यालय क्षेत्रको जनसमुदायलाई नै दिनुपर्छ। तिनले आफ्नो विद्यालयलाई त्यसरी नै स्याहार्ने छन्, जसरी सामुदायिक वनका उपभोक्ताहरूले वन स्याहारेका छन् र त्यसबाट प्राप्त हुने आम्दानीले विद्यालय सञ्चालन गरेका छन्।

समुदायको व्यवस्थापनका राम्रा सम्भावनाहरू खाली विदेशको अनुभव मात्र भएको छैन नेपालमा। समुदायको व्यवस्थापनमा गएका विद्यालयहरूको भौतिक वातावरणमा सुधार भएको छ र तिनीहरूको परीक्षा उत्तीर्ण प्रतिशत पनि उल्लेखनीय हिसाबले बढेको छ। म स्वयम्ले बारा जिल्लाको निजगढमा त्यस्ता सफल सामुदायिक विद्यालयहरू देखेँ, जसले आफ्नो भौतिक अवस्था सुधारेका छन्, शिक्षाको गुणस्तर बढाएका छन् र त्यहाँ सञ्चालित हुँदै आएका दुइटा निजी विद्यालयलाई विस्थापित गरेका छन्।

यद्यपि शिक्षकहरूको सहभागिता बेगर यो अभियान सफल हुनसक्दैन। त्यसैले नेपाल सरकारले शिक्षक सङ्गठन र आफ्ना मान्यताका बीचमा शिक्षक सङ्गठन र दाता राष्ट्र या संस्थाका बीचमा तादात्म्यताको खोजी गर्नुपर्छ। शिक्षकहरू आफ्नो सेवा, सुविधाको सुरक्षाको प्रत्याभूति चाहन्छन्। यो नाजायज पनि होइन। मैले, आफू शिक्षामन्त्री भएको बेला मन्त्रालय र दातृसंस्थासँग शिक्षक सेवा आयोगलाई जिल्ला तहसम्म झार्नुपर्छ भन्ने अनुरोध गरेको थिएँ। एकात्मक राज्यचेतनाका कारण, मेरो सुझाव सबैका लागि पाच्य भएन। अब त मुलुक संघीय संरचनामा प्रवेश गरेको छ। संघीय संरचना भनेको १२/१५ भुरे-टाकुरे नयाँ राज्य निर्माण गर्ने सोच होइन। त्यो हो नागरिक सर्वोच्चताको सुनिश्चितता। अथवा समुदायको सर्वोच्चता। भोलि संघमा जिल्लाको उपस्थिति नहोला। तर नगरपालिका र ग्रामपालिकाहरू त्यहाँ पनि रहनेछन्, रहनुपर्छ। तिनै निकायहरूलाई सम्पूर्ण शासकीय, व्यवस्थापकीय अधिकार दिने गरी नयाँ संविधान बन्नु अनिवार्य छ। यस्तो अवस्थामा हाम्रा कतिपय निकायलाई ग्राम/नगरपालिकासम्म झार्नु अनिवार्य नै हुन्छ। तीमध्येको एउटा निकाय शिक्षक सेवा आयोग पनि हुनेछ।

यस्तो भएको खण्डमा सरकारले शिक्षक सङ्गठनहरूको सहयोग पाउनेछ र शिक्षकहरूको सहभागितामै त्यसले सामुदायिकीकरण गर्ने अभियान सञ्चालन गर्न सक्नेछ। ■

महात्मा गान्धी

# शिक्षक नै पाठ्यपुस्तक



पाठ्यपुस्तकका बारेमा बेला-बेलामा धेरै चर्चा हुने गर्दछ। तर मलाई पाठ्यपुस्तकको कहिल्यै आवश्यकता परेन। भएका पाठ्यपुस्तकको पनि आफूले उति धेरै प्रयोग गरेको मलाई सम्झना छैन। त्यसैले होला, हरेक बालबालिकालाई धेरै किताब दिनुपर्छ भन्ने मलाई लाग्दैन। मेरो विचारमा शिक्षक नै विद्यार्थीका पाठ्यपुस्तक हुन्। शिक्षकले दिएको किताबी ज्ञानको मलाई थोरै मात्र सम्झना छ र किताब नहेरी पढाउने शिक्षकले पढाएको कुरा मलाई आज पनि सम्झना छ। केटाकेटीहरू जुन कुरा देखेर सिक्छन् त्यसभन्दा बढी कुरा सुनेर सिक्न सक्छन्। पढ्नभन्दा सुन्न सजिलो हुन्छ। मैले आफूले पनि आफ्ना विद्यार्थीहरूलाई किताबबाट मात्र पढाइनँ।

आफूले विभिन्न पुस्तकहरूबाट सिकेका कुराहरूलाई म आफ्नै पाराले उनीहरूलाई बताइदिन्थेँ र मलाई मैले त्यसरी बताएका कुरा उनीहरूले कहिल्यै पनि बिर्सिएनन् होला जस्तो लाग्छ। उनीहरूलाई पढ्न अल्छी लाग्थ्यो, मैले किताब लिएर पढाउन थाल्दा पनि उनीहरू रमाइलो मान्थेनन्। तर मैले किताब बेगर नै कुरा गरे जसरी विभिन्न कुरा बताउन थालेपछि भने उनीहरू खुब ध्यान दिएर सुन्थे र त्यसरी सुनेका कुरा तुरुन्तै बताउन पनि सक्थे। उनीहरूका प्रश्नको समाधान खोज्दा मलाई उनीहरूमा रहेको सिक्ने क्षमताको अनुमान हुन्थ्यो।

म गुरुलाई आदर गर्नुपर्छ भन्छु। तर सबै शिक्षक गुरु हुँदैनन्। गुरु र चेला बीचको आत्मीय सम्बन्ध स्वस्फूर्त पैदा हुने हो। यस्तो सम्बन्ध बनावटी हुँदैन। कुनै किसिमको दबाबले आदरभाव पैदा गर्न पनि सकिँदैन। आदरभाव स्वत: पैदा हुन्छ, श्रद्धा आफैँ पलाउँछ। सामान्य किसिमका ज्ञान त हामी जसबाट पनि लिन्छौँ। आफ्नो कुनै सम्बन्ध नभएका व्यक्तिहरूबाट पनि धेरै कुरा सिक्न सकिन्छ। तर जससुकैबाट सिक्न खोजे पनि उसप्रति श्रद्धा छैन भने कुनै ज्ञान प्राप्त हुँदैन। शिक्षाको काम चरित्र निर्माण गर्ने हो भन्ने मान्ने हो भने त गुरु-चेलाको सम्बन्ध झनै महत्त्वपूर्ण हुन्छ। गुरुप्रति आदरभाव नभई चरित्र निर्माणको काम सम्भव हुँदैन।

पाठ्यपुस्तकबाट मात्र शिक्षा दिन सकिँदैन। तसर्थ शिक्षकले मौखिक रूपमै शिक्षा दिनुपर्दछ। असङ्ख्य पाठ्यपुस्तक घोकाउँदैमा बालबालिकाको दिमागमा विद्या भरिन्छ भन्ने छैन। तपाइँ दुई वटा विद्यालयको तुलना गर्नुहोस् जसमा एउटामा थुप्रै पाठ्यपुस्तकहरू छन् र अर्कोमा एउटा पनि पाठ्यपुस्तक छैन। तर जति ज्ञान पाठ्यपुस्तक नहुने विद्यालयका शिक्षकले विद्यार्थीहरूलाई दिन सक्छ त्यति ज्ञान पाठ्यपुस्तक भएका शिक्षकले नदिन सक्छन्। त्यसैले म विद्यार्थीको हातमा पाठ्यपुस्तक नभए पनि हुन्छ भन्छु। किताब त शिक्षकहरूले पढ्नुपर्छ र त्यसरी आर्जन गरेको ज्ञानका आधारमा बालबालिकाहरूलाई पढाउनुपर्छ। पाठ्यपुस्तकले शिक्षकलाई मेसिन मात्र नबनाओस्, त्यसले शिक्षकहरूको चिन्तन क्षमता, स्वतन्त्रता र गतिशीलतामा बाधा नपुगोस्। म केटाकेटीहरूलाई किताबको थुप्रो बोकाउनुपर्ने कुनै आवश्यकता देख्दिनँ। मेरो विचारमा शिक्षकहरू नै विद्यार्थीहरूका वास्तविक पाठ्यपुस्तक हुन्।



म विद्यार्थीको हातमा पाठ्यपुस्तक नभए पनि हुन्छ भन्छु। किताब त शिक्षकहरूले पढ्नुपर्छ र त्यसरी आर्जन गरेको ज्ञानका आधारमा बालबालिकाहरूलाई पढाउनुपर्छ। पाठ्यपुस्तकले शिक्षकलाई मेसिन मात्र नबनाओस्, त्यसले शिक्षकहरूको चिन्तन क्षमता, स्वतन्त्रता र गतिशीलतामा बाधा नपुगोस्। मेरो विचारमा शिक्षकहरू नै विद्यार्थीहरूका वास्तविक पाठ्यपुस्तक हुन्।

पाठ्यपुस्तक जतिसुकै उत्कृष्ट किन नहोस् शिक्षकको आवश्यकता सधैं रहिरहन्छ। शिक्षकको काम कठिन शब्द अर्थ्याइदिने र विषयको संक्षेपीकरण गर्ने मात्र होइन, उसले त पाठ्यपुस्तकभन्दा पर-परसम्म पुगेर आफूले पढाउने विषयलाई रोचक र सजीव रूपमा प्रस्तुत गर्दछ। असल शिक्षकले विद्यार्थीहरूलाई विषयको गहिराइसम्म पुऱ्याउँछ, उसमा त्यसप्रति रुचि पैदा गर्दछ र उक्त विषयलाई आफैँ बुझ्न सक्ने बनाउँछ।

विद्यार्थीहरूमा विषयवस्तुप्रतिको रुचि शिक्षकका कारणले पैदा हुन्छ। कुनै शिक्षकले रसायनशास्त्र पढाउँदा म उँघ्न थाल्थें भने अर्को शिक्षकले त्यही विषय पढाउँदा समय गएको पत्तै हुँदैनथ्यो। एकजना शिक्षकले अल्छीलाग्दो ढङ्गले पढाउँथे भने अर्का शिक्षकले त्यस विषयमा गहिरो रुचि जाग्ने र त्यो रुचि पछिसम्म कायमै रहने गरी पढाउँथे। पहिला शिक्षक सम्झाउन छोडेर भट्याइमात्र रहन्थे त्यसैले उनको पढाइप्रति विद्यार्थीहरूमा रुचि पाइँदैनथ्यो। तर अर्का शिक्षकले पढाएको कुरा सहजैसँग दिमागले ग्रहण गर्दथ्यो। एउटा शिक्षकले गणित पढाउँदा विद्यार्थीहरू बुझ्दैनन् र उनीहरूलाई त्यो विषय नै मन नपर्न थाल्छ। तर अर्का शिक्षकले त्यही विषय पढाउँदा कक्षा नसिद्धिए हुन्थ्यो भन्ने लाग्छ। विषय त्यही हो, विद्यार्थी तीनै हुन्; फरक के मात्र हो भने एउटा शिक्षकको पढाउने तरिका सरल छ भने अर्का शिक्षकको पढाउने तरिका पट्यारलाग्दो।

शिक्षकको सेवा अमूल्य हुन्छ। शिक्षकको महत्त्वलाई तलबसित तुलना गर्ने प्रणाली काम लाग्दैन। के गऱ्यो भने शिक्षकहरूले तलबलाई कम महत्त्व दिएर शिक्षा प्रदान गर्न सक्छन् भन्ने उपाय खोज्नुपर्छ। संक्षेपमा शिक्षा दिने कामलाई शिक्षकको धर्मका रूपमा मान्यता दिन सक्नुपर्छ र जुन शिक्षक शिक्षा प्रदान गर्दैन उसलाई चोर बराबर सम्झनुपर्दछ। यस्तो भएमा शिक्षकको कमी पनि हुँदैन र उसको महत्त्व पनि एउटा करोडपतिको भन्दा ठूलो हुन्छ।

आजभोलि अभिभावकहरू आफ्ना सन्तानलाई जानी-नजानी गलत दिशातर्फ डोऱ्याइरहेका छन्। अभिभावकहरूका विचारमा शिक्षाको मूल उद्देश्य धन तथा प्रतिष्ठाको प्राप्ति हो। यसरी शिक्षा तथा ज्ञान माथि अन्याय भइरहेको छ। विद्यार्थी जीवनमा हुनुपर्ने शान्ति, पवित्रता तथा आनन्द मृगमरिचिका बन्दै गएको छ। विद्यार्थीलाई कुनै पनि किसिमको चिन्ता नहुनुपर्ने समयमा उनीहरू चिन्ताग्रस्त रहन थालेका छन्। असल शिक्षकले विद्यार्थीहरूलाई विवेकशील बनाउनुपर्छ। शिक्षकले विद्यार्थीलाई सत्य र असत्य, सत वचन र दुर्वचन, असल र खराबबीचको अन्तर छुट्याउन सक्ने बनाउनुपर्छ। तर अहिलेका विद्यार्थीहरूले असल र खराबको पहिचान बाहेक अरू पनि थुप्रै कठिनाइहरूको सामना गर्नु परिरहेको छ।

विद्यार्थीहरूसँग तन्मय भएर मात्रै असल शिक्षा दिन सकिन्छ। यसका लागि जुन विषय पढाउने हो त्यसको पूरापूर तयारी शिक्षकले गर्नुपर्दछ। मेरो विचारमा शिक्षकले आफ्नो चित्तलाई शुद्ध गर्नुपर्दछ र विद्यार्थीहरूसँग आत्मीय सम्बन्ध कायम राख्नुपर्दछ। शिक्षकको वास्तविक काम कक्षाकोठामा भन्दा कक्षा बाहिर जरुरी हुन्छ। आजभोलि शिक्षकहरू आफूले पाउने तलब अनुसार मात्र काम गर्छन्। उनीहरूसँग विद्यार्थीहरूबीच बिताउने अन्य समय रहँदैन। यही नै विद्यार्थीको जीवन तथा चरित्रको विकासमा सबैभन्दा ठूलो व्यवधान हो। जबसम्म शिक्षकले विद्यार्थीहरूलाई कक्षाका अलावा आफ्नो सम्पूर्ण समय उपलब्ध गराउन सक्दैन त्यतिबेलासम्म उनीहरूको जीवन तथा चरित्र सुधार गर्ने कुरा सम्भव छैन। शिक्षकले उनीहरूको मस्तिष्क विकासको साटो मनको विकास गराउनुपर्दछ र त्यहाँबाट निरासा र हतोत्साहसँग सम्बन्धित सबै कुराहरूलाई हटाउन मद्दत पुऱ्याउनुपर्दछ।

हामीलाई यस्ता शिक्षकको जरुरत छ जससँग मौलिक विचार, उत्साह र जाँगर होस्। उसले भोलि विद्यार्थीलाई के पढाउने भन्ने बारेमा हरेक दिन चिन्तन गरोस्। यस्तो ज्ञान पुराना पुस्तकहरूमा पाइँदैन, त्यसैले उसले अवलोकन र विचारशक्तिको

प्रयोग गर्नुपर्छ। यसको अर्थ शिक्षा पद्धतिमा, शिक्षकको दृष्टिकोणमा क्रान्तिकारी परिवर्तन जरुरी छ। आजसम्म शिक्षकहरू निरीक्षकको आदेशअनुरूप चलिरहेका छन्। निरीक्षकले जे मनपराउँछ त्यही गर्दै आएका छन्। तर नयाँ शिक्षकले यी सबै कुराको बेवास्ता गर्नेछ र भन्नेछ, "यदि मैले विद्यार्थीलाई असल मानिस बनाउन सकेँ र त्यसका लागि सबै शक्ति लगाउन सकेँ भने मेरो कर्तव्य पूरा हुनेछ। मेरा लागि यही नै पर्याप्त छ।"

जुन शिक्षक विद्यार्थीसँग घुलमिल गर्छ, उनीहरूसँगै रमाउँछ। ऊ उनीहरूलाई जति सिकाउँछ त्यसभन्दा बढी उनीहरूबाट सिक्छ। जो शिक्षक आफ्ना विद्यार्थीहरूबाट केही पनि सिक्दैन त्यो बेकामे हो। म जब कसैसँग कुरा गर्छु, उसबाट सिक्छु; जति उसलाई सिकाउँछु त्यसभन्दा बढी उसबाट सिक्छु। यसरी साँचो शिक्षक शिष्यको पनि शिष्य हुन्छ। यदि तपाई यो दृष्टिकोणबाट सिकाउनुहुन्छ भने उनीहरूबाट थुप्रै कुरा पाउन सक्नुहुन्छ।

जो शिक्षक विद्यार्थीहरूलाई सजाय दिन्छ उसलाई शिक्षक मान्न सकिँदैन। शिक्षकको धर्म हासखेल गर्दै विद्यार्थीहरूलाई अगाडि बढाउनु हो। सजाय पाइने डरले बालक पढ्छ भन्ने भ्रम अब हट्न थालेको छ। विद्यार्थीहरूलाई धैर्यपूर्वक ज्यादा शिक्षा दिन सकिन्छ भन्ने विश्वभरका लाखौं शिक्षकको अनुभव छ। सजाय शिक्षकको अज्ञानताको सूचक हो। शिक्षकको काम प्रत्येक विषयलाई रोचक बनाउनु हो। असल शिक्षकले अङ्कगणित जस्तो निरस विषयलाई पनि चाखलाग्दो बनाउन सक्छ।

विद्यार्थीहरूलाई सजाय दिनु वा सजायका लागि सिफारिस गर्नु हिंसा हो। यदि विद्यार्थीले कुनै काम खराब हो भन्ने थाहा पाउँदा पाउँदै पनि गरेको छ वा त्यस्तो काम दोहोऱ्याएको छ भने उसले कुनै सजाय पाउनुपर्छ। उसलाई केही समयका लागि खेलकुदबाट वञ्चित गर्न सकिन्छ, धेरै पाना पाठ सार्न लगाउन सकिन्छ वा त्यस्तै उसलाई आफ्नो गल्ती अनुभव गर्ने किसिमको वातावरणमा राख्न सकिन्छ। तर शारीरिक सजाय भने कहिल्यै पनि दिनुहुँदैन। सजायलाई विद्यार्थीले स्वयं स्वीकारेको छ भने मात्र त्यसलाई न्यायोचित सजाय भन्न सकिन्छ। तर यस्तो अवस्था सधैँभरि आउँदैन। यस्तो अवस्था आएमा र सजाय दिन उचित छ वा छैन भन्ने कुरामा दोधार भएमा सजाय दिनुहुँदैन। आवेशमा आएर कसैलाई पनि सजाय गर्नुहुँदैन। यस्तो गल्ती थुप्रैपटक भएको पाइएको छ।

मेरो विचारमा, आदर्श अवस्थामा त विद्यार्थीलाई कुनै पनि किसिमको सजाय दिनै पर्दैन। शिक्षकका मनमा विद्यार्थीप्रति जुन शुद्ध प्रेम हुनुपर्ने हो सजायले त्यसमा कमी ल्याउँछ। शिक्षकले विद्यार्थीलाई सजाय दिनुपर्ने अवस्था आउनुको अर्थ हो शिक्षकको पढाउने सीपमा कमी छ। शिक्षकले कुनै किसिमको सजाय नै नगरी पढाउने तथा अनुशासनमा राख्ने सीप सिक्नु जरुरी छ। विद्यार्थीलाई सुधार्ने नाममा सजाय दिनु र पछि पछुताउनु पश्चाताप होइन। स्कूलका माध्यमबाट सजाय दिएर सुधार गर्न सकिन्छ भन्ने कुराले सामाजिक मान्यता पाउन सक्छ। यसले गर्दा मानिसहरूमा हिंसाको माध्यमबाट सुधार गर्न सकिन्छ भन्ने भ्रम पैदा हुन्छ। मेरो विचारमा जुन शिक्षकले जानाजान सजाय दिन्छ उसले आफ्नो प्रतीज्ञा बिर्सेको हुन्छ। ■

*(गान्धी के शैक्षिक विचार बाट)*

**प्रस्तुतिः गुरू मैनाली**



**शिक्षा दिने कामलाई शिक्षकको धर्मका रूपमा मान्यता दिन सक्नुपर्छ र जुन शिक्षक शिक्षा प्रदान गर्दैन उसलाई चोर बराबर सम्झनुपर्दछ। यस्तो भएमा शिक्षकको कमी पनि हुँदैन र उसको महत्त्व पनि करोडपतिको भन्दा ठूलो हुन्छ।**

# इनामले बढायो पढ्ने बानी

किशोर-किशोरीहरूलाई मन पर्ने एमपी थ्री (म्युजिक प्लेयर), नगद आदि कुराहरू पुरस्कारको रूपमा दिएर उनीहरूको पढ्ने बानीमा उल्लेख्य सुधार ल्याउन सकिन्छ भन्ने एक अमेरिकी अध्ययनले देखाएको छ। स्टानफोर्ड विश्वविद्यालयको सेन्टर फर रिसर्च अन एजुकेसनले गरेको सो अध्ययनको प्रारम्भिक नतिजा अनुसार विद्यार्थीलाई प्रोत्साहन दिने व्यवस्था भएका स्कूलका छात्रछात्राको अध्ययनशीलता पुरस्कार वा इनामको व्यवस्था नभएका विद्यालय भन्दा धेरै नै बढी पाइएको छ।

पुरस्कार वा प्रोत्साहनको निम्ति हुने खर्चको तुलनामा त्यसबाट प्राप्त हुने लाभ अत्यन्त धेरै हुने पनि अध्ययनले देखाएको छ। "यो कुनै चाँदीको गोली होइन, बरु यो सानो लगानी हो, जसबाट क्रमबद्ध रूपमा महत्त्वपूर्ण उपलब्धि हासिल गर्न सकिन्छ", अध्येता तथा स्टानफोर्ड सेन्टरका निर्देशक मर्गरेट इ. रायमण्डले भनेका छन्। पुरस्कारबाट प्रोत्साहित छात्रछात्रामा वार्षिक औसत चार प्रतिशतले अध्ययन गर्ने बानीमा सुधार आएको पाइएको छ। यस्तो प्रोत्साहनले जुनसुकै कक्षामा अध्ययन गर्ने छात्रछात्रामा पनि दिगो प्रभाव पार्ने अध्येताहरूको विश्वास छ। ■

बहस

## नि:शुल्क शिक्षा

गुणराज लोहनी



# सकिन्छ, गर्नुपर्छ

**विद्यालय शिक्षा नि:शुल्क मात्रै होइन स्तरीय पनि बनाउनुपर्छ। त्यसनिम्ति राल्यले लगानी बढाउनुपर्छ। अहिले अपुग ठानिएका ६२ हजार शिक्षक दरबन्दी थपिनुपर्छ र ५० हजार कक्षाकोठा निर्माण गरिनुपर्छ।**




नेपालमा विधिवत् नै द्वैत-शिक्षा नीति लागू छ। सरकारी योजना, नीति र लगानीमा सञ्चालित विद्यालयलाई अहिले सामुदायिक विद्यालय भन्ने गरिएको छ। शिक्षाका लागि सरकारले आर्थिक वर्ष २०६३/६४ मा कुल बजेटको १६.८ प्रतिशत रकम छुट्याएको थियो। गत वर्षको तुलनामा यो (२०६४/६५) आर्थिक वर्षको शिक्षा बजेट रु.५ अर्ब २८ करोडले बढेर रु.२८ अर्ब ३८ करोड पुगेको छ। तर अहिले पनि सरकारी विद्यालयमा शिक्षाको स्तर छैन नै भन्ने गरिन्छ। सरकारी विद्यालयको शिक्षाको स्तरमा सुधार नआएकै स्थितिमा शिक्षालाई स्वतन्त्र छोडिनुपर्दछ भन्दै सरकारकै योजना बमोजिम निजीकरण र व्यापारीकरणलाई पूर्ण खुल्ला गरिएको छ। अहिलेको देशको शिक्षाको स्थिति र शिक्षा नीति हेर्दा व्यापारबिनाको शिक्षाको कल्पना नै गर्न नसकिने जस्तो देखिन्छ। निजीकरण र व्यापारीकरणको नीतिमा चलेका विद्यालयलाई संस्थागत विद्यालय भन्ने गरिएको छ। यस्ता विद्यालयहरू तीन किसिमका छन्। एक किसिमका विद्यालयहरू कम्पनी ऐन अन्तर्गत दर्ता छन् र यिनले आफ्नो नामका पछाडि प्राइभेट लिमिटेड लेख्ने गरेका छन्। शिक्षा नियमावली अन्तर्गतका अर्को थरी विद्यालयले अङ्ग्रेजी माध्यममा सञ्चालित बोर्डिङ स्कूलका रूपमा चिनाउँछन्। तेस्रो थरी त्यस्ता विद्यालयहरू छन् जुन सरकारको कुनै नीति अन्तर्गत पनि पर्दैनन् र कहीं दर्ता पनि छैनन्। यी विद्यालयहरू आफूखुशी सञ्चालित छन्। यिनीहरूलाई कुनै नियम-कानून लाग्दैन। यो बेथिति विद्यालय शिक्षामा मात्र सीमित छैन। उच्च शिक्षा हुँदै विश्वविद्यालयसम्म पनि यही प्रक्रियाले तीव्रता लिँदैछ।

खासमा द्वैत-शिक्षा नीति आवश्यक छ त? निजीकरण र व्यापारीकरणबिना स्तरीय शिक्षा सम्भव छ कि छैन? शिक्षा प्राप्त गर्ने मौलिक अधिकार तथा स्तरीय शिक्षा र शिक्षाको व्यापारीकरण

एकअर्काका परिपूरक भएर आउँछन् या विरोधी भएर आउँछन् ? अहिले शिक्षा सम्बन्धी मौलिक अधिकार र शिक्षामा व्यापार जस्ता विपरीत दृष्टिकोणहरूलाई अप्राकृतिक रूपमा घुलन गर्न खोजिएको छ। अन्तरिम संविधानमा शिक्षालाई मौलिक अधिकारका रूपमा सुनिश्चित गर्न खोजिएको छ। तर शिक्षा सम्बन्धी पुरानो मान्यता त्यागिएको छैन।

राज्य पुनर्संरचनाको अर्थ शिक्षामा आमूल परिवर्तन गरिनुपर्दछ भन्ने लाग्दछ। विगतका जनआन्दोलन र जनयुद्धले बोकेको धेरैमध्येको एक अभीष्ट नेपाली जनताका सबै छोराछोरीले निःशुल्क, सर्वसुलभ, वैज्ञानिक, व्यावहारिक र रोजगारमूलक शिक्षा पाउनु हो। शिक्षा निःशुल्क, अनिवार्य र सार्वभौम हुनुपर्दछ। अऊ नेपालजस्तो अविकसित देशका सन्दर्भमा यसको अनिवार्यता अरू बढी हुन्छ। सबै क्षेत्रमा जस्तै शिक्षामा पनि मानवअधिकारको कुरा खुबै गरेको पाइन्छ। केही मान्छेहरूले मानवअधिकारका नाममा शिक्षाको निजीकरण र व्यापारीकरणका पक्षपाती हुनेगरी बोर्डिङमा पढ्न पाउने कुरा उठाएको पाइन्छ। यिनले सबै बालबालिकाहरूको पढ्न पाउने अधिकारप्रति कुनै सरोकार राख्दैनन्। त्यसैले मानवअधिकार होइन कि जनअधिकारको ग्यारेन्टी हुनुपर्दछ।

तत्कालीन संसदको बैठकले एकमतले शिक्षामा कम्पनी ऐन लागू हुने गरी पास गरेको विधेयक २०५८ माघ २५ गतेदेखि लागू भयो। अहिले त्यस ऐनअन्तर्गत दर्ता भएका विद्यालयको सङ्ख्या करिब ४ हजारको आसपासमा पुगेको छ। जबकि काठमाडौं उपत्यकामा मात्र १३ सय बोर्डिङ स्कूलहरू छन्। देशभरिको खेस्रा तथ्याङ्कअनुसार ८ हजार ५ सय बोर्डिङ स्कूल, १ लाख ५० हजारको आसपासमा शिक्षक, कर्मचारी र १५ लाखको आसपासमा विद्यार्थी रहेको भनी प्याब्सन, एन प्याब्सनले पेश गर्ने गरेका छन्। संस्थागत विद्यालयहरूको वास्तविक सङ्ख्या भेटिएको छैन।

तर, नेपालको सन्दर्भमा; सरकारी विद्यालय होस् या बोर्डिङ स्कूलमा पढेका विद्यार्थीहरू होऊन्, त्यहाँबाट प्राप्त शिक्षाप्रति कोही पनि सन्तुष्ट छैनन्। निजी तथा आवासीय विद्यालयमा अभिभावकको उच्च आर्थिक लगानी, सँगै विद्यार्थीले महँगो विदेशी पाठ्यक्रम, पाठ्यपुस्तकमा अहोरात्र खट्नुपर्छ। उसले शारीरिक र मानसिक उत्पीडन खेप्छ अनि शिक्षकहरू चाहिँ बोर्डिङको हकमा आधा पेट खाएर पढाउँछन्। सम्पूर्ण लगानीबाट १० देखि १२ वर्षसम्म खर्चिएको समयका आधारमा विद्यार्थीले सफलता प्राप्त गर्दछ। शिक्षाको व्यापार गर्ने संस्था मोटाउँछ। यसैलाई 'गुणस्तरीय शिक्षा'को संज्ञा दिने गरेको छ। तर, यस्ता बोर्डिङ र सरकारी स्कूलबाट उत्पादित जनशक्तिमा तात्विक फरक छैन। सरकारी विद्यालयमा विद्यार्थी, शिक्षक अनुपात शिक्षा मन्त्रालयले तोकेबमोजिम मनाङ, मुस्ताङमा बाहेक कुनै पनि जिल्लामा छैन। अव्यवस्थित विद्यालय, पुरानै पाठ्यक्रम, पाठ्यपुस्तक पढाइराखिएको छ भनें, विद्यार्थीको गाँस, बास, कपास, स्वास्थ्यको कुनै ग्यारेन्टी छैन। यस्तो अवस्थामा शिक्षामा गुणस्तर कसरी आशा गर्न सकिन्छ ?

नेपालको समग्र शिक्षा प्रणालीमा परिवर्तनको खाँचो छ। द्वैत-शिक्षानीति अन्त्य गर्न पहिला शिक्षामा भएको निजीकरण र व्यापारीकरणको अन्त्य आवश्यक छ। शिक्षा व्यक्तिको मौलिक वा आधारभूत अधिकारभित्र पर्छ भन्ने कुरामा आज देशमा मतैक्यता कायम भएको अवस्था छ। मौलिक अधिकारभित्र परिसकेपछि शिक्षामा निजीकरण र व्यापारीकरण भन्ने कुरै आउँदैन। त्यसैले दृष्टिकोण स्पष्ट हुनु जरुरी छ।

नेपालको विकास गर्न सर्वप्रथम शिक्षालाई जनताको पहुँचमा पुऱ्याउनुपर्दछ। सरकारी तथ्याङ्कअनुसार ४६ प्रतिशत जनता अहिले पनि निरक्षर छन्। सत्ताको सेवा गर्न र देश विकास गर्न उच्च चेतना हुनु जरुरी हुन्छ। मानवले अनुभवबाट प्राप्त गरेको आधारमा बनेको चेतनाको मुख्य स्रोतका आधारमा शिक्षा दिइने गरिन्छ। त्यसैले आमजनतालाई साक्षर र शिक्षित पार्ने सम्पूर्ण दायित्व राज्यको हुन्छ। सरकारको दायित्वभित्र परेपछि शिक्षामा निजीकरण र व्यापारीकरणको प्रश्नै आउँदैन। यो नीतिगत प्रश्न हो।

**निजी स्रोत, राहत, अस्थायी र सट्टा शिक्षक राख्ने प्रावधानको अन्त्य गरिनुपर्दछ। अहिले तथ्याङ्क अनुसार ५० हजार कक्षाकोठा अपुग छन्। राष्ट्रको बजेट र अन्य सहयोगबाट तुरुन्तै कक्षाकोठा निर्माणमा लाग्नुपर्दछ।**

शिक्षामा भएको निजीकरण र व्यापारीकरणले नेपालमा थुप्रै विकृतिहरू ल्याएको छ। पहिलो कुरा, शिक्षामा निजीकरण र व्यापारीकरणले ठूलो वर्ग विभेदीकरण निम्त्याएको छ। दोस्रो कुरा, असामान्य रूपमा वर्ग उत्थान गरेको छ। मानव-मानवबीचमा ठूलो भिन्नता थपिदिएको छ। अर्थतन्त्र, संस्कृति, चेतना विकासमा विविधता ल्याइदिएको छ। यद्यपि बोर्डिङहरू पनि एकै प्रकारका छैनन्। त्यसमा पढाउने मान्छेहरूको आर्थिक स्तर पनि फरक छ। नेपालका अति महँगा बोर्डिङहरूमा सम्भ्रान्त; उच्च सामन्ती घरानियाँ, दलाल, नोकरशाह, भ्रष्ट राजनीतिज्ञ, दलाल पूँजीपतिका सन्तानहरू पढ्छन्। यस्ता बोर्डिङ नेपालमा थोरै भएकाले विदेशमा पढाउने क्रम ज्यादा छ। संसदीय पार्टीका नेताहरूले विदेशबाट विभिन्न नाममा आउने छात्रवृत्तिमा आफ्ना छोराछोरीलाई पठाएका छन्। सामान्य बोर्डिङमा जिल्ला, क्षेत्रस्तरका संसदीय पार्टीका नेता; कर्मचारी, मध्यम किसान, सामान्य उद्योगपति, सामान्य व्यापारी र शिक्षकका छोराछोरी पढ्छन्। गरिबले पढाउने बोर्डिङहरू पनि छन्। त्यहाँ 'बोर्डिङमा पढाउँदा इज्जत बढ्छ' भन्ने भ्रममा रहेका गरिबहरूले पढाउँछन्।

शिक्षामा निजीकरण र व्यापारीकरणले असमानता ल्याउँछ। त्यही शिक्षा एउटाले पैसा तिरेबापत कथित गुणस्तरीय शिक्षा पाउँछ। १० वर्षमा सकिने शिक्षालाई विद्यार्थीले बोर्डिङमा कम्तीमा १२ वर्ष लगाउँछ। मूलतः अङ्ग्रेजीमा लेखिएका तर विषयवस्तु उस्तै उस्तै तर महँगा र बाक्ला धेरै किताबहरू पढाइन्छ। विद्यार्थीलाई शारीरिक र मानसिक उत्पीडन लादिन्छ। जस-जसले एसएलसीमा राम्रो परिणाम ल्याउन सक्दछन्, तिनीहरूलाई मात्र प्रवेशिका ल्याकत परीक्षामा अनुमति दिइन्छ। प्रायःजसो त्यस्ता बोर्डिङहरूले प्रि-टेष्ट लिएर राम्रो अङ्क नल्याउने

**बहस**

# नि:शुल्क शिक्षा

विद्यार्थीहरूलाई टेष्ट परीक्षामा नै सामेल हुन नपाउने गरी निष्कासन गरिदिने परम्परा नै छ। यसरी कम्तीमा १२ वर्ष पढेको विद्यार्थीलाई परीक्षा दिन अयोग्य ठहऱ्याइन्छ। उसको १२ वर्षसम्मको मानसिक, आर्थिक र समयको सम्पूर्ण लगानी खेर जान्छ। बोर्डिङमा विद्यार्थीको प्रवेशलाई बोतलको पीँधजस्तो मान्ने हो भने फलामे ढोका मानिएको विद्यालय प्रवेशिका परिणाम बोतलको मुखजस्तो हुने गरेको छ। यद्यपि सामुदायिक विद्यालय प्रवेशलाई सुराहीको पींध मान्दा र प्रवेशिकाको परिणाम सुराहीको मुखजस्तो छ। यसैलाई बोर्डिङ शिक्षा गुणस्तरीय भन्ने गर्दछन्, जुन वास्तवमा भ्रमपूर्ण छ। अभिभावकको उच्च लगानी, विद्यार्थीको मानसिक श्रम लगानीको पराकाष्ठा, उच्चस्तरीय विदेशी भाषामा लेखिएका पाठ्यपुस्तकमाथिको केवल सुगारटाइ, शिक्षण अवधि लामो भएका कारण बोर्डिङ स्कूलका विद्यार्थी हात्तीजस्तो बलियो बन्न पुग्छन् भने समस्या नै समस्याले घेरिएको सामुदायिक स्कूलका विद्यार्थीहरू कमिलाजस्ता बन्दछन्। यी दुईबीच प्रतिस्पर्धा गराइन्छ। यसलाई अर्को भाषामा असमान अवसरको, समान प्रतिस्पर्धा भन्ने गरिन्छ। यो प्रतिस्पर्धा वास्तवमा भन्ने नै हो भने लम्कन सक्ने हात्ती र माटो खोस्रने कमिलाबीचको दौड प्रतियोगिता जस्तो छ।

निजी विद्यालयमा पढाइने पाठ्यपुस्तकहरू विदेशीले तयार पारेको पाठ्यक्रमको आधारमा निर्मित छन्। नेपाली बाहेक सबै विषय अङ्ग्रेजी भाषामा हुन्छन्। यी पाठ्यपुस्तक नेपाललाई चाहिने जनशक्ति उत्पादनका लागिभन्दा पनि सीधै साम्राज्यवादीलाई चाहिने जनशक्ति उत्पादनसँग सरोकार राख्दछन्। यसरी पनि भन्न सकिन्छ कि शिक्षामा निजीकरण र व्यापारीकरण गरेर नेपालमा बिनालगानीमा साम्राज्यवादीहरूले आफूलाई चाहिने जनशक्ति उत्पादन गरिराखेका छन्। त्यसैले त प्रवेशिका परीक्षामा राम्रो अङ्क प्राप्त गरेदेखि नै उच्च शिक्षा हासिल गर्नदेखि लिएर रोजगारीका लागि अमेरिका, बेलायत, अष्ट्रेलिया जान तँछाडमछाड गर्दछन्। यिनीहरूको दिमागमा राष्ट्रियता, जनताको बारेमा केही चासो रहँदैन। बरु त्यसको उल्टो चरम व्यक्तिवाद हावी हुन्छ। संवेदना पूरै हराएको हुन्छ। विखण्डित मानसिकता हुन्छ। उत्तरआधुनिकतावादी विचारद्वारा प्रशिक्षित हुन्छन्।

संसारभरिका श्रमजीवी जनता आफ्नो स्वाधीनतामा बाँच्न चाहने राष्ट्रलाई स्वर्ग र त्यहाँका शासकहरूलाई महान् ठान्दछन्। नेपालको सन्दर्भमा विश्व बैंकले सबै विद्यालयहरू समुदायमा हस्तान्तरण गरे मात्र आर्थिक सहयोग गर्ने अन्यथा नगर्ने भनिसकेपछि आमजनता, शिक्षक, विद्यार्थी र अभिभावकको तीव्र विरोध रहँदारहँदै पनि यहाँका शासकहरूले विद्यालय समुदायमा हस्तान्तरणलाई तीव्र पारिराखेका छन्। यसको मुख्य ध्येय भनेको शिक्षाबाट राज्य पूर्णरूपले पन्छिने र निजीकरण र व्यापारीकरणलाई अरु मजबुत पार्ने हो।

> **अहिलेकै बजेट र साधन स्रोतले पक्कै पुग्दैन। सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षामा भएको र हुने गरेको आर्थिक अनियमितता रोक्नुपर्दछ। राजतन्त्रको सम्पत्ति जसलाई कोष खडा गरेर परिचालन गर्ने भनिएको छ; त्यसको एक हिस्सा शिक्षामा लगाउनुपर्दछ।**

के कुरा बुझ्न जरुरी छ भने विश्व बैंक गरिब जनता र राष्ट्रको हितका लागि खोलिएको होइन। यो साम्राज्यवादले शोषण गरिराखोस् भनेर हो। त्यसैले शिक्षामा लगानी गर्ने नाममा विश्व बैंकले गरिबका छोराछोरी पढ्न नपाऊन्, गरिबले रोजगारी नपाओस्, देशमा पढाए पनि साम्राज्यवादलाई चाहिने जनशक्ति उत्पादन भइराखोस् र कम ज्यालामा सस्तो तर सक्षम जनशक्ति पाउने स्रोत बनिराखोस् भन्ने ध्येयलाई राम्ररी बुझ्नुपर्दछ। नत्र, अन्य क्षेत्रबाट जसरी नेपालको राष्ट्रियतामाथिको खतरा बढेर गएको छ, हामीले थाहै नपाई शिक्षाबाट पनि राष्ट्रियतामाथिको खतरा बढेर जान्छ। कुरा केवल पढ्ने मात्र होइन, के पढ्ने र भोलि कस्तो राष्ट्र निर्माण गर्ने भन्ने हो।

शिक्षालाई जनताको मौलिक अधिकारभित्र राख्नु भनेको शिक्षालाई सर्वसुलभ, वैज्ञानिक, व्यावहारिक, अनिवार्य, सार्वभौम बनाउने हो। यदि सबैलाई शिक्षा अनिवार्य बनाउने हो भने कम्तीमा विद्यालय शिक्षामा निजीकरण र व्यापारीकरण हुनुहुँदैन। अहिलेको सन्दर्भमा विद्यालय शिक्षालाई नि:शुल्क बनाउनु पर्दछ। यसका लागि सरकारी विद्यालयको शिक्षा नि:शुल्क सँगै स्तरीय बनाउनुपर्दछ। अहिले व्यवहारत: शिक्षालाई नि:शुल्क बनाउने भनेको सरकारी विद्यालयको शिक्षाको कुरा प्राथमिकतामा पर्दछ।

२०५८ सालदेखि अहिलेसम्म विद्यालय शिक्षाका लागि एउटा पनि दरबन्दी थपिएको छैन। अहिले विद्यालयमा पढिरहेका विद्यार्थीलाई पढाउन ६२ हजार शिक्षक कम छन् भनेर शिक्षा मन्त्रालयले स्वीकारेको छ। कुनैपनि सरकारी विद्यालयमा कर्मचारी दरबन्दीमा छैनन्। तिनै शिक्षक र कर्मचारीको व्यवस्था राज्यले नगरिदिएका कारण विद्यालय व्यवस्थापन समितिले निजी स्रोतका शिक्षक र कर्मचारी राख्नका लागि विद्यार्थीबाट विभिन्न शीर्षकमा शुल्क लिने गरेको छ। सरकारको आगामी नीति तथा कार्यक्रममा ६२ हजार शिक्षक दरबन्दी थपिनुपर्दछ। विद्यालय कर्मचारीको दरबन्दीको व्यवस्था गरिनुपर्दछ। यति गर्ने बित्तिकै माध्यमिकसम्मको शिक्षालाई एक हदसम्म नि:शुल्क गर्न सकिन्छ। विद्यार्थीको किताब, कापी, कलम, मसी, खाजा, खाना, कपडा र स्वास्थ्यको पूर्ण ग्यारेन्टी नयाँ संविधानपछि मात्र सम्भव छ। यसरी नयाँ शिक्षकको दरबन्दीमा नियुक्ति गर्दा संवैधानिक आयोगको व्यवस्था गरिनुपर्दछ। अहिलेकै विद्यार्थी शिक्षक अनुपातको प्रावधानमा नै टेकेर शिक्षकको विनियोजन गरिनुपर्दछ। विभिन्न राजनीतिक आडमा ठूलो सङ्ख्यामा शिक्षकहरू शहर वा सुगम क्षेत्रमा काज सरुवामा छन्। तिनलाई बिना हिच्किचाहट सम्बन्धित विद्यालयमा पठाइनुपर्दछ। शिक्षा ऐन वा नियमावली संशोधन गरेर शिक्षकको हकमा उचित पुरस्कार र दण्डको व्यवस्था गरिनुपर्दछ। केही शहर र ग्रामीण क्षेत्रका शिक्षकहरू आफ्नो दायित्वबाट विमुख भएको पाइएको छ। निजी स्रोत, राहत, अस्थायी र सट्टा शिक्षक राख्ने प्रावधानको अन्त्य गरिनुपर्दछ। अहिले तथ्याङ्क अनुसार ५० हजार कक्षाकोठा अपुग छन्। राष्ट्रको बजेट र अन्य सहयोगबाट तुरुन्तै कक्षाकोठा निर्माणमा लाग्नुपर्दछ।

यसका लागि साँच्चै नै अहिलेकै बजेट र साधन


स्रोतले पक्कै पुग्दैन । सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षामा भएको र हुने गरेको आर्थिक अनियमितता रोक्नुपर्दछ । शिक्षामा लगाउने बजेटको मात्रा बढाउनुपर्दछ । अहिले नै भन्ने हो भने, राजतन्त्रको विधिवत् अन्त्य भइसकेको छ । राजतन्त्रको सम्पत्ति जसलाई कोष खडा गरेर परिचालन गर्ने भनिएको छ; त्यसको एक हिस्सा शिक्षामा लगाउनुपर्दछ । सुरक्षा बजेटमा कटौती गरेर शिक्षामा लगाउनुपर्दछ । नि:शुल्क शिक्षाका लागि भनेर शिक्षा करको व्यवस्था गरिनुपर्दछ । शिक्षा कर 'लक्जरियस' सामान, मादक पदार्थ, धुम्रपान जन्य सामग्रीमा लगाउनुपर्दछ । यो अन्तरिम अवस्थामा अर्को व्यवस्था नहुन्जेलका लागि संस्थागत विद्यालयको स्तर किटान गरी उच्चस्तरका संस्थागत विद्यालयलाई विशेष शिक्षा करको व्यवस्था गर्नुपर्दछ ।

संस्थागत विद्यालयको हकमा अहिले छाडा छोडिएको छ । पहिला सबै संस्थागत विद्यालयहरूलाई शिक्षा ऐनमा व्यवस्था भएको विद्यालय खोल्न पाउने आवश्यकता र शर्त पूरा गरेको छ कि छैन, हेर्ने निकाय बनाई दर्ता हुन पाउने तर नभएकाहरूलाई दर्ता गराउनुपर्दछ । यस्ता विद्यालयहरूको शैक्षिक गुणस्तर, विद्यार्थी अभिभावक र शिक्षक/कर्मचारीले पाउने र पाउन सक्ने सेवा सुविधाका आधारमा स्तर किटान गरिनुपर्दछ । संस्थागत विद्यालयसँग सरोकार वाला (अभिभावक, विद्यार्थी, शिक्षक र संस्थागत विद्यालयका मालिक) र शिक्षा मन्त्रालयको प्रतिनिधि रहेको शुल्क सिलिङ्ग गर्नुपर्दछ । तहगत स्तर किटान गरी राज्यले लगानी र पूँजीको संरक्षण गरिदिनुपर्दछ । शिक्षामा रहेको कम्पनी ऐन खारेज गरी नयाँ ऐनको व्यवस्था गर्दै एकरुपतामा पाठ्यक्रम र पाठ्यपुस्तक लगाउने नियम निर्माण गरेर शिक्षा मन्त्रालय अन्तर्गतको निकायले नै अनुगमन गर्नुपर्दछ । यसो गरिएमा शिक्षामा आम सुधार गर्न सकिन्छ । यसो भनेको, शिक्षा क्षेत्रमा देखिएका अहिलेका समस्याहरूको निराकरण गर्न मात्र हो । यत्तिकैमा जनताले चाहना गरेको शिक्षा प्रणालीको स्थापना हुनसक्दैन । अहिलेको दुवै खालको शिक्षामा गुणस्तर छैन र जनताको पहुँचमा पनि शिक्षा छैन । त्यसका लागि पहिला शिक्षाको नीतिगत पक्षमा जानुपर्दछ । त्यसको मतलब हुन्छ शिक्षामा भएको निजीकरण र व्यापारीकरणको अन्त्य र सामुदायिक शिक्षामा गुणस्तर कायम गर्नु हो । यसलाई नमुनाकृत गर्दै त्यसलाई शैक्षिक नमुनाहरूका विकास गर्दै विस्तार गरिनुपर्दछ । शिक्षामा भएको निजीकरण र व्यापारीकरणको अन्त्य गर्नाका लागि यस्ता विद्यालयलाई राष्ट्रियकरण गरिनुपर्दछ । यसको पूर्वाधारको रूपमा संस्थागत विद्यालयहरूलाई माथि भनिए झैं एकरुपतामा ल्याएपछि क्रमिक रूपमा त्यस्ता विद्यालय सम्बन्धी सम्पूर्ण तथ्याङ्क तयार पार्न सकिन्छ । त्यसपछि शिक्षा क्षेत्रमा लगानी बढाउँदै गएर निश्चित वर्षभित्र निजीकरण र व्यापारीकरणको अन्त्य गर्दै लैजाने राष्ट्रिय योजना बनाउनुपर्दछ । आर्थिक कारणले मात्र अहिले शिक्षामा निजीकरण र व्यापारीकरण गरिएको पटक्कै होइन । बरु राष्ट्रियकरण कसरी गर्ने भन्ने बारेमा व्यापक छलफल गर्नुपर्दछ । ■

**आम जनतालाई साक्षर र शिक्षित पार्ने सम्पूर्ण दायित्व राज्यको हुन्छ । सरकारको दायित्वभित्र परेपछि शिक्षामा निजीकरण र व्यापारीकरणको प्रश्नै आउँदैन । यो नीतिगत प्रश्न हो ।**

*(लेखक नेकपा माओवादीसँग आबद्ध अखिल नेपाल शिक्षक सङ्गठनका अध्यक्ष हुनुहुन्छ ।)*

# कोपको कमाल



**विण्डी** कोपले सन् १९८८ मा प्रिन्सटन विश्वविद्यालयमा छँदा लेखेको शोधपत्र (थेसिस) अमेरिकाका लाखौं बालबालिकाका लागि लाभकारी सिद्ध भएको छ । थेसिसमार्फत उनले अघि सारेको विचार अमेरिकाका लागि विशिष्ट प्रकारका शिक्षक उत्पादन गर्न सहायक भएको छ ।

विण्डी कोपले अमेरिकाका पूर्वराष्ट्रपति जोन केनेडीको पिस क्रप्स (शान्तिदूतहरूको समूह) जस्तै राष्ट्रिय शिक्षण समूह (अ युएस नेशनल टिचिङ क्रप्स) शुरु गरिन् । यस कार्यक्रमअन्तर्गत क्याम्पसको अध्ययन सकेका हजारौं युवायुवती शिक्षण तालिम लिएर अमेरिकाका पिछडिएका स्कूलहरूमा पढाउन गए ।

कोपले सन् १९९० मा साढे दुई लाख डलरबाट शुरु गरेको राष्ट्रिय शिक्षण समूह 'टिच फर अमेरिका' छोटो अवधिमा नै देशव्यापी बन्यो । अहिले 'टिच फर अमेरिका'का झण्डै १२ हजार शिक्षकले ४ लाख ४० हजार बालबालिकालाई विशेष शिक्षण सेवा उपलब्ध गराइरहेका छन् ।

सन् २००५ को एक सर्वेक्षणले ७५ प्रतिशत स्कूलका प्रिन्सिपलले 'टिच फर अमेरिका'का शिक्षक अरू शिक्षकभन्दा धेरै प्रभावकारी भएको स्वीकार गरेका थिए । त्यस्तै सन् २००४ को अर्को एउटा सर्वेक्षणले 'टिच फर अमेरिका'का शिक्षकद्वारा पढाइएका छात्रछात्रा अन्य छात्रछात्रा भन्दा गणितमा धेरै तेज रहेको देखाएको थियो ।

यसरी गुणस्तरीय शिक्षणका लागि महत्त्वपूर्ण योगदान गरेका कारण *टाइम* पत्रिकाले आफ्नो १२ मे २००८ को अङ्कमा विण्डी कोपलाई संसारका सय जना प्रभावशाली व्यक्तिको सूचीमा समावेश गरेको छ; जुन सूचीमा बेलायतका पूर्व प्रधानमन्त्री टोनी ब्लेयर, हिलारी क्लिन्टन, सोनिया गान्धी, दलाई लामा जस्ता व्यक्तिहरू पनि परेका छन् । ■

बहस

## नि:शुल्क शिक्षा

डा. पूर्णकान्त अधिकारी



# जनताका आँखामा छारो

**सरकारी साधनस्रोतले भ्याएसम्म राज्यले शिक्षामा लगानी बढाउनुपर्छ। तर साधनस्रोतले नै नभ्याउने विषयमा पनि 'गर्छौं' भन्नु जनताको आँखामा छारो हाल्ने काम मात्र हो। १२ कक्षासम्म नि:शुल्क गर्ने क्षमता राज्यसँग आज छैन।**

संविधानसभाको निर्वाचनमा जनताले नेकपा माओवादीलाई सबैभन्दा ठूलो दल बनाए। निर्वाचन घोषणापत्रमा उसले कक्षा १२ सम्मको शिक्षा नि:शुल्क गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। त्यसो त संविधानसभा निर्वाचनको बेला नि:शुल्क शिक्षाको आश्वासन बाँड्ने माओवादी एक्लो दल होइन। एमालेले पनि सोही तहसम्मको शिक्षा नि:शुल्क गरिने प्रतिबद्धता आफ्नो चुनावी घोषणापत्रमार्फत राखेको छ। नेपाली काङ्ग्रेसले प्रत्यक्ष रूपमा नि:शुल्क शिक्षाको नारा नदिए पनि माध्यमिक तहसम्मको शिक्षामा राज्यको दायित्व किटानी गरेर अप्रत्यक्षत: आफूलाई नि:शुल्क शिक्षाकै वरिपरि राखेको देखिन्छ। यी तीन दलको संविधानसभामा दुईतिहाई भन्दा बढी बहुमत छ। अन्तरिम संविधानमा 'कानूनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म नि:शुल्क शिक्षा दिने' भन्ने प्रावधान राखिएको छ। संविधानसभाको चुनावमा नि:शुल्क शिक्षाको सबैभन्दा चर्को नारा दिने माओवादीको पल्ला भारी भएकोले अबको संविधानमा पनि त्यसले निरन्तरता पाउने कुरा सहजै अनुमान गर्न सकिन्छ।

तर के नेपालको आजको आर्थिक अवस्थाले १२ कक्षासम्मको नि:शुल्क शिक्षा धान्न सक्छ? के शिक्षा नि:शुल्क गर्दैमा गिर्दो सार्वजनिक शिक्षाको स्तर उकास्न मद्दत पुग्छ? नि:शुल्कको सन्दर्भमा यी दुई मूलभूत प्रश्नबारे विचार-विमर्श हुनु आवश्यक छ।

सर्वप्रथम पहिलो प्रश्नमाथि ध्यान दिऊँ। कक्षा १२ सम्मको शिक्षा नि:शुल्क गर्न देशको आर्थिक वृद्धिदर कम्तीमा ७ प्रतिशत चाहिने र शान्तिसुरक्षा, राजनीतिक स्थिरता भएमा त्यो लक्ष्य हासिल गर्न अरू कमसेकम ५ वर्ष लाग्ने भनी यसै मासिकको गताङ्कमा अर्थशास्त्री डा. विश्वम्भर प्याकुरेलले गरेको प्रक्षेपण छापिएको छ। आज देशको आर्थिक वृद्धिदर दुई-तीन प्रतिशतको हाराहारीमा छ।

> **शिक्षा बजेटको ठूलो हिस्सा तलब भत्तामै खर्च हुन्छ। शैक्षिक सामग्री र शिक्षकको ज्ञान-क्षमता अभिवृद्धिमा बजेट नै पुगेको छैन। सार्वजनिक शिक्षाको स्तर नउकासिनुमा यो नै मुख्य कारण हो। त्यसैले सरकारले माध्यमिक शिक्षा नि:शुल्क गर्नुभन्दा पहिले यतातिर लगानी बढाउन अग्रसर हुनुपर्छ।**

यो अवस्थामा, कक्षा १२ सम्म नि:शुल्क गर्दा थपिने व्ययभार वहन गर्ने हैसियत र क्षमता कमसेकम आजको नेपाली राज्यसँग छैन। आफ्नो साधनस्रोतले भ्याएसम्म राज्यले शिक्षामा लगानी बढाउँदै नै जानुपर्छ। राज्यले निश्चित अवधिमा देशको शिक्षाको स्तर र अवस्था यस्तो हुनेछ, साधनस्रोतको व्यवस्थापन यसरी गरिनेछ भन्ने सोच पनि राख्नै पर्छ। तर साधनस्रोतले नै नभ्याउने विषयमा पनि 'गर्छौं' भन्नु जनताको आँखामा छारो हाल्ने काम मात्र हो।

सरकारी तथ्याङ्क अनुसार विद्यालय जाने उमेरका अझै १३ प्रतिशत बालबालिका स्कूल बाहिर छन्। १ कक्षामा भर्ना भएका मध्ये ५० प्रतिशत बालबालिका कक्षा ५ ननाघ्दै विद्यालयबाट बाहिरिन्छन्। १ कक्षामा भर्ना भएका मध्ये रुण्डै ८५ प्रतिशतले कक्षा १० पूरा गर्दैनन्। अर्बौं लगानी गर्दा पनि यति ठूलो सङ्ख्यामा स्कूले उमेरका बालबालिका विद्यालयबाट बाहिरिएका छन्। यो हाम्रो शिक्षा प्रणालीको सबैभन्दा ठूलो असफलता हो। त्यस्ता बालबालिकाहरूको लागि अहिलेसम्म कुनै कार्यक्रम ल्याइएको छैन। गरिखानको लागि हातमा सीप नभएका कारणले तीमध्ये अधिकांश विदेशमा अत्यन्त निम्नकोटिको काम गर्न र ज्याला लिन बाध्य छन्। उनीहरू धेरै ठूलो शोषणमा परेका छन्। तिनका लागि सरकारको न त कुनै सोचाइ छ न लगानी नै।

रुण्डै ६० हजार शिक्षक दरबन्दी थप्न आवश्यक भएको भनी गत वर्ष शिक्षा मन्त्रालयले अर्थ मन्त्रालयलाई पत्राचार गरेको कुरा सार्वजनिक भएको थियो। तर सरकारले त्यो काम गर्न सकेको छैन। शिक्षा मन्त्रालयले भनेजति दरबन्दी अबको दुई/तीन वर्षभित्र सरकारले थप्न सक्यो भने पनि त्यो ठूलो उपलब्धि हुनेछ, किनभने त्यसनिम्ति कम्तीमा वार्षिक ५-६ अर्ब थप रकम लाग्छ। तर दुर्भाग्यवश यथास्थितिमा सरकारले त्यो पनि गर्ने सामर्थ्य राख्दैन। यथार्थको यो पृष्ठभूमिमा माओवादी नेता-कार्यकर्ताले विशेष शिक्षा कर लगाएर, राजा वीरेन्द्र र ठूला सामन्त/शोषकको सम्पत्ति राष्ट्रियकरण गरेर रकम जुटाउने जुन अभिव्यक्ति दिएका छन् त्यो जनताको आँखामा

छारो हाल्न गरिएको चुनावी भाषण मात्र हो भन्न सङ्कोच मान्नुपर्दैन ।

समग्रमा अझै पनि ४० प्रतिशतभन्दा बढी नेपालीहरू निरक्षर छन् । लेखपढ गर्न सक्ने बनाउँदा तिनको आयस्तर अहिलेको भन्दा राम्रो हुने कुरामा शङ्का छैन । तर यसनिम्ति राज्यले ठूलो लगानी नगरी हुँदैन । सीमान्तीकृत र अवसर पाउनबाट वञ्चित समुदायको लागि राज्यले अहिलेसम्म उल्लेखनीय रूपमा केही गरेको छैन । गत ३० वर्षको आँकडा हेर्ने हो भने, शिक्षा क्षेत्रको कुल बजेटको १.४ प्रतिशत व्यावसायिक शिक्षामा र १.१ प्रतिशत अनौपचारिक शिक्षामा खर्च भएको देखिन्छ । बाँकी ८७ प्रतिशतभन्दा बढी बजेट औपचारिक शिक्षामा खर्च हुँदै आएको छ । राज्यको प्राथमिकतामा व्यावसायिक र अनौपचारिक शिक्षा कति पछाडि परेका छन् भन्ने कुरा यो तथ्याङ्कले स्पष्ट पार्छ । यसको अर्थ, औपचारिक शिक्षामा चाहिँ जति लगानी भएको छ, त्यो पर्याप्त छ भन्ने होइन । यो क्षेत्रको बजेटको धेरै ठूलो हिस्सा शिक्षकको तलब भत्तामै खर्च हुन्छ । शैक्षिक सामग्री र शिक्षकको ज्ञान-क्षमता अभिवृद्धिमा बजेट नै पुगेको छैन । सार्वजनिक शिक्षाको स्तर नउकासिनुमा यसको पनि महत्त्वपूर्ण हात रहेको छ । त्यसैले सरकारले माध्यमिक शिक्षा निःशुल्क गर्नुभन्दा पहिले यतातिर लगानी बढाउन अग्रसर हुनुपर्छ । यसबाट व्यक्ति, परिवार, समुदाय र देश सबैलाई आर्थिक क्षेत्रमा मात्र लाभ हुने छैन, शिक्षा क्षेत्रलाई पनि ठूलो टेवा पुग्नेछ ।

अब दोस्रो प्रश्न; सार्वजनिक शिक्षाको स्तरमाथि विचारविमर्श गरौं । नेपालमा सरकारी विद्यालयको स्तर गिर्नुको एउटा महत्त्वपूर्ण कारण समुदायलाई विद्यालयको व्यवस्थापनको अधिकारबाट टाढा राख्नु हो भने अर्को कारण निःशुल्क शिक्षा नै हो । प्राथमिक तह निःशुल्क त पञ्चायतकालमै भएको हो । निःशुल्क हुन थालेपछि अभिभावकहरूले आफ्ना बालबालिकाको पढाइको अवस्थाका बारेमा शिक्षकहरूसँग त्यति चासो राखेनन्, जति सरोकार निःशुल्क हुनुअघि राख्थे । "आफ्नो खल्तीबाट पैसा तिरेको भए पो खोजीनिती गर्नु, निःशुल्क पाइया छ, जेसुकै होस्" भन्ने परम्परागत नेपाली मनोविज्ञानबाट ग्रस्त भएर अभिभावकले विद्यालयको पठनपाठनबारे चासो राख्न क्रमशः कम गर्दै गए । उता २०२८ सालको नयाँ शिक्षा योजनाका नाउँमा सामुदायिक विद्यालयहरूको राष्ट्रियकरण गरिएपछि अभिभावकहरूलाई स्कूलको भवन बनाउन श्रमदान गर्न चाहिँ डाकिन्थ्यो तर स्कूलको व्यवस्थापनमा उनीहरूको भूमिकालाई पूरै बेवास्ता गरियो । परिणामस्वरुप अभिभावकहरू विद्यालयबाट विस्तारै टाढा हुनथाले । २०३६ सालमा आइपुग्दा विद्यालयको स्तर गिर्न थालिसकेको थियो, जसको कारण निजी स्कूलको सुरुआत भयो । समुदायले खोलेका विद्यालयको राष्ट्रियकरणपछि बिस्तारै विदेशतिर लागेका काठमाडौंको शासक वर्गका छोराछोरीलाई स्वदेशमै शिक्षा दिने ध्येयका साथ निजी विद्यालय खोल्न शुरु गरियो । शिक्षा ऐन २०२८ मा निजी विद्यालय खोल्न पाउने व्यवस्था नगरिएको भए पनि शासकहरूले ऐन विपरीत शिक्षा नियमावलीमा संशोधन गरेर निजी विद्यालय खोल्न पाउने व्यवस्था गरे ।

**सरकारी विद्यालयको स्तर गिर्नुको एउटा महत्त्वपूर्ण कारण समुदायलाई विद्यालयको व्यवस्थापनको अधिकारबाट टाढा राख्नु हो भने अर्को कारण निःशुल्क शिक्षा नै हो ।**



बहस

# नि:शुल्क शिक्षा

नि:शुल्क भनिएपछि स्कूलको लागि चाहिने शिक्षक, शैक्षिक सामग्री, भौतिक पूर्वाधारको पर्याप्त बन्दोबस्त गर्नै पर्थ्यो, तर गरिएन। त्यस्तै, शिक्षकहरूलाई पढाउन निरन्तर अभिप्रेरित गर्ने र नपढाए कारबाही गर्ने असम्भव काम शिक्षा मन्त्रालयले गर्न खोज्यो, तर सकेन। वास्तवमा कहिल्यै गर्न सक्दा पनि सक्दैन। बहुदल आएपछि पञ्चायतले छाडेको विरासत धान्नेतिर नै नेपाली काङ्ग्रेस र एमाले पार्टी लागे। राजा महेन्द्रले २०२८ सालमा गरेको गल्ती सच्याउनतिर लाग्दै लागेनन्। उल्टै नि:शुल्क शिक्षाको गलत र अव्यावहारिक नारा दिन थाले। त्यसैगरी समुदायलाई विद्यालयको व्यवस्थापनबाट फेरि पनि टाढा राखेर कार्यकर्ताको जिम्मामा दिन थाले। शिक्षकको नियुक्ति उसको योग्यताको आधारमा भन्दा राजनीतिक सम्बद्धताका आधारमा हुनथाल्यो। धेरैजसो शिक्षकहरू राजनीतिक दलका कार्यकर्तामा रुपान्तरित भए। धेरै कार्यकर्ताका लागि शिक्षकको जागिर मिल्यो। उनीहरूले नपढाए पनि तलब पाकिराख्यो। शिक्षकहरू कक्षाकोठा र विद्यालयप्रति हैन, जिल्ला शिक्षा कार्यालय र अमूक राजनीतिक पार्टीप्रति उत्तरदायी बने। विद्यालयमा राम्रोसँग काम गर्ने शिक्षकमाथि प्रधानाध्यापकले कारबाही गर्न पाएन। पढाउने र कामचोर शिक्षकका बीच कुन भेद नै रहेन। यसले गर्दा असल शिक्षक पनि अपमानित भएर बस्नुपर्‍यो। परिणामस्वरुप: शिक्षामा बर्सेनि सरकारी लगानी थपिँदै गए पनि सार्वजनिक विद्यालयको स्तर ऋन्-ऋन् गिर्दै गयो।

उता निजी विद्यालयहरूको अवस्था चाहिँ ठ्याक्कै उल्टो भयो। स्तरीय शिक्षाको पर्यायका रूपमा निजी विद्यालयको पहिचान बन्यो। खासगरी एसएलसीको परीक्षा र अङ्ग्रेजीका कारण उनीहरूको यस्तो पहिचान बन्न गयो। निजी विद्यालयमा पढ्न गएपछि एसएससी पनि राम्रैसँग उत्तीर्ण हुने र अङ्ग्रेजी पनि राम्रो हुने भएकाले निजी विद्यालयको पढाइ स्तरीय छ भन्ने कुरा स्थापित हुन गएको हो। वि.सं. २०५० को दशकमा आएर त सरकारी विद्यालय र निजी विद्यालयका बीचको खाडल यति फराकिलो भयो कि 'धनीहरूको लागि एक किसिमको र गरीबको लागि अर्को किसिमको शिक्षा' भन्ने सामाजिक मान्यता नै स्थापित हुन गयो। जसले शिक्षामा वर्गीय खाडल सृजना गर्‍यो। परिणामत: एउटा साधारण मजदुर पनि आफ्नो पेट काटेर छोराछोरीलाई निजी विद्यालयमा पठाउन बाध्य हुनथाले। गाउँ-गाउँमा पनि अलिकति आम्दानी हुने मान्छेले आफ्ना बालबालिकालाई निजी विद्यालयमा पढ्न पठाउन थालेका छन्।

**स्कूल शिक्षा नि:शुल्क हुँदाहुँदै ५० प्रतिशत बालबालिकाले प्राथमिक तह पूरा नहुँदै किन स्कूल छाड्छन् ? अर्थात् तिनले अरू नै कारण विद्यालय छाडेका हुन्, शुल्कका कारण होइन।**

सरकारी विद्यालयमा केटाकेटी पठाउनु भनेको बिगार्न पठाउनु हो भन्ने मनोविज्ञानले समाजमा जरा गाड्न पुगेको छ। जबकि सरकारी विद्यालयका शिक्षकहरू तालिम प्राप्त छन्। साधन र सुविधा पनि तुलनात्मक रूपमा राम्रो छ। तैपनि समाजले सरकारी विद्यालयलाई बहिष्कार गरिरहेको छ। नजिकै शुल्क तिर्ने स्कूलमा चाहिँ कक्षाकोठा खचाखच भरिएका छन्। सरकारी विद्यालयका शिक्षकहरू पनि आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाइरहेका छन्। जबकि निजी विद्यालयका शिक्षकहरू तालिमप्राप्त छैनन्। औसत शैक्षिक योग्यता पनि सरकारी शिक्षकको तुलनामा कम छ। भौतिक पूर्वाधार (खेलमैदान, भवन, सहायक शिक्षण सामग्री आदि)का दृष्टिले सरकारी विद्यालय अपवाद रूपमा मात्रै निजी विद्यालय भन्दा कमजोर छन्। तर पनि विद्यार्थीहरू निजीतिरै ओइरिएका छन्। अभिभावकहरू त्यहाँ नै पठाउन चाहन्छन्, किन ? किनभने, निजी विद्यालयमा पढाउने शिक्षकहरूमा दायित्वबोध छ। उनीहरूले राम्रोसँग काम नगरे कामबाट निकालिन्छन्। सरकारी स्कूलको तुलनामा तलब कम भएर पनि निजी विद्यालयमा किन राम्रो पढाइ हुन्छ त ? निजी विद्यालयका शिक्षकहरू भन्छन्, "हामीलाई त अभिभावकहरूले हैरान पार्छन्। हप्ता-हप्तामा केटाकेटीको रिपोर्ट खोज्छन्।"

अभिभावकहरूले आफ्ना छोराछोरीको पठन-पाठनबारे निजी स्कूलसँग किन सोधखोज गर्छन् भने त्यहाँ तिनले पैसा तिरेका हुन्छन्। सरकारी विद्यालयमा पैसा नतिरेको हुनाले अभिभावकहरू रिपोर्ट खोज्नतिर लाग्दैनन् वा खोज्ने आँट गर्दैनन्। खोज्दैमा पनि कतिले पाउँथे होलान् र अभिभावकप्रति कुनै नाता र जिम्मेवारी नभएका सरकारी जागिरे शिक्षकबाट ? तपाइँ हामी पनि सित्तैँमा कुनै चीज पायौं र त्यो जतिसुकै उपयोगी भए पनि सित्तैंमा पाएको भनेर त्यसलाई महत्त्व दिँदैनौं। तर पैसा तिरेर पाएको सानो कुराको पनि हामी खुब जतन गर्छौं। त्यसबाट सकेसम्म बढी फाइदा लिन खोज्छौं। गाँठी कुरा यही हो। त्यसकारण विद्यालयउपर अभिभावकको अपनत्व बढाउनको लागि एक रुपैयाँ भए पनि फिस लिनैपर्छ।

स्कूले उमेरका जुन बालबालिकाहरू अहिले विद्यालय बाहिर छन्, शुल्क तिर्न नसकेर हैन, अरू नै कारणले ती बाहिर परेका हुन्। स्कूल शिक्षा नि:शुल्क हुँदाहुँदै ५० प्रतिशत बालबालिकाले प्राथमिक तह पूरा नहुँदै किन स्कूल छाड्छन् ? अर्थात् तिनले अरू नै कारण विद्यालय छाडेका हुन्, शुल्कका कारण हैन। हाम्रो शिक्षाको उपयोगिता, सांस्कृतिक, सामाजिक, विपन्नता, शिक्षकको व्यवहार, घर र स्कूलबीचको लामो दूरी, गलत मूल्याङ्कन प्रणाली आदि विविध कारणले त्यति धेरै बालबालिकाले बीचमै विद्यालय छाड्ने गरेका हुन्। यो यथार्थतर्फ विचारै नगरी नि:शुल्क शिक्षाको नारा पिट्नु जनतालाई ऋन् गलत बाटोतिर लैजानु हो।

विद्यालय आउँदा एउटा बालक या युवाले आफ्नो अमूल्य जीवनको महत्त्वपूर्ण भाग नै समर्पण गरेको हुन्छ। तर १०-१२-१६ वर्षसम्म पढेर विद्यालयबाट निस्कँदाखेरी समाजमा काम नलाग्ने भएर निस्कनु पर्‍यो भने त्योभन्दा ठूलो अपराध अरू के हुनसक्छ र ? त्यसैले म बारम्बार भन्ने गर्छु, 'नि:शुल्क शिक्षाको कुरा सोझै जनतालाई उल्लु बनाएर लामो समयसम्म तिनलाई आफ्नो राजनीतिक दुनो सोझ्याउन गरिएको जाल मात्र हो। शुल्क लिँदा जनताका छोराछोरीले राम्रो शिक्षा पाउँछन्, राम्रो शिक्षा पाए भने आफ्नो अधीनमा बस्दैनन्, बरु उल्टै हामीलाई खेद्न सक्ने हुन्छन् भन्ने दरिद्र मनोदशाबाट

ग्रस्त भएका राजनीतिज्ञहरूले जनता कज्याउने चालस्वरुप यो नारा दिएका हुन् ।' त्यसैले हामी यस्तो जालमा फसेर आफ्ना सन्तानको जीवन बर्बाद गर्नेतिर लाग्नुहुन्न ।

उच्च माध्यमिक वा माध्यमिक तहसम्म नि:शुल्कको घोषणा गर्दैमा सरकारले चाहेर पनि चाहिनेजति साधनस्रोत जुटाउन सक्ने अवस्था छैन भनेर माथि नै चर्चा गरियो । सरकारले साधनस्रोतको व्यवस्था नगरुञ्जेल यत्तिकै चुपचाप बसौं भन्ने कुरा हुँदैन । पठनपाठन त सुचारु गर्नैपर्छ । सुचारु गर्ने मात्र होइन, स्तरीय पनि बनाउनैपर्छ । त्यसको एक मात्र विकल्प हो, शुल्क लिने । सक्नेसँग शुल्क लिने, नसक्नेलाई छात्रवृत्ति दिने । जसले पैसा तिर्न सक्दैन, उनीहरूका लागि स्कूलले छात्रवृत्तिको व्यवस्था गर्नुपर्छ । गरिबीकै कारणले कुनै बालबालिकाले शिक्षा पाउने अधिकारबाट बञ्चित हुन दिनुहुन्न भन्ने बारेमा विशेष चनाखो र निगरानी गर्ने अनि प्रभावकारी अनुगमन गर्ने काममा सरकारले विशेष ध्यान दिनुपर्छ । बरु नि:शुल्क शिक्षाका वकालतकर्ताहरूले भने जस्तो शैक्षिक कर लगाएर सरकारले शिक्षामा थप लगानी गर्ने रुपैयाँको जोहो गर्न सक्छ भने त्यो राम्रै काइदा हो । त्यो पैसा सीधै स्कूलमा पठाइदिए हुन्छ । समुदायले आफ्नो विद्यालयको आवश्यकतानुसार खर्च गर्न पाउँछ ।

त्यसैगरी सरकारी विद्यालयको सही अर्थमा समुदायकरण गर्नुपर्छ । स्कूल व्यवस्थापनका सबै अधिकार समुदायलाई नै दिनुपर्छ । समुदायकरणले शिक्षाको लागत र अनुगमनमा मात्र जनसहभागिता बढाउँदैन, शिक्षकहरूलाई समेत दलीय राजनीतिबाट मुक्त गरेर कक्षाकोठाप्रति उत्तरदायी पनि बनाउँछ । व्यवस्थापन समुदायमा हस्तान्तरण भएका स्कूलहरूको पठनपाठनमा सुधार आएको कुरा सञ्चार माध्यममा आइरहेको छ । त्यो वास्तविकता हो । समुदायकरण गरेपछि विद्यालयमा अवश्य सुधार हुन्छ । सही ढङ्गले काम गर्ने हो भने पाँच वर्षमा उल्लेखनीय परिवर्तन नै देख्न पाइन्छ । सामुदायिक विद्यालयहरू सस्ता भइकन पनि स्तरीय शिक्षा दिन थालेपछि निजी विद्यालय त्यसै सुक्न थाल्छन् ।

शिक्षामा त्यस्ता क्षेत्रहरू छन्, जहाँ सरकारको सक्रियता नभई हुन्न । शिक्षकको तालिम, शिक्षकलाई पछिल्लो ज्ञानबाट अद्यावधिक गराउने कुरा, शैक्षिक सामग्रीको उत्पादन, शिक्षामा सूचनाप्रविधिको प्रयोग, तलब तथा सुविधा, विद्यालय भवन बनाउने बजेट तथा पुस्तकालय र प्रयोगशालालाई चाहिने पुस्तक र उपकरणको व्यवस्था गर्न सरकारको मुख्य भूमिका रहिरहन्छ, रहनुपर्छ । त्यसैगरी विद्यालयको सुपरिवेक्षण गर्ने र कमजोर विद्यालयलाई बढी र आवश्यक सहयोग गर्ने भूमिका सरकार र स्थानीय निकायले निर्वाह गर्नै पर्छ ।

सित्तैंमा शिक्षा दिने कुरा आफैंमा सामन्ती सोचको उपज हो । 'म ठूलो हुँ, माग्नेहरूलाई म दिन्छु' भन्ने मानसिकताको निरन्तरतास्वरुप यो सोच आएको हो । बाटामा बसेका माग्नेलाई भित्रैदेखि उसको कल्याण होस् भनेर पैसा दिने गरिन्छ कि मागिहाल्यो टार्न सकिएन भनेर दिइन्छ ? त्यस्तो दानबाट माग्नेको जीवनमा कहिल्यै परिवर्तन हुन्छ ? शिक्षाको सन्दर्भमा मैले राजा महेन्द्रको बोली र प्रचण्डको भाषणमा खासै अन्तर पाउन छोडेको छु । जुन अधिनायकवादी सोच पञ्चमा थियो, आज माओवादीमा पनि त्यही देखिन्छ । हिजो काङ्ग्रेस, एमाले पनि त्यही सोचबाट मुक्त हुन नसकेर नि:शुल्कको झण्डा उठाएका थिए । 'तिमी जनताहरू गरीब छौ, हामी सत्तामा आयौं, अब हामीहरू तिमीहरूलाई दिन्छौं' भन्ने मानसिकताबाट यो कुरा आएको प्रतीत हुन्छ । थाप्नेको हात जहिले पनि मुनि र दिनेको जहिले पनि माथि हुन्छ । त्यसकारण सित्तैंमा दिने भन्ने कुरा अधिनायकवादी र सामन्ती सोचको उपज हो । यस्तो सोचले जनतालाई सशक्त गराउनै सक्दैन ।

सरकारले आफ्नो क्षमता अनुसार शिक्षामा लगानी बढाउँदै जाने, सरकारी विद्यालयको समुदायकरण गर्ने र सरकारसँग १२ कक्षासम्म आर्थिक व्ययभार लिनसक्ने हैसियत कुनै दिन भयो भने पनि सीधै नि:शुल्क नभनी भौचर प्रणाली लागू गरेर अभिभावक र विद्यार्थीको हातबाटै त्यो शुल्कको रूपमा विद्यालयमा पठाउनुपर्छ । किनभने जब अभिभावकको हातमा त्यो पैसा पर्छ र उसले विद्यालयमा तिर्छ, त्यतिबेला उसले आफूले छोराछोरीको शिक्षाका लागि आफैंले पैसा तिरेको अनुभव गर्छ र अहिले निजी विद्यालयका अभिभावक झैं उसले पनि विद्यालयमा गएर केटाकेटीको पढाइको रिपोर्ट खोज्छ । निश्चित तहभन्दा माथिको शिक्षामा शिक्षा ऋणको व्यवस्था यसरी नै गर्न सकिन्छ ।

> **नि:शुल्क शिक्षाको कुरा सोझै जनतालाई उल्लु बनाएर लामो समयसम्म तिनलाई आफ्नो राजनीतिक दुनो सोझ्याउन गरिएको जाल मात्र हो । शुल्क लिँदा जनताका छोराछोरीले राम्रो शिक्षा पाउँछन्, राम्रो शिक्षा पाए भने आफ्नो अधीनमा बस्दैनन्, बरु उल्टै आफूलाई खेद्न सक्ने हुन्छन् भन्ने दरिद्र मनोदशाबाट ग्रस्त राजनीतिज्ञहरूले जनता कज्याउने चालस्वरुप यो नारा दिएका हुन् ।**

नि:शुल्क शिक्षा आफैंमा असम्भव कुरा होइन । तर त्यसको सफलताको निम्ति खास खालको वातावरण आवश्यक हुन्छ । बलियो, पारदर्शी र उत्तरदायी सरकार हुनुपर्छ युरोपमा जस्तै । जनतामा राज्यप्रति विश्वास हुनुपर्छ । जनताले कर तिर्दा गर्व गर्नुपर्छ । तर अहिले हामीकहाँ कर छल्दा, राज्यको कानूनलाई नमान्दा मात्र गर्व गर्ने संस्कार छ । 'सरकारी काम कहिले जाला घाम' भन्ने मनोवृत्तिबाट हामी माथि उठ्न सकेका छैनौं । यस्तो अवस्थामा 'हामीलाई विश्वास गर' भन्दैमा सरकारलाई जनताले विश्वास गर्दैनन् । हाम्रो देशले २००७ सालदेखि नै राजनीतिक स्थिरता प्राप्त गर्न सकेको छैन । यतिखेर त राजनीति झनै तरल अवस्थामा छ । देशको सार्वजनिक प्रणाली सुदृढ छैन, अति नै अस्तव्यस्त र कमजोर छ । अस्थिर राजनीति, अस्थिर सरकार र सिङ्गो समाज जमिन्दारी मानसिकताबाट ग्रस्त भएकाले नेपालको सार्वजनिक क्षेत्र व्यवस्थित बन्न अझै धेरै वर्ष लाग्न सक्छ । शिक्षकदेखि सेनामा जागिर खान क्षमता र योग्यताभन्दा घुस वा सोर्स प्रभावकारी हुने परिपाटी रहनु त्यसको ज्वलन्त दृष्टान्त हो । यो अवस्थामा रातारात रुपान्तरण सम्भव छैन । ■

संस्मरण

नारायण ढकाल



# अध्यक्षका छोरी पढाइदिने प्रस्ताव

**अध्यक्ष बामपन्थी साहित्यमा चित्रण भएका खलनायक जस्तै लागे मलाई। म आत्तिन थालें। यस्ता जाली–फटाहाहरूको घरमा म कसरी बस्न सक्छु ?**

वि. सं. २०३७ पुसतिरको कुरा हो। त्यसबखत वामपन्थी राजनीतिप्रति उग्रसम्मोहन थियो मेरो। शिक्षक भएर राजनीति गर्न धेरै हिसाबले सजिलो हुन्छ भन्ने सुनेको थिएँ। त्यही सूचनाको भरमा कुनै दुर्गम गाउँमा गएर शिक्षक बन्ने अठोट गरें। राजधानीको काँठको मान्छे भएकोले पहाड र तराईको ज्ञान त्यसै पनि कम थियो ममा। अठोट त गरें तर कहाँ जाने ? यसै मेसोमा नुवाकोटका प्रतिष्ठित शिक्षक तथा कवि शारदारमण नेपालसँग नयाँसडक पीपलबोटमुनि भेट भयो। उहाँसँगको कुराकानीपछि म अङ्ग्रेजीको शिक्षक हुन नुवाकोटको शक्ति माध्यमिक विद्यालय, दाङ्मै जाने टुङ्गोमा पुगें।

दाङ्मै पुगेको पहिलो साँझ भक्तपुर घर भएका दुईजना शिक्षक (नकुल प्रजापति र धीरेन्द्र बिजुक्छे)को डेरामा आश्रय लिएँ। उनीहरू दुवैजना प्राथमिक तहका शिक्षक थिए। उनीहरू मजदुर किसान पार्टीका समर्थक या कार्यकर्ता थिए भन्ने कुरा रहँदाबस्दा थाहा भयो। बाहिरबाट गएका तर परिवार नभएका कारण पहिलो बास उनीहरूकै डेरामा रोज्न सहज लाग्यो। उनीहरू निक्कै सहयोगी र सरल मिजासका मानिस थिए। दाङ्मैमा ६ महिना रहँदा म उनीहरूसँगै बसें।

भोलिपल्ट बिहानको सामान्य शुद्धीकरणपश्चात् म प्रधानाध्यापक खेमराज सेढाइको डेरामा गएँ। उनी त्यही जिल्लाका बासिन्दा भए पनि उनको घर चतुराले गाउँमा पर्थ्यो। दाङ्मैबाट चतुराले जान एक बिहान जति लाग्छ।

पुसको दिन भए पनि दाङ्मैमा बिहान त्यति जाडो थिएन। काठमाडौंको बाक्लो हुस्सु र जाडो छोडेर त्यहाँ आएपछि अर्कै सुखद् अनुभूति भएको थियो मलाई।



हस्सुको नामोनिशाना कतै नभएकोले सूर्य उदाउनासाथ वरिपरिका डाँडाहरू झलमल्ल भएका थिए। त्यस्तो रमणीय मुहूर्तमा म प्रधानाध्यापक सेढाइको डेरामा पुगें। उनी मलाई नै कुरेर बसिरहेका रहेछन्।

"अब, हामी विद्यालय सञ्चालन समितिका अध्यक्षको घरमा जान्छौं। उनले तपाईंलाई बस्ने र खाने व्यवस्था मिलाउने छन्। बसेको पैसा त तिर्न पर्दैन यो गाउँमा तर खानाको पैसा पनि लाग्दैन भनेका छन् अध्यक्षले। उनका दुइटी छोरी छन्। उनीहरूलाई बिहान-बेलुका फुर्सदमा पढाइदिए हुन्छ। तपाईंका लागि यो सुवर्ण अवसर हो। यसरी यहाँ बस्दा तपाईंको कानाकौडी पनि खर्च हुँदैन।" मलाई यो कुरा सुनाउन पाउँदा उनी खुशीले चम्किएका देखिन्थे। खेमराजकी पत्नीले बनाएको बिहानको चिया खाएर हामी सञ्चालक समितिका अध्यक्षको घरतर्फ लाग्यौं।

पाँच मिनेट तेर्सो र दुई मिनेट जति ओरालो झरेपछि अध्यक्षको घर आइपुग्यो। जस्ताले छाएको, रातोमाटाले पोतेको, लामो बार्दली भएको त्यो दुईतल्ले घर वरिपरिका अरूभन्दा केही विशिष्ट देखिन्थ्यो। घरको अगाडि आँगन र त्यससँगै एकतल्ले गोठ थियो। त्यो देखेर मेरो मन विद्यालय सञ्चालक समितिका अध्यक्ष र त्यो संरचनाको मेल कसरी हुन्छ भनेर तालमेल गराउन एकाग्र थियो। प्रधानाध्यापकले आफू त्यहाँ आइपुगेको सङ्केत दिन ठूलो स्वरले कराए- "घरमा को हुनुहुन्छ? अध्यक्षज्यू खोई?" आवाज सुनी घरभित्रबाट पचास बाउन्न वर्षकी महिला निस्किन् र हामीलाई फलैंचामा बस्न भनिन्। उनी अध्यक्षकी धर्मपत्नी रहिछन्। "उहाँ पूजामा हुनुहुन्छ, बस्दै गर्नोस्।" त्यति भनेर उनी भित्र पसिन्।

त्यसपछि निकै बेरसम्म वातावरण सुनसान भयो। म आफ्नो सम्भावित बासस्थानबारे अनेक कल्पना गर्न थालें। प्रधानाध्यापक पनि केही बोलिरहेका थिएनन्। उनी कुन संसारमा विचरण गरिरहेका थिए मलाई ज्ञान भएन। लगभग एक घण्टापछि पाठपूजा सकेर अध्यक्ष बाहिर निस्के। उनी धोती फेरेर पूजा गर्दाको वस्त्र विधानमै थिए। पुड्को कदका करिब साठी नाघेका निधारमा टीका र तिलक लगाएका ती ब्राह्मणको अनुहार रगत चुहिएला जस्तो रातो देखिन्थ्यो। हामी दुवैले दुईहात जोडेर नमस्कार गर्‍यौं। प्रत्युत्तरमा उनी हात जोडेर हामीतिर आए र फलैंचामा उक्लिए। फलैंचाको कुनामा राडी ओछ्याइएको थियो, भित्तामा बालिष्ठा। उनी अडेस लागेर बसे। "नयाँ माड्साब तपैं नै हो?" बस्नासाथ उनले निर्धक्कसँग आँखा जुधाएर सोधे। "हो", मैले पनि झन् धक नमानी तीखो आवाजमा जवाफ दिएँ।

"तपैंहरू पढे-लेखेका विद्वान्। म त कालो अक्षर भैंसी बराबर केही जान्दिनँ। स्कूलमा आउनुभा'छ, हाम्रा केटाकेटीलाई राम्ररी सिकाइवरी गर्नुहोला। खोई म अरू के भनम्?" एकछिन् उनी रोकिए। त्यसपछि फेरि भन्न थाले- "हो यौटा कुरामा म पोख्त छु। त्यो हो- म जुनसुकै मुद्दा पनि जित्न सक्छु। बैसट्ठी वर्ष भएँ। यो उमेरमा झण्डै तीन दर्जन मुद्दा जितें हुँला। हारेको एउटा पनि इतिहास नै छैन, यो कुरामा मलाई जित्न यो डाँडामा मात्रै हैन, सिङ्गै नुवाकोटभरि कसैले सक्दैन।"



**"लौ माड्साब, मेरी दुई वटी छोरी यिनै हुन्। यिनलाई ट्युसन पढाउनोस् र चलाख पार्नोस्। तपाईंले अरू कुनै फिक्री लिनुपर्दैन। गोठमा बस्नोस्, हाम्रो भान्सामा खानोस्।"**

यसरी उनी आफ्नो योग्यताको बखान गर्न थाले। उनको कुरा सुनेपछि यसअघि मनमनै मैले गरेको अनुमान भत्कियो। मैले ठानेको थिएँ अध्यक्ष अर्कै ल्याकतका मानिस होलान्। तर उनी हाकाहाकी मुद्दा खेलेको र त्यसमा विजय पाएको कुरा सुनाएर गर्व गरिरहेका थिए। त्यसले मेरो मनमा उनीप्रति अर्कै प्रकारको घृणा र उपेक्षाभाव जन्मायो। बामपन्थी साहित्यमा चित्रण भएका खलनायक जस्तै लागे मलाई उनी। म आत्तिन थालें। यस्ता जाली-फटाहाहरूको घरमा म कसरी बस्न सक्छु?

यस्तो प्रश्नले रन्थनिरहेको बेला दुइटी किशोरीहरू बाहिर निस्के। "लौ माड्साब, मेरी दुई वटी छोरी यिनै हुन्। यिनलाई ट्युसन पढाउनोस् र चलाख पार्नोस्। तपाईंले अरू कुनै फिक्री लिनुपर्दैन। गोठमा बस्नोस्, हाम्रो भान्सामा खानोस्।"

यो कुरा केही घण्टाअघि प्रधानाध्यापकले राख्दा म तटस्थ भावमा सुनिरहेको थिएँ, तर अब अध्यक्षको मुखबाट झर्दा यहाँ ठूलै युद्धसर्दारको रवाफ झल्किए झैं लाग्यो। युद्धसर्दार चिनियाँ क्रान्तिकालीन साहित्यमा धेरै प्रयोग भएको शव्दावली हो। विद्यार्थी हुँदा मैले यस्ता धेरै सामग्रीहरू पढेको थिएँ। चीनका नेता माओत्से तुङका सैनिकहरूले उनीहरूलाई दुश्मन मानेर युद्ध गरेको बिम्व मेरो मस्तिष्कमा छापिएको थियो। तसर्थ अध्यक्षको अनुहारमा म त्यही विशेषता खोज्न थालें। लगातार एकछिनसम्म उनले मात्र बोलिरहे। त्यत्तिकैमा बारीको डिलबाट एउटा धुस्रेफुस्रे युवक आँगनतिर आयो। ऊ माटोमा काम गरेर फर्केको थियो भन्ने कुरा उसको हातको कोदालोबाट स्पष्ट हुन्थ्यो। मैले सोचें, ऊ त्यस घरको कामदार हुनुपर्छ। अथवा गाउँको जमिन्दारको निम्ति काम गर्ने अर्धदास। ऊ आँगनमा आइपुगेपछि निकै रोब झाडेर अध्यक्षले आदेश दिए- "ए जगन्नाथ, तमाखु हालेर लेरा त!"

ऊ भित्र पस्यो। आँगनमा उभिएर क्वारक्वार्ती हामीलाई हेरिरहेका अध्यक्षका छोरीहरू पनि गाग्रो बोकेर ओरालो झरे। धुस्रेफुस्रे युवकले तमाखु हालेर ल्यायो र सरासर हाम्रो छेउमा आएर बस्यो। त्यसले मलाई अरू बढी बेचैन बनायो। अध्यक्षको नोकर हामीसँगै फलैंचामा बसेको कुरा पचाउन मलाई निकै गाह्रो परिरहेको थियो। "तान्, तान् अलि सल्का" अध्यक्षले भने। ऊ आदेश पालन गर्दै नलीमा मुख जोतेर धुँवा फाल्न थाल्यो।

"यो मेरो जेठीपट्टिको छोरो हो। म जस्तै औंठाछाप छ यो। म औंठाछाप भएपनि कुरा बुझ्छु। कानून बुझ्छु। प्रजातन्त्र बुझ्छु। शिक्षा बुझ्छु तर यो केही

बुज्दैन। अलि लठेब्रो छ, त्यसैले खेतको काम गर्छ", उनले भने।

उनको यो भनाइपछि म भीरबाट खसे झैं भएँ। युद्धसर्दारबारे मेरो पूर्वानुमान असफल भयो। जसलाई अध्यक्षको नोकर सम्झिरहेको थिएँ, ऊ त पुत्र रहेछ। "माड्साब तमाखु खानुहुन्छ?" धेरैपटक तानेर मनग्य धुँवा ओकलिसकेपछि अध्यक्षले मतिर हेरेर भने।

"तपैं बाहुन हो?"

"हो", मैले भनें।

"पूर्वीया कि पश्चिमा?"

"म ढकाल हुँ।"

"ए पूर्वीया पर्नु'भो। तेसो भए हामी हुक्का दिन्नम्" उनले भने।

जब उनले त्यसो भने, मभित्रको विद्रोहको ज्वालामुखी उम्लियो। अध्यक्षले हुक्काको सुमेरुमा अडिएको चिलिम झिकेपछि मैले भनें, "भो भो त्यहीं राख्नुस्, म तमाखु खान्नँ।"

"किन? अघि त खान्छु भन्नुभा होइन?" फेरि अध्यक्षले भने। प्रधानाध्यापक सेढाइचाहिँ यी सबै चर्तिकला तटस्थ भावमा हेरिरहेका छन् झैं देखिन्थे।

"म त्यसरी खानै सक्दिनँ।"

"के गर्नु त माड्साब हाम्रो रितिथिति यस्तै छ। हाम्रा पुर्खाहरूले पूर्वीया उपाध्यायहरूलाई हुक्का समेत नदिनु भनेका छन्।"

यसबेलासम्म मैले निर्णय गरिसकेको थिएँ- म अध्यक्षको घरमा उनका छोरीहरूलाई पढाएर नि:शुल्क खान र बस्न पाउने सुवर्ण अवसर ग्रहण गर्न सक्दिनँ। म त क्रान्ति गर्न हिँडेको युवक कसरी यस्तो आदिम व्यवहारसँग सम्झौता गर्नसक्छु? जब मैले मनभित्र यस्तो निर्णय गरें, त्यसपछि मलाई आफू निकै हलुका भएको अनुभव भयो।

"तपाईंको गुन्टा-सुन्टा कहाँ छ त? यो लठेब्रालाई लिएर जानोस् र बोकाएर ल्याउनुहोस्", अध्यक्षले सरलतापूर्वक भने।

"होइन, अहिले नै यसबारे निर्णय नगरौं। म हजुरलाई पछि निर्णय दिन्छु", मैले भनें।

"ठीक छ, तपाईंको जो मर्जी", उनले भने।

हामी अध्यक्षको घरबाट हिँड्दा घाम निक्कै तातो भइसकेको थियो। केही समयसम्म प्रधानाध्यापक केही बोलेनन्। त्यसपछि भने, "तपाईंले किन अहिले निर्णय नगरेको?"

"किनकि यस्ता मानिसको घरमा बस्न सक्दिनँ म"- मैले बिहानभरी मनमा सङ्ग्रह भएको रिस एकैचोटि पोख्दै भनें।

"मानिस त खासै नराम्रा होइनन्, यो गाउँका समाजसेवी नै हुन्", प्रधानाध्यापकले फेरि जोड दिएर भने।

"भो छाड्नुस सर! उनी दाङ्मैका भगवान नै भएपनि म उनको घरको भाते हुन चाहन्नँ", म रुन् कड्किएँ। त्यसपछि सेठाइ सर केही बोलेनन्।

शिक्षक बन्ने मेसोमा त्यो नै मेरो पहिलो रोमाञ्चकारी अनुभव थियो। दाङ्मैको त्यो विद्यालयमा मैले आधा शैक्षिक सत्र मात्र अध्यापन गरें। म २०३८ साल जेठ मसान्तमा विद्यालयको बर्खे बिदा शुरु भएपछि काठमाडौं फर्किएँ। तर त्यसपछि २०४३ सालसम्म पनि म शिक्षण पेशामा रहें।



**अहिले पनि नेपालका ग्रामीण भेगका सामुदायिक विद्यालयहरूमा बाहिरका शिक्षक गएर काम गरिरहेका छन्। उनीहरूको भोगाइ के कस्तो रहेको छ? विद्यालय सञ्चालन गर्ने विषयमा कति परिवर्तन आयो, म राम्ररी भन्न सक्दिनँ। किनभने म विद्यालयबाट टाढा भएको लगभग दुई दशक भइसकेछ।**

दाङ्मैको त्यो घटनाको बिम्ब, सङ्केत र निहितार्थले आजसम्म पनि मलाई पछ्याइरहेका छन्। विशेषगरी त्यसबखत हाम्रा सामुदायिक विद्यालयका संरचना, सङ्गठन र सत्ता कसरी बनेका हुन्थे भन्ने कुराको एउटा उदाहरण थियो त्यो घटना। अहिले पनि नेपालका ग्रामीण भेगका सामुदायिक विद्यालयहरूमा बाहिरका शिक्षक गएर काम गरिरहेका छन्। उनीहरूको भोगाइ के कस्तो रहेको छ? विद्यालय सञ्चालन गर्ने विषयमा कति परिवर्तन आयो, म राम्ररी भन्न सक्दिनँ। किनकि म विद्यालयबाट टाढा भएको लगभग दुई दशक भइसकेछ।■

# नयाँ ढाँचामा प्रश्नपत्र

**भारतमा** यस वर्षको कक्षा १० र १२ को परीक्षामा छात्रछात्रालाई नयाँ ढाँचाको प्रश्न सोधिएको छ। १ मार्चदेखि भारतभरि लिएको परीक्षामा माध्यमिक शिक्षा केन्द्रीय बोर्ड नयाँदिल्लीले तयार गरेको नयाँ प्रश्नपत्र कार्यान्वयन गरिएको थियो। प्रश्नपत्रको फेरिएको ढाँचाले विद्यार्थीको क्षमताको मूल्याङ्कन तिनको स्मरणशक्तिका आधारमा मात्र नभई कारण खोज्ने, विश्लेषण गर्ने र विषयवस्तुको मूल्याङ्कन गर्ने क्षमतामा आधारित भएर गर्नेछ। बोर्डका अध्यक्ष अशोक गाङ्गुलीले नयाँ प्रश्नपत्रले छात्रछात्राको सोचेर विश्लेषण गर्ने क्षमताको मापन गर्ने अपेक्षा राखेको बताएका थिए। सन् २००५ को राष्ट्रिय पाठ्यक्रम संरचनामा आधारित नयाँ प्रश्नपत्रले विद्यार्थीको तार्किक क्षमताको परीक्षण गर्नेछ।

नयाँ प्रश्नपत्रमा धेरै छोटा, छोटा र लामा उत्तर आउने प्रश्न समेटिएको छ। नयाँ प्रश्नपत्रको नमुना माध्यमिक शिक्षा केन्द्रीय बोर्डको वेबसाइट (www.cbse.nic.in) मा राखिएको छ। प्रश्नपत्र कक्षा १२ का जीव तथा भौतिक विज्ञान, गणित, शरीर विज्ञान, राजनीतिशास्त्र, इतिहास र अर्थशास्त्र तथा कक्षा १० का भाषा, समाज विज्ञान, विज्ञान र गणित विषयमा कार्यान्वयन गरिएको छ। ■

प्रकाशसिंह अधिकारी



# स्कूलमा गैरसरकारी संस्था

**केही विद्यालय वा गैर सरकारी संस्था कुन काम गर्ने वा नगर्ने भन्ने विषयमा प्रस्ट होलान् तर धेरै विद्यालय र गैससंले सहकार्यको एजेण्डा छलफल गरी पहिचान गर्नु जरुरी छ।**

औपचारिक शिक्षामा गैरसरकारी संस्थाहरूको संलग्नता २०३० सालको दशकको अन्तिम वर्षहरूबाट नै शुरु भइसकेको हो तर त्यो धेरैजसो शिक्षाको एक पक्षतर्फ––भौतिकतर्फ बढी केन्द्रित वा सीमित थियो। तर अहिले स्थिति फेरिएको छ। सामुदायिक विद्यालयहरूलाई गैरसरकारी संस्था (गैसस)ले सेवा प्रदान गर्ने व्यवस्था सरकारीस्तरबाटै भइसकेको छ। अहिले धेरै कम गैससंहरू विद्यालयसँग मिलेर काम गर्दैछन्।

सरकारले तयार पारेको समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका २०५९ अनुसार समुदाय, अभिभावक, शिक्षक र व्यवस्थापन समितिले गैरसरकारी संस्था समेतको साझेदारीमा विद्यालय सुधारको योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन गर्ने तथा अभिलेख राख्ने काम गर्नुपर्छ। यो बाहेक स्थानीय स्वायत्त शासन ऐन तथा निर्देशिका २०५५ ले पनि विद्यालय सुधारको लागि गैरसरकारी संस्थाहरूको प्राविधिक सहयोगलाई अपरिहार्य शर्तको रूपमा स्वीकार गरेको छ। त्यसैगरी डकार कार्य योजना २००० ले पनि सन् २०१५ सम्ममा सबैको लागि शिक्षाको पूर्ण प्राप्तिका लागि गैरसरकारी संस्थाहरूले साझेदारको रूपमा काम गर्नुपर्ने अवधारणा अगाडि सारेको छ। यसै कुरालाई स्वीकार्दै नेपालले पनि आफ्नो राष्ट्रिय कार्य योजना २०००-२०१५ निर्माण गर्‍यो। यो कार्य योजनाले किटानका साथ उल्लेख गरेका १८२ क्रियाकलापमध्ये पचास वटा भन्दा बढी क्रियाकलाप गैरसरकारी संस्थाको जिम्मामा सुम्पेको छ र बाँकीमा सहकार्यको सम्भावना खुला राखेको छ।

## सहकार्यको एजेण्डा

केही विद्यालय वा गैसस कुन काम गर्ने वा नगर्ने भन्ने विषयमा प्रस्ट होलान् तर धेरै विद्यालय र गैससंले सहकार्यको एजेण्डा छलफल गरी पहिचान गर्नु जरुरी छ। गैससंहरूको अनुभव विभिन्न प्रकारका छन्। सबैले विद्यालय शिक्षामा अनुभव हासिल गरिसकेका छैनन्। धेरै गैसस कार्यान्वयन पक्षमा दक्ष होलान्, केही सहयोगी संस्थाको रूपमा प्राविधिक सहयोग मात्र पुर्‍याउने पनि होलान्। यस्तो अवस्थामा कम्तीमा सर्वसम्मत एजेण्डा अर्थात् सबैले गरे बेस हुने शैक्षिक क्रियाकलाप पहिचान गर्न सके एकरुपता आउन




**शिक्षामा गैरसरकारी संस्थाको संलग्नताको एक झलक।**

सुदर्शन घिमिरे

र गुणात्मक सुधार हुनसक्थ्यो। यसको लागि समुदाय सञ्चालित विद्यालयमा संलग्न गैससंको सामुहिक छलफल हुनसके राम्रो हुनसक्थ्यो। तल उल्लिखित केही एजेण्डालाई अहिले प्रस्तावको रूपमा लिन सकिन्छ:

१. *कक्षा एकदेखि शुरु-* पहिलो वर्ष आफूले जति गर्ने हो त्यो कक्षा एकको लागि मात्र गर्ने। अर्को वर्ष कक्षा दुई आदि गर्दै कम्तीमा पाँच वर्ष काम गर्ने योजना बनाउन सके विद्यालय र गैससंको पक्षमा ढुक्क भई काम गर्ने वातावरण सृजना हुनेथियो।

२. *गुणात्मक शिक्षामा जोड-* कक्षाको वातावरणमा सुधार ल्याउने र शिक्षकहरूको लागि बालकेन्द्रित शिक्षण सिकाइ तालिमको व्यवस्था गर्नुपर्छ। गुणात्मक शिक्षाको परिभाषा आ-आफ्ना परिवेश अनुसार फरक-फरक छन् तर पनि एउटा अध्ययनले गुणस्तरीयतालाई सुनिश्चित गर्न देहायका तत्वहरूको आवश्यकता औंल्याएको छ:

- विद्यालय सहयोगमा बहुपक्षीय संलग्नता।
- शैक्षिक व्यवस्थाको विस्तारित र गहन सञ्जालको निर्माण।
- सुधार आफैं एउटा सिकाइ प्रक्रिया बनाउनुपर्ने।
- कक्षा आधारित शैक्षिक अभ्यासको आवश्यकतालाई प्राथमिकता दिने।
- शिक्षक सधैं नयाँ कुरा सिक्न उत्सुक।
- उत्तरदायित्व/जिम्मेवारीको बोध।
- विद्यालयलाई स्थानीय र केन्द्रीय दुवैस्तरबाट निरन्तरको सहयोग र सशक्तिकरण।
- अभिभावक र समुदायको निरन्तर र अन्तरक्रियात्मक सहभागिता।

**साक्षर संस्कृतिको निर्माण भनेको अभिभावक तथा समुदायको शिक्षामा सहभागिता हो। निरक्षर अभिभावक साक्षर हुनुपर्ने र विद्यालयले त्यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने हुनसक्छ। अभिभावक र समुदायले केटाकेटीका लागि घरमा थप पढाइलेखाइलाई सघाउनुपर्ने वातावरण सृजना गर्न सक्नुपर्छ।**

३. *कोष स्थापना-* विद्यालय आधारित विद्यालय सुधार कार्यक्रमको लागि सरकारले दिने आर्थिक सहयोग पर्याप्त हुँदैन। गुणात्मक विद्यालय शिक्षा दिन थप साधन-स्रोत र शैक्षिक सामग्रीको आवश्यकता पर्छ। त्यसनिम्ति चाहिने आर्थिक स्रोतको परिचालनका लागि अक्षय कोष स्थापना गर्न जरुरी छ। यसको लागि विद्यालयको उपलब्ध स्रोत परिचालन गरी आम्दानी वृद्धि कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। यो स्रोतको माध्यमबाट नै सहकार्य दिगो र निरन्तर हुन्छ। सरकारको स्रोतमा मात्र निर्भर रहनुहुँदैन।

४. *अभिभावक तथा समुदाय परिचालन-* जबसम्म साक्षर संस्कृतिको निर्माण गर्न सक्दैनौं त्यसबेलासम्म हाम्रो सहकार्यले पूर्ण सफलता प्राप्त गर्न सक्दैन। साक्षर संस्कृतिको निर्माण भनेको अभिभावक तथा समुदायको शिक्षामा सहभागिता हो। निरक्षर अभिभावक साक्षर हुनुपर्ने र विद्यालयले त्यस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने हुनसक्छ। अभिभावक र समुदायले केटाकेटीको लागि घरमा थप पढाइलेखाइलाई सघाउनुपर्ने वातावरण सृजना गर्न सक्नुपर्छ। जति बढी पढ्ने समय उपलब्ध हुन्छ सिकाइ त्यति प्रभावकारी हुन्छ। साथै विद्यालयको कोष स्थापनामा पनि अभिभावक तथा समुदाय परिचालन गर्न जरुरी छ।

५. *संयुक्त नेतृत्वको लागि शिक्षक तथा विद्यालय व्यवस्थापन समितिसँग स्वस्थ सम्बन्धको विस्तार-* समुदाय सञ्चालित विद्यालय कार्यक्रम सफल हुनको लागि शिक्षक र विद्यालय व्यवस्थापन समिति खुल्ला, प्रवर्द्धनात्मक र सकारात्मक हुन जरुरी छ। गैससंले यी दुई पक्षसँग आफ्नो सम्बन्ध सुमधुर राख्न सक्नुपर्छ। हालैको एसएलसीको अध्ययनले संयुक्त नेतृत्वले विद्यालय प्रभावकारी र परिणाममुखी हुन्छ भन्ने देखाएको छ। समुदाय सञ्चालित विद्यालयको सफलता शिक्षक, समिति र गैससंको संयुक्त नेतृत्वमा नै निर्भर हुनेछ।

६. *साना किसिमका कार्यगत-अनुसन्धान-* विद्यालय र गैससंले संयुक्त रूपमा सञ्चालन गरेका प्रत्येक क्रियाकलापको प्रक्रियागत अभिलेख राख्न जरुरी छ। प्रतिवेदन लेख्न वा आफूले गरेका सम्पूर्ण क्रियाकलापको लिखित दस्तावेज राख्नाले सहकार्यको प्रगति, सिकाइ र भविष्यमा गर्नुपर्ने कार्यको प्रस्ट लेखाजोखा गर्न सकिन्छ।

७. *शिक्षालाई अन्य विकास कार्यसँग एकीकृत गर्ने-* समुदाय सञ्चालित विद्यालयको लागि सहयोगी संस्थाको रूपमा शिक्षा विभागसँग संलग्न साझेदार संस्थाहरूको कार्यगत अनुभवमा विविधता पाइन्छ। विद्यालय शिक्षासँग सम्बन्धित कामको अनुभव नभएका प्रशस्त गैससंहरू छन्। उनीहरूलाई वा अन्यलाई पनि के काम गर्ने भन्ने दुविधा हुनसक्छ तर विकासका अन्य क्रियाकलाप जस्तो स्वास्थ्य, सामुदायिक वन, आम्दानी वृद्धि, सशक्तिकरण, मानवअधिकार, अनौपचारिक शिक्षा आदिसँग विद्यालय प्रत्यक्ष सम्बन्धित छ। स्वास्थ्यले विद्यार्थीको स्वास्थ्यको हेरचार सम्बन्धी क्रियाकलाप, सामुदायिक वनले विद्यालयको स्रोत वृद्धि र भौतिक तथा शैक्षिक सुधारमा सहयोग, अनौपचारिक शिक्षाले केटाकेटीका आमाबाबुलाई साक्षर गराई साक्षर संस्कृतिको निर्माण गर्नमा ठूलो सहयोग पुऱ्याउन सक्छन्। शिक्षा तटस्थतामा फस्टाउन सक्तैन भन्ने कुरा अहिलेसम्मको अनुभव र अध्ययनले देखाइसकेको छ। एकीकृत विद्यालय शिक्षा अवधारणा र अभ्यास समुदाय सञ्चालित विद्यालयको सफलताको साँचो हो।

सुरुआतमा यी सात वटा क्रियाकलापलाई गैससंहरूले आफ्नो रोडम्यापको रूपमा स्वीकार गरी सहकार्य अगाडि बढाएमा काममा एकरुपता आइ केही ठोस उपलब्धि देखाउन पक्कै पनि सकिन्छ। गैससंले यो नयाँ चुनौती पूर्ण जिम्मेवारीलाई सफल बनाएनन् भने गैससंको सामाजिक रुपान्तरण, सामाजिक न्याय, मानवअधिकार, समताको



सुरज कुँवर

प्रतीकको छवि धुमिल हुनेछ। यो गैससंको छवि सुधार वा राम्रो छवि निर्माणको अवसर पनि हो।

सबैको लागि शिक्षा अभियानले विद्यालयमा गुणात्मक शिक्षा चाहेको छ। शिक्षा मन्त्रालयले त्यो कार्य गैससंले गर्न सक्छ भन्ने विश्वास गरेका बेलामा अन्य काम जस्तो भद्रगोल किसिमले हुनुहुँदैन। शिक्षा बालबालिकाको संस्कार, देशको भविष्य, असल नागरिक हुने, नैतिक चरित्र विकास गर्ने, सामाजिकीकरण आदि पक्षसँग गाँसिएको छ। त्यसकारण यसमा हेलचेक्र्याइँ गर्नुहुँदैन। गैससं छनोट प्रक्रिया कडा गरिनुपर्छ। एउटा 'नर्म्स' नै बनाएर छनौटको काम गरिनुपर्छ। सबै कुरा परियोजना निर्माण गराएर प्रतिस्पर्धा गराउने कार्यनीतिबाट गुणात्मक काम नभएको अनुभव छ। कामको गुणात्मकता र विश्वसनीयतालाई पनि ध्यान दिन जरुरी छ। थोरै र स्वच्छ छविका गैससंबाट काम शुरु गर्नुपर्छ। सबै काम दिगो र निरन्तर हुने क्षमता र दक्षताबाट गरिनुपर्छ। परिवर्तन देख्ने गरी हुनु पऱ्यो। विद्यालयले विश्वासिलो र सम्पूर्ण शर्तहरू पूरा गर्न सक्ने गैससं नभेटिएसम्म सहकार्य अगाडि बढाउनुहुँदैन। प्रस्तावना माग्ने र त्यसकै आधारमा मात्र कामको जिम्मा लगाउनुहुँदैन। विद्यालयका जिम्मेवार व्यक्तिहरू गैससंको कार्यालय र कार्य स्थलमा उनीहरूले गरेको कामको अवलोकन गर्न जान जरुरी हुन्छ। भनेको र सुनेको आधारमा विश्वास गरी सहकार्य अगाडि बढाउनु भन्दा देखेको आधारमा मात्र गैससं छनोट गर्नु राम्रो प्रक्रिया मान्न सकिन्छ।

शिक्षा मन्त्रालयले गैससंलाई तालिम वा अभिमुखीकरण कार्यक्रम, अवलोकन भ्रमण, गोष्ठी, राष्ट्रिय र अन्तर्राष्ट्रिय तालिम आदिमा सहभागी गराउनुपर्छ। साथै भविष्यमा शिक्षा सम्बन्धी कुनै पनि काम, नीति र निर्णयहरू गर्दा गैससंलाई सहभागी गराउन बिर्सनुहुँदैन। यसको साथसाथै शिक्षा मन्त्रालयले विद्यालय र गैससंको कामको निरन्तर अनुगमन गर्नुपर्छ। नराम्रो काम गर्नेलाई दण्ड र राम्रो काम गर्नेलाई पुरस्कारको व्यवस्था गर्न पनि शिक्षा मन्त्रालय पछाडि पर्नुहुन्न। शिक्षा मन्त्रालयले उपलब्धि देखाउन नसक्ने गैससंलाई तुरुन्त विद्यालय छोड्न लगाउन पनि सक्नुपर्छ र भविष्यमा त्यस्ता गैससंलाई कुनै पनि कार्यमा सहभागी गराउनुहुन्न। कार्यगत एकता वा एकरुपताको लागि विद्यालय विकासमा संलग्न गैससंको सञ्जाल बन्नुपर्ने पनि त्यतिकै आवश्यक देखिएको छ। यस्ता सञ्जाललाई सबैको लागि शिक्षामा लगानी गरिरहेका वा गर्न चाहने जुनसुकै दातृ संस्था सहयोग गर्न तयार हुनुपर्छ। गैससंहरूले यस्तो अवसरको फाइदा उठाउन सक्नुपर्छ।

केही वर्षको विद्यालय र गैससंको सहकार्यको अभ्यास हेर्दा आशावादी हुने प्रशस्त ठाउँहरू देखापरेका छन्। गैससंहरूले आ–आफ्ना अनुभव र योग्यताको आधारमा विद्यालय सुधारको लागि विभिन्न कामहरू गरिरहेका छन् जस्तो स्वास्थ्य शिविर तथा औषधि वितरण, जुकाको औषधि वितरण, लेखासम्बन्धी तालिम तथा जनशक्ति सहयोगको साथै बाल–केन्द्रित शिक्षण सिकाइसम्बन्धी शिक्षक तालिम आदि सञ्चालन गरेका कुराहरूलाई केही उदाहरणको रूपमा लिन सकिन्छ। यस बाहेक धेरै गैससंले दिइएको कार्य–विवरण (टर्मस् अफ रिफरेन्स) अनुसार नै कामहरू गरिरहेका छन् तर ती कामहरू सामुदायिक विद्यालय र विद्यालय रुपान्तरणको आधार विद्यालय–अवधारणाको आधारमा कति काम भइरहेको छ भन्ने कुरा चाहिँ खोजकै विषय हुन सक्छ। यसो हेर्दा करिब १०० गैससंहरू विगत तीन वर्षदेखि यस क्षेत्रमा संलग्न भइसकेकाले र सबैको लागि शिक्षाको सन्दर्भमा पनि औपचारिक शिक्षाको लागि गैससंको संलग्नता र यसले पारेको प्रभावलाई वैज्ञानिक ढङ्गले पत्ता लगाउन यससम्बन्धी अनुसन्धान जतिसक्दो छिटो गर्न जरुरी देखिन्छ। यो किन पनि छिटो गरिनुपर्छ भने गैससंहरूले अझै धेरै वर्षसम्म शिक्षा क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहरिहनेछ। यदि तिनले अहिले गरेका कामहरूको उपलब्धि कम छ भने त्यसको कारण पत्ता लगाएर नीतिगत र व्यावहारिक दुवै क्षेत्रमा परिवर्तन गरी नयाँ ढङ्गले गैससलाई परिचालित गरिनुपर्छ। ■

*(अधिकारी सामुदायिक विकास प्रवर्तन केन्द्रका अध्यक्ष हुनुहुन्छ।)*

**सबैका लागि शिक्षा अभियानले विद्यालयमा गुणात्मक शिक्षा चाहेको छ। शिक्षा बालबालिकाको संस्कार, देशको भविष्य, असल नागरिक हुने, नैतिक चरित्र विकास गर्ने, सामाजिकीकरण आदि पक्षसँग गाँसिएको छ। त्यसकारण यसमा हेल्चेक्र्याइँ गर्नुहुँदैन।**

## व्यक्तित्व/रवीन्द्रनाथ बेनर्जी

दीर्घराज उपाध्याय

# आफैंलाई बिर्सिएर पढाइरहे

डोटीको शिक्षा क्षेत्रको विकासमा एउटा नाम जोडिएर आउँछ, 'बेनर्जी सर'। पूरा नाम रवीन्द्रनाथ बेनर्जी भए पनि यो नामले उनलाई चिन्न मुश्किल पर्छ। तर 'बेनर्जी सर' भन्नेबित्तिकै उनलाई डोटीमा धेरैले चिन्छन्। जीवनको दुई दशकभन्दा लामो समय डोटीको शैक्षिक विकासमा अनवरत योगदान गरेकै कारण 'बेनर्जी सर' उनको बलियो परिचय बन्न पुगेको छ। भारतबाट नेपालमा आएर शिक्षण गर्ने धेरै छन् तर बेनर्जी सरले भने सुदूरपश्चिमको समाजमा फरक परिचय बनाएका छन्।

दीर्घराज उपाध्याय



सन् १९८३ मा भारतका विभिन्न शहर घुम्दै, काम गर्दै र काम खोज्दै अनायास नेपालगञ्ज नाकाबाट नेपाल छिरेका बेनर्जी आफूले सोच्दै नसोचेको शिक्षण पेशा अँगाल्न पुगे। नेपालगञ्जमा उनको भेट त्यहींको एउटा स्कूलमा पढाउँदै गरेका दार्जीलिङका रतन थापासँग भयो। थापासँगको भेट नै बेनर्जीको लागि शिक्षण पेशामा लाग्ने कडी बन्न पुग्यो। डोटीको सिलगढीमा पवित्रा आवासीय प्राथमिक विद्यालय खोलेका थापाले बेनर्जीलाई सिलगढी पुऱ्याए। पवित्रा आवासीय प्राविबाटै उनको परिचय बन्यो, 'बेनर्जी सर।'

शुरुमा शिक्षण पेशा अँगाल्ने सोच नै नबनाएका बेनर्जी एकाएक दैनिक ७ पिरियडसम्म पढाउने शिक्षक बने। गणित, अङ्ग्रेजी, विज्ञान सबै विषय उनले पढाए। ४ हजार भारतीय रुपैयाँसम्मको मासिक तलब छाडेर नेपाल पसेका बेनर्जी सिलगढीमा पढाउन थाल्दा मासिक रु.८०० पाउँथे।

बेनर्जीको अथक मेहनतबाट भाडाको घरमा सञ्चालन भएको विद्यालय प्राविबाट निमावि, मावि हुँदै उच्च मावि बन्यो। अहिले पवित्रा उच्च माविको आफ्नै घर र छात्रछात्रा ओसार्ने आफ्नै बस पनि छ। २०४८ सालयता उक्त माविबाट करिब १ हजार जना छात्रछात्रा एसएलसीमा उत्तीर्ण भएका छन्। एसएलसीमा उत्तीर्ण हुने विद्यार्थीको सङ्ख्या ७५ प्रतिशत रहेकोमा प्रथम श्रेणीमा उत्तीर्ण हुने सङ्ख्या ४० प्रतिशतको हाराहारीमा छ।

एसएलसीमा कम्प्युटर विषय समावेश गर्ने सुदूरपश्चिमकै पहिलो विद्यालय पनि हो यो। यसले प्लस टुको पढाइ सञ्चालन गरेको पनि ७ वर्ष भयो। पछिल्ला तीन वर्षमा प्लस टुको नतिजा पनि सुदूरपश्चिमै उत्कृष्ट रहेको छ। यी तीन वर्षमा १२ कक्षा उत्तीर्ण हुने विद्यार्थीको सङ्ख्या ७५ प्रतिशतको हाराहारीमा छ।

पवित्राबाट उत्तीर्ण भएका अधिकांश विद्यार्थीहरू आ–आफ्नो क्षेत्रमा सफल भएको कुरा सुनाउँदा बेनर्जीको अनुहार थप उज्यालो हुन्छ। पवित्राबाट एसएलसी उत्तीर्ण गरेका विनायक बिजुक्छे अहिले

अमेरिकाको इन्फोसिस कम्पनीमा कार्यकारी अधिकृतका रूपमा कार्यरत छन्। अमेरिकामै कार्यरत डा. अर्चना तिवारी, डिल्लीराज भट्ट पनि पवित्राकै उत्पादन हुन्। कृषि, शिक्षा, स्वास्थ्य, इञ्जिनियरिङ, व्यवस्थापनलगायतका क्षेत्रमा पवित्राबाट उत्तीर्ण विद्यार्थीहरू स्थापित भएका छन्।

सन् १९५२ सेप्टेम्बर २१ मा भारतको पश्चिम बङ्गालको पुरुलिया जिल्लाको एउटा सानो शहरमा जन्मेका बेनर्जीले प्राथमिक तहको अध्ययन जन्मथलोकै एक विद्यालयमा पूरा गरे। बलरामपुरमा ७ कक्षासम्म पढेका बेनर्जीले नौ कक्षा कलकत्ताबाट पूरा गरे। एसलएलसी दिए, आफ्नै जन्मथलोको विद्यालयमा।

सत्यभामा विद्यापीठबाट सन् १९७२ मा बीएस्सी पास त गरे तर नतिजाबाट उनी सन्तुष्ट भएनन्। "रिजल्ट त्यति राम्रो आएन", उनी सम्झिन्छन्। साथीहरूको लहलहैमा माइनिङ इञ्जिनियरिङको प्रवेश परीक्षा दिए। त्यतिबेला पूरै भारतमा एउटा मात्र माइनिङ इञ्जिनियरिङको कलेज धनवाद जिल्लामा थियो। प्रवेश परीक्षामा उत्तीर्ण भए पनि बेनर्जीले त्यहाँ पढ्न भने पाएनन्। उनले सुनाए, "मेरी आमाले मलाई माइनिङ इञ्जिनियरिङ पढ्न नदिने जिद्दी गर्नुभयो। मैले आमालाई जित्न सकिनँ।"

माइनिङ इञ्जिनियर भए, खनिजका लागि खानीभित्र जानुपर्ने भएकोले मेरो ज्यान सधैं जोखिममा हुन्छ भन्ने आमाको तर्क थियो। बेनर्जी भन्छन्, "आमाको जिद्दीका अगाडि मेरो केही चलेन। इञ्जिनियर बन्ने सपनासँगै पढ्न पनि छोडिदिएँ।" त्यसपछि उनी जागिरको खोजीमा घरबाट निस्किए। सानोतिनो काम गर्न थाले। केही समय बैंकमा काम गरे। सन् १९७९ मा राँचीको हिन्दुस्तान फुड प्रोडक्ट्समा ल्याब इन्चार्जका रूपमा पाँच वर्ष काम गरे। भारु २ हजार ८०० मासिक तलबमा काम शुरु गरेपनि 'ओभर टाइम'बाट थप रकम पनि उनी पाउँथे।

व्यवस्थापन र मजदूरबीच शुरु भएको द्वन्द्वमा मजदूरको पक्ष लिएका कारण त्यहाँ बस्न सक्ने स्थिति नभएपछि जागिर छाड्नु परेको अनुभव पनि छ, उनीसँग। त्यसपछि उनले केही समय दिल्लीको गुडिया टायरमा सिफ्ट इन्चार्ज भएर काम गरे। तर, त्यहाँ पनि उनी पाँच महिनाभन्दा बढी टिकेनन्। त्यसलगत्तै राँची फर्केका उनलाई त्यहाँको मानसिक अस्पतालमा कार्यरत नेपाली डाक्टर कुमारले नेपाल जाने सल्लाह दिए।

बेनर्जी लेखक बन्न चाहन्थे। तर कहिल्यै लेख्न सकेनन्। साहित्यकार भनेपछि उनी हुरुक्कै हुन्थे। एक पटक बङ्गाली भाषाका चर्चित साहित्यकार सुनिल गङ्गोपाध्यायलाई भेट्न कलकत्तातिर लागे। तर बिना टिकट रेल चढेका कारण समातिए। एक महिना जेल परे। दाइ अफिसर थिए, रेल सेवामा तर उनले दाइसँग गुहार मागेनन्।

बेनर्जीले जीवनका २४ वसन्त निजी विद्यालयमा पढाएर बिताए। यस अवधिमा उनी २० वर्षसम्म प्रअ रहे। मेहनत जति गरे पनि अहिलेसम्म बेनर्जीको बैंक ब्यालेन्स छैन।

दुई वर्षअघि उनले धनगढीमा कक्षा ५ सम्म पढाउने आफ्नै बोर्डिङ खोलेका छन्। तर उनी शिक्षाको जिम्मेवारी सरकारले लिनुपर्ने तर्क राख्छन्। युग उपयोगी शिक्षा नभएका कारण नेपालमा शैक्षिक बेरोजगारको सङ्ख्या बढेको उनको ठम्याइ छ।

"मैले पैसा नकमाए पनि आत्मसन्तुष्टि पाएको छु। डोटीमा मलाई माया गर्छन्", उनी भन्छन्। भारतमा जन्मे, त्यहीं हुर्के। अध्ययन पनि उनले भारतमा पूरा गरे। तर उनको कर्मथलो भने नेपाल बन्यो, त्यो पनि डोटीको शिक्षा क्षेत्रको विकासका लागि। उनी भन्छन्, "मेरो कुनै देश छैन। मेरो कुनै घर छैन। म ऋणी छु त मेरा आमाबुबाको।"

"म सानै छँदा बुबाको मृत्यु भयो। सम्पन्न परिवारको हुनाले मलाई पढ्न गाह्रो भएन। आठौं सन्तानका रूपमा मेरो जन्म भएको थियो", उनले आफ्नो पारिवारिक अवस्था बेलिबिस्तार गरे, "डोटीमा पढाउन थालेपछि बूढीआमालाई पनि ल्याएर सँगै राखें। आमाको डोटीमै केही वर्षअघि मृत्यु भयो।" आफ्नी आमाले २० वर्ष पहिले बिहेको कुरा चलाएकी केटीसँग बेनर्जीले २०५८ सालमा बिहे गरे। कुरा गरेको २० वर्षपछि कसरी बिहे भयो? बेनर्जीको सहज उत्तर थियो, "म नेपाल आएपछि यति धेरै व्यस्त रहें कि पढाउने बाहेक अरू केही सोच्न सकिनँ। समय कसरी गयो पत्तै पाइनँ। तर यति लामो समय बित्दा पनि उनको बिहे भएको रहेनछ। मेरो पनि थिएन। त्यसैले उनीसँगै मेरो बिहे भयो।"

जसले जिन्दगीमा शिक्षण पेशा नअँगाल्ने अठोट लिएको थियो- त्यही मान्छेको परिचय कर्मठ शिक्षक बन्न पुग्यो। बेनर्जी सर बारम्बार भन्छन्, "म बाँचुन्जेल पढाउँछु।" डोटी, सिलगढीका बासिन्दा राजेश श्रेष्ठ बेनर्जी सरले डोटीमा शैक्षिक क्रान्ति नै ल्याइदिएको ठान्छन्। उनी भन्छन्, "जागिरका लागि डोटीमै काम गर्ने भारतीय नागरिक सयौंको सङ्ख्यामा भएपनि बेनर्जी सर भने तीमध्ये अलग पहिचान बनाउन सफल भएका छन्। त्यसको एउटै कारण हो, शिक्षा क्षेत्रमा उनले पुऱ्याएको योगदान।" ■



**बेनर्जीको अथक मेहनतबाट पवित्रा विद्यालय प्राविबाट निमावि, मावि हुँदै, उच्च मावि बन्यो। २०४८ सालयता करिब १ हजार जना छात्रछात्रा एसएलसीमा उत्तीर्ण भएका छन्। एसएलसीमा उत्तीर्ण हुने सङ्ख्या ७५ प्रतिशत रहेकोमा प्रथम श्रेणीमा उत्तीर्ण हुनेहरूको सङ्ख्या ४० प्रतिशतको हाराहारीमा छ।**

प्रस्ताव

केदार शर्मा



# एउटा राम्रो प्रार्थना



प्रत्येक बिहान हाम्रा अधिकांश स्कूलहरू प्रार्थनाबाट शुरु हुन्छन्। धेरैअघि, मैले पढ्दा पनि प्रार्थनाका हारबाट नै पठनपाठनको थालनी हुन्थ्यो। तर त्यो बेला आफूले गाउने प्रार्थनाको अर्थ र महत्त्व केही पनि बुझिएको रहेनछ। अहिले विचार गर्दा प्रार्थनाको अर्थ स्कूलको अनुशासित हारमा भेला भएर एउटा आदर्शको स्मरण गर्नु हो रहेछ जस्तो लाग्छ।

'एउटा आदर्श' भन्न त सजिलो छ, त्यसलाई पर्गेल्न सजिलो छैन। त्यसमाथि अहिलेको समयमा त सितिमिति केहीलाई पनि 'आदर्श' सावित गर्न सकिँदैन। मैले सुने-पढेका प्रार्थनाहरूमा राष्ट्रिय, जातीय, क्षेत्रीय, धार्मिक र/या सैद्धान्तिक आस्था र विश्वासहरूको कुरा गरिएको हुन्छ। तर कुनै न कुनै विश्वास वा मतसित नजिक हुनेबित्तिकै अर्कासित टाढा हुन्छ। कुनै कुरासित नजिक वा टाढा हुनासाथै केही पनि आदर्श हुँदैन।

मैले प्रार्थनाको हारमा उभिएर गाएको पहिलो गीत 'गाउँछ गीत नेपाली' हो। त्यसपछि, कहिलेदेखि हो 'श्रीमान् गम्भीर नेपाली' आयो। अनि प्राथमिक स्कूल सकेर हाईस्कूल गएपछि थपियो 'या कुन्देन्दु तुषार हार धवला या शुभ्र वस्त्रावृता।'

'प्रार्थना' स्कूलको एउटा अनिवार्य अनुष्ठान हुन्थ्यो, चाहे त्यहाँ संस्कृतमा लेखिएको, अधिकांश शिक्षकले र कुनै पनि विद्यार्थीले अर्थ नबुझ्ने सरस्वती वन्दना गाइयोस् वा अर्थ न बर्थको (त्यसबेलाको) राष्ट्रगान 'श्रीमान् गम्भीर।' पछि राष्ट्रवादी नागरिक निर्माण गर्न नयाँ शिक्षा योजनामार्फत ल्याइएका 'हामी धेरै साना छौं' वा 'हटी होइन डटी लड्ने' लाई समेत 'प्रार्थना' कै रूपमा गाइएको वा गाउन लगाइएको देखेको हुँ। तर धन्न मैले ती गीत गाउनु परेन।

व्याख्या गर्नै पर्दैन, 'श्रीमान् गम्भीर नेपाली' कहिल्यै पनि एउटा आदर्श राष्ट्रगान थिएन। संस्कृत मन पराउने र सरस्वतीलाई विद्याकी अधिष्ठात्री मान्नेहरूका लागि स्कूलमा गाउन मिल्ने धेरै प्रार्थना छन् तर त्यस्ता प्रार्थनाहरू भाषा र आस्था दुवै हिसाबले तटस्थ हुँदैनन्। समावेशी नेपालका सार्वजनिक विद्यालयहरूका लागि हिन्दू देवी सरस्वतीको संस्कृतमा लेखिएको प्रार्थनालाई उपयुक्त मान्न मिल्दैन। जे जस्तो भए पनि 'सयौं थुङ्गा फूलका हामी' राष्ट्रगान भइसक्यो। तर त्यसमा पनि 'शिर झुकाउने' शक्ति छैन।

सानैमा गाएको भए पनि 'गाउँछ गीत नेपाली' ले हामीलाई धेरै कुरा सिकाएको रहेछ जस्तो लाग्छ। हामीलाई नेपाल 'सुन्दर शान्त विशाल' छ भन्न सिकाउने त्यही गीत हो। धेरै नेपालीलाई सीता, भृकुटी, टिष्टा र काँगडाका कुरा सिकाएको पनि त्यही गीतले हो। यो राष्ट्रगानको ओजले भरिएको र राष्ट्रका नाममा शिर झुकाउने सामर्थ्य पनि भएको गीत हो। तर बालबालिकाका लागि 'आदर्श प्रार्थना' चाहिँ यो पनि होइन। इतिहासको एउटा छोटो कालखण्डमा नेपालको सिमानाभित्र समेटिएको भू-भागका कुरा उठाएर यसले मानिसभित्रको अन्धराष्ट्रवादलाई जगाइदिन्छ। 'ग्रेटर नेपाल'को गफ गर्ने मध्येका धेरै मानिस यही गीतबाट जन्मेका हुन् भन्दा गल्ती हुँदैन।

त्यसोभए कस्तो हुन्छ त एउटा आदर्श प्रार्थना?

'आदर्श' एउटा सापेक्ष शब्द हो। एकठाउँको



किरण पाण्डे

आदर्श अर्को ठाउँमा एकदमै पक्षपातपूर्ण सावित हुनसक्छ । इशाईहरूद्वारा सञ्चालित शिक्षण संस्थामा बाइबल पढाइनु, मदरसामा कुरानका आयातहरू पढाइनु वा संस्कृत पाठशालामा हिन्दूधर्मका मान्यताहरूले ठाउँ पाउनु अस्वाभाविक होइन । नेपालमा यी तीनैथरी शिक्षण संस्थाहरू छन् र ती सबैले आ-आफ्ना धर्म र आस्थाका कुरा गर्छन् । तर एउटा धर्म निरपेक्ष मुलुकका साधारण सरकारी स्कूलहरूमा गरिने प्रार्थना धर्मनिरपेक्ष हुनै पर्छ ।

कुनै-कुनै प्रार्थना धर्म निरपेक्ष भए पनि तिनले ईश्वरको सत्तालाई सर्वोपरि मानेर मानिसको अस्तित्वलाई सारै सानो पारेका हुन्छन् । भारतमा एकदमै चलेका 'ए मालिक तेरे बन्दे हम' वा 'इतना शक्ति हमें दे न दाता मन का विश्वास कमजोर हो ना' भन्ने जस्ता प्रार्थनाहरू यस वर्गमा पर्छन् । विद्यार्थीहरूलाई सही अर्थमा धर्म निरपेक्ष शिक्षा दिने हो भने उनीहरूलाई ईश्वर र धर्मका पक्ष वा विपक्षमा पढाउनु हुँदैन । त्यसैले हाम्रो सन्दर्भमा त 'आदर्श प्रार्थना' धर्म निरपेक्ष मात्र नभई ईश्वर निरपेक्ष पनि हुन आवश्यक छ ।

थपमा, आदर्श प्रार्थना सरल र सबैले बुझ्ने भाषामा हुनुपर्छ । संस्कृत हिन्दू धर्मसित जोडिएको, सारै कमले मात्र राम्रोसित बुझ्ने र भाषिक राजनीतिका हिसाबले विवादमा रहेको भाषा हो । नेपालभित्र बोलिने सबै भाषालाई राष्ट्रभाषा मानिए तापनि सबैतिर बुझिने कारण मिश्रित बसोबास भएका ठाउँहरूका लागि नेपाली सबैले बुझ्ने भाषा हो । त्यसैले 'आदर्श प्रार्थना' को खोजी पनि नेपालीमै गर्न उचित हुन्छ ।

यी सबै कसीबाट जाँचेर हेर्दा मलाई झन्डै सय वर्षअघि, वि.सं. १९६८ मा गोरखा भाषा प्रकाशिनी समितिले छापेको गोरखा शिक्षा (तेस्रो भाग) मा प्रकाशित 'म कस्तो हूँ' शीर्षक कविता *(हे. बक्स)* नेपाली स्कूलहरूका लागि सबभन्दा आदर्श प्रार्थना हुनसक्छ भन्ने लागेको छ । यो कविता छापिँदा कविको नाम नदिइएको भए पनि यसका रचनाकार कवि शिरोमणि लेखनाथ पौड्याल हुन् ।

यो धर्म र ईश्वर निरपेक्ष प्रार्थना हो, जसमा एउटा बुद्धिमान र विवेकशील व्यक्तिका कामनाहरू अभिव्यक्त छन् । यसको सबभन्दा ठूलो विशेषता के हो भने यसमा प्रार्थना गर्ने व्यक्तिले आफ्ना कामनाहरू पूरा होऊन् भनेर अरू कसैसित बिन्तीभाउ गरेको छैन । न त यहाँ 'म चाहिँ केही पनि हैन तिमी नै सर्वेसर्वा' भनेर मानिसको स्वतन्त्र चेतनालाई होच्याइएको नै छ । यस कवितामार्फत व्यक्तिले आफैंसित विभिन्न कामनाहरू गरेको छ । हृदयदेखि गरेको कामनाले मानिसको इच्छाशक्तिलाई प्रबल बनाउँछ र त्यो कुरा उसको प्रतिबद्धता बन्न सक्छ ।

यो भुजङ्गप्रयात छन्दमा लेखिएको कविता हो तर यो नेपाली लोकछन्द सवाईसित मिल्दोजुल्दो भएकाले गाउन अप्ठ्यारो छैन । यसलाई छन्दोबद्ध कविताका रूपमा पाठ गर्न वा सङ्गीतबद्ध गरेर गाउन पनि सकिन्छ ।

यो कविता अत्यन्त सरल छ । प्रार्थनाका रूपमा दिनहुँ गाउन वा वाचन गर्न थालेपछि यो कविता सबै विद्यार्थीले सजिलैसित बुझ्छन् । तर पनि यस कविताका प्रत्येक हरफमा गम्भीर अर्थ रहेको कुरा उनीहरूलाई शुरुमा नै बुझाइदिन सकेमा उनीहरूले शुरुदेखि नै यसलाई मन पराएर र आत्मसात गरेर सही अर्थमा प्रार्थनाका रूपमा गाउन थाल्छन् ।

अहिले नेपाली समाज इतिहासकै सबैभन्दा महत्त्वपूर्ण परिवर्तनको सँघारमा छ । त्यसैले पनि यहाँ सबै कुरामा छलफल र वादविवादको आवश्यकता छ । स्कूलहरूमा पढाइने पाठ, खेलाइने खेल र गरिने व्यवहारदेखि प्रार्थना समेत कस्तो राम्रो हुन्छ भनेर छलफल गर्नुपर्ने बेला हो यो । तपाईंले कुनै राम्रो प्रार्थना पढ्नु-सुन्नु वा लेख्नुभएको छ ? ■

## म कस्तो हूँ

बनूँ सत्यवादी पढूँ नित्य विद्या
हटाऊँ सबै चित्तदेखिन् अविद्या
बडो धीर विद्वान् बडो बुद्धिमान
फलानो छ भन्ने चलाऊँ बयान ।

म को हूँ कहाँ छु कहाँ के छ हाल
लिएको छु के काम कस्तो छ चाल
सबै यो विचारूँ विपज्जाल टारूँ
बडो बुद्धिमानी जगत्मा फिँजारूँ ।

लिएको छु जे लक्ष्य सोही कुरामा
खडा हूँ उसैमा गरूँ घोर धामा
कुनै विघ्नबाधा परेमा उजार
न हूँ कामलाई लगाऊँ म पार ।

सधैं हूँ उज्यालो, सधैं हूँ हँसिलो
सबैको म हूँ मित्र जस्तै रसिलो
कसैलाई काहीं नपारूँ म मर्म
लिऊँ नित्य लोकोपकारी स्वधर्म ।


यता भिक्षुदेखिन् उता भूपसम्म
सबैको बुझूँ कर्मको तारतम्य
सुखैश्वर्य पाए नगम्कूँ गजक्क
विपत् पर्न आए नहूँ थक्क थक्क ।

## कक्षाकोठा

तुलसी थपलिया



# खेलमार्फत गणित शिक्षण



धैरैजसो विद्यार्थीले गणितलाई एक कठिन विषयको रूपमा लिने गर्छन् । गणितका अवधारणाहरू राम्ररी बुझाउन नसक्दा वा तिनीहरूलाई व्यावहारिक अनुभवसँग गाँस्न नसक्दा उनीहरूलाई गणित झन् कठिन लाग्दै जान्छ र यस विषयप्रति नै वितृष्णा जाग्न सक्छ । त्यसैले विद्यार्थीहरूलाई गणित बुझिने गरी पढाउने विभिन्न उपायहरू हुनसक्छन् । त्यसमध्येको एउटा उपाय हो, खेल । प्राथमिक कक्षाका केटाकेटीहरू खेल्न नै बढी रुचाउने भएकाले तिनलाई यो माध्यमबाट प्रभावकारी रूपमा सिकाउन सकिने कुरा अनुभवले सिद्ध गरिसकेको छ । यहाँ प्राथमिक तहमा गणित शिक्षणमा आधारभूत अवधारणाको रूपमा रहेका 'स्थानमान' सिकाउन उपयोगी केही खेलहरू प्रस्तुत गरिन्छ ।

खेलले सिकाइलाई रोचक बनाउँछ र सिकाइलाई अर्थपूर्ण बनाउन मद्दत गर्छ । खेलबाट गणितका अवधारणा सही ढङ्गले बुझाउन, अभ्यासमार्फत दक्षता प्राप्त गर्न र सिकेका कुरा दिगो रहन पनि मद्दत पुऱ्याउँछ ।

यस्ता खेल दुई जनाको जोडीमा वा दुई समूहबीच खेल्न सकिन्छ । शुरु-शुरुमा खेलको नियम प्रस्ट पार्न तथा रेफ्रीको भूमिका निर्वाह गर्न शिक्षकको विशेष दायित्व हुन्छ । अभ्यास गर्दै जाँदा विद्यार्थीले नियम बुझ्छन्, आफैँमध्येबाट रेफ्री बनाउँछन् वा नियमको पालना गर्ने सामाजिक सीपको समेत अभ्यास गर्न थाल्छन् ।

यस शृङ्खलामा विद्यालय तहमा, त्यसमा पनि खासगरी प्राथमिक तहमा सिकाइने गणितीय धारणाहरूलाई खेलमार्फत सिकाउन उपयोगी खेल तथा तथा अङ्को (पजल वा पहेलिका) प्रस्तुत गरिने छन् । खेलको नियम र तरिका, आवश्यक सामग्री तथा आवश्यक सावधानी उल्लेख हुनेछन् । भौतिक क्षति हुनसक्ने वा गलत धारणाको विकास हुनसक्ने विषयमा सावधानी अपनाउनु जरुरी हुन्छ ।


खेलमा विविधता ल्याउन एकदमै आवश्यक हुन्छ । विद्यार्थीको स्तर, सङ्ख्या, कक्षाकोठाको अवस्था, सामग्रीको उपलब्धता आदिका आधारमा खेलमा विविधता ल्याउन सकिन्छ । विविधता ल्याउने कुराले शिक्षकको सिर्जनशीलतामा समेत वृद्धि गर्छ । आफ्नो परिवेशसँग अनुकूल हुने गरी खेलमा समायोजन गरी खेलाउँदा खेलका नयाँ रुप निकाल्न र कहिले त नयाँ खेलको नै विकास गर्न सकिन्छ ।

यी खेल विद्यालयमा वा अन्य अनौपचारिक वातावरणमा समेत खेलाउन सकिन्छ ।


## 'सिन्का देउ' खेल

### खेलको तरिका


१. दुई जनाले जोडीमा खेल्ने ।
२. उनन्तीस वटा सिन्का जम्मा गर्न भन्ने ।
३. रबर ब्यान्डले (वा धागोले) दश-दश वटा सिन्काको मुठा बनाउन लगाउने ।
४. पालैपालो सिन्का माग्न र दिन लगाउने जस्तै, पन्ध्र वटा देउ भनेमा १ मुठा र पाँच वटा खुल्ला सिन्का दिनुपर्छ । ठीक सङ्ख्यामा सिन्का दिनेले एक अङ्क पाउँछ ।
५. पाएको अङ्क स्कोर बोर्डमा लेख्न लगाउने ।
६. पाँच-पाँच पटकसम्म खेल्न लगाउने ।
७. बढी अङ्क पाउनेले जितेको घोषणा गर्ने ।




### आवश्यक सामग्री



विद्यार्थीको सङ्ख्या अनुसारको सिन्का वा सलाईका काँटी ।



मुठा बनाउन केही सङ्ख्यामा रबर ब्यान्ड ।

### सावधानी

- यस खेलमा खासै जोखिम छैन ।
- खेल खेलाउन डेस्क-बेन्चमा भन्दा चउरमा वा स्कूलमा हुँदा सजिलो हुन्छ र फराकिलो ठाउँमा सहज हुन्छ ।
- दुई जना विद्यार्थीलाई खेलाउन, अङ्क लेख्न- तेस्रो विद्यार्थीलाई जिम्मा दिँदा शिक्षकलाई सजिलो हुन्छ र विद्यार्थी काममा बढी गम्भीर हुन्छन् ।


### खेलमा विविधता

- कठिनाई-स्तरमा परिवर्तन : शुरुमा सजिलो र क्रमश: ८ सम्मका सङ्ख्या माग्ने गरी खेलको कठिनाई-स्तरमा परिवर्तन गर्न सकिन्छ ।
- बेस टेन ब्लक उपलब्ध भएमा त्यसको प्रयोग गर्दै सयको स्थानसम्मका निमित्त यो खेलको प्रयोग गर्न सकिन्छ ।


## तारो हान्ने खेल

### खेलको तरिका

१. चारपाँच जनाको समूहमा खेल्ने ।
२. भित्तामा कार्डबोर्डमा बनाएको अयल (centic circles) र एक, दश, सय छुट्याउने रङ वा घेराको प्रयोग
३. शुरुमा विद्यार्थीसँग सल्लाह गरेर,
   - कति टाढाबाट हान्ने ?
   - कुन घेरामा पर्दा- कति अङ्क आएको मान्ने जस्ता कुरा टुङ्गो लगाउने ।




### आवश्यक सामग्री



तारो हान्ने 'तीर'
(प्रति समूह पाँच वटा)



कार्डबोर्ड पेपर
(Game board बनाउन)



कापी
(स्कोर लेख्न)

४. प्रत्येक विद्यार्थीलाई पालैपालो पाँच-पाँच पटक तारो हान्न लगाउने ।
५. आफूले प्राप्त गरेको अङ्क पनि लेख्न लगाउने ।
   - ठीकसँग सङ्ख्या नलेख्ने प्रतिस्पर्धाबाट बाहिर हुन्छ ।
६. पाँचै जनाको पालो पुगेपछि सबभन्दा धेरै अङ्क ल्याउने व्यक्तिले जित्छ ।

### सावधानी

- तारो हान्ने तीरले घाइते हुनसक्ने बारे सचेत हुनुपर्छ ।
- फराकिलो ठाउँमा भित्तामा कार्डबोर्ड टाँस्नुपर्छ ।
- कार्डबोर्ड टाँस्ने- पिनबोर्ड वा तीर गाडिने गिलो सतह (केराको सुप्ला इत्यादि) हुन आवश्यक हुन्छ ।

### खेलमा विविधता

- टेबलमा कार्डबोर्ड राखी क्यारमबोर्डको गोटीले हान्न लगाउन सकिन्छ ।
- बाहिर चउरमा खेलाउन सकिने भए चउरमा घेरा कोर्न लगाएर घ्वाइँ-काशा खेलेजस्तै पाँच-पाँच पटक घ्वाइँ हान्न लगाउन सकिन्छ ।
- कठिनाई-स्तरमा विविधता ल्याउन- यो खेललाई हजारसम्म समेट्ने वा दशमलव जनाउन मिल्ने (जस्तै ३२.२१) गरी दशांश र सयांशलाई समेत बोर्डमा अटाउन सकिन्छ ।


## ठूलो सङ्ख्या बनाउने खेल




### खेलको तरिका

१. चार-पाँच जनाको समूहमा खेल्ने (तास जस्तै) सङ्ख्या पत्ती खेल ।
२. शून्यदेखि नौसम्मका सङ्ख्या पत्तीको एक-एक सेट (कार्डबोर्डबाट) बनाउन भन्ने ।
३. चार जनाको सङ्ख्या पत्ती एकै ठाउँमा मिसाउन भन्ने ।
४. पालैपालो गरी चार जनालाई तीन-तीन पत्ती पुग्ने गरी बाँड्ने ।
५. ती तीन पत्तीबाट बन्न सक्ने सबभन्दा ठूलो सङ्ख्या बनाउन भन्ने ।
६. चार जनामध्ये जसले सबैभन्दा ठूलो सङ्ख्या बनाउँछ उसले एक अङ्क पाउँछ ।
७. पाँच-पाँच पटकसम्म खेलाउने र सबभन्दा बढी अङ्क पाउनेलाई विजेता घोषित गर्ने ।

### आवश्यक सामग्री



सङ्ख्यामा पत्ती बनाउन (काडबोर्ड वा सङ्ख्यापत्तीका सेटहरू)



खेल्न सजिलो पार्न (टेबल, सुकुल वा फराकिलो चउर)

### सावधानी


- भौतिक रूपमा हानि हुने सम्भावना छैन ।
- प्राप्त पत्तीबाट सबभन्दा ठूलो सङ्ख्या बनाएको यकिन गर्नु जरुरी छ, नत्र खेलबाट अपेक्षित फाइदा लिन सकिन्न ।

### खेलमा विविधता

- विद्यार्थीको सङ्ख्या अनुसार सानो-ठूलो समूहमा खेलाउने, तर धेरै ठूलो समूहमा खेलाउँदा सङ्ख्याको तुलना गर्ने कार्य कठिन बन्न पुग्छ ।
- विद्यार्थीको स्तर अनुसार २-२ पत्ती वा ४-४ पत्तीको खेल खेलाउन सकिन्छ ।

*शिक्षा तथा खेलकुद मन्त्रालयका उपसचिव थपलिया शैक्षिक जनशक्ति विकास केन्द्रले गणित शिक्षकलाई दिँदैआएको तालिमका प्रशिक्षक समेत हुनुहुन्छ ।*

# बाल संसारका केही प्रकाशनहरू



## बनचरा

काठका तस्करहरू अपराधी हुन्, जो काठ चोर्ने अपराध गर्छन् । उनीहरू रूख काट्छन् र यसो गरेर जङ्गल मास्ने काम गर्दछन् । जङ्गल मासियो भने जीवजन्तु मासिन्छन् । प्राकृतिक वातावरण खल्बलिन्छ । अनि मानवसभ्यताको जग हल्लिन्छ । त्यसैले जन्म भयो बनचराको, जो एक्लो पहरेदार बन्यो जङ्गलको । नेपाली भाषामा 'कमिक्स' शैलीको पहिलो बालपुस्तक हो 'बनचरा' ।


मूल्य रु. ४५/–




## माशाको पिराहा तकिया

सानी केटी माशालाई आफ्नो न्यानो र नरम ओछ्यान मन परेन । धेरै मानिसलाई आफूसित भएको कुरा मन पर्दैन । आफ्नो चीज नराम्रो लाग्छ । तर नराम्रो ठानेर आफ्नो चीजलाई मिल्काउँदैमा नभएको कुरा पाइँदैन । आफूसित भएको चीज पो आफ्नो हो । त्यसैले मानिसले आफ्नो चीजको गुन चिन्न सक्नुपर्छ । माशाले पनि आखिरमा आफ्नो ओछ्यानको गुन थाहा पाई । उसको जस्तो न्यानो र नरम ओछ्यान अरूको कहाँ हुनु !


मूल्य रु. ३०/–




मूल्य रु. ३५/–

## रूसी महावीरहरूको कथा


प्राचीन रूसी राज्यहरू कीभ र नोभगोरोदसित सम्बन्धित यी लोकगाथाहरूमा रूसी महावीरहरूको पराक्रम एवं वीरताको बखान पाइन्छ । खुँखार डाँकू मानवभक्षी दैत्य र उड्ने शक्ति भएको तीनटाउके अजिङ्गरहरूलाई परास्त गरी तिनको अत्याचारबाट रूसी जनतालाई मुक्ति दिने इल्या मुरोमेत्स, दोब्रीन्या निकीतिच र आल्योशा पोपोभिचजस्ता नायकहरूको पौरख कथा रमाइला र प्रेरणादायी छन् ।




मूल्य रु. ९०/–

## नीला डल्फिनहरूको टापु

प्रशान्त महासागरमा अवस्थित ठूलो माछाजस्तो आकारको एउटा टापुमा कुनै समय आदिवासी इन्डियनहरू बस्थे । सन् १८३५ मा त्यहाँका पूरै बासिन्दा जहाज चढेर अन्यत्र बसाइँ सर्दा एउटी किशोरीचाहिँ टापुमा अलपत्र छाडिन गई । त्यसरी छाडिएकी त्यो केटी अठार वर्षसम्म त्यस निर्जन टापुमा अनेक दुःख र कष्ट झेल्दै एक्लै बस्न बाध्य भई । 'नीला डल्फिनहरूको टापु' कराना नामकी त्यस केटीले जिउँदो रहनका लागि गरेको अद्भुत सङ्घर्षको मर्मस्पर्शी कथा हो ।




मूल्य रु. ६५/–

## जहाजी सिन्दबाद

'जहाजी सिन्दबादको कथा' विश्वप्रसिद्ध कथा शृङ्खला 'अरबका रातहरू' कै एउटा कडी हो । सिन्दबादका कथाहरूले विश्वसाहित्यमा एउटा छुट्टै र विशिष्ट स्थान ओगटेका छन् । सात–सात पटकको समुद्री यात्राको सिलसिलामा सिन्दबादले भोग्नुपरेका अनौठा र विस्मयकारी घटनाक्रमका बयान पढ्दा के वयस्क र के बालक सबैले रोमान्च र कौतुहलका साथै आनन्दको अनुभूति गर्दछन् ।

बाल संसार
हिमाल एसोसिएसन
पाटनढोका, ललितपुर
फोन नं. ५५४२५४४/२१२०३२१

25 Years
EKTA BOOKS
1982 IN SERVICE OF EDUCATION 2007

# Ekta Books takes pride in declaring the Successful Completion of 25 Years of Service to Education!

Ekta Books has been sincerely serving millions of readers in Nepal as an independent publishing house and distributor for publishers of international repute.



*Our New Showroom*

Ekta Books is the choice of authors and readers alike. It is the best and the largest educational store in the country and a treasury of knowledge spread across 36 thousand sq. feet. Expansion in Asia is gradually becoming a reality. The evidence is the establishment of Ekta Book House (P) Ltd., Siliguri, West Bengal, India.




*Our Corporate Office Building*

***Just lose yourself amongst the mighty minds of old and new.***

EKTA

**EKTA BOOKS DISTRIBUTORS P. LTD.**

**PUBLISHERS AND DISTRIBUTORS**

Prashutigriha Marga, Thapathali
GPO Box: 6445, Kathmandu, Nepal
Phone: 4260482, 4262091, Showroom: 4245787, 4230729
email: <ektabook@mos.com.np>, web: www.ektabooks.com